सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१० फागुन २०८२, आइतबार (22 Feb 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३०४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

टोल-टोलमा विकासको गफ, खोलामा यस्तो छ पुलको हालत

ठेक्का लागेको ११ वर्षसम्म पुलको पिलर मात्रै



दुई वर्षमा बनाउनुपर्ने पुल सात वर्षसम्म नबनेपछि ठेक्का तोडियो, तर तोडिएको चार वर्षसम्म पनि आह्वान गरिएन नयाँ ठेक्का

स्थानीय शम्भु यादवले भने- **अघिल्लो वर्ष बर्खामा रमशिस यादवलाई विषालु सर्पले टोक्यो। एम्बुलेन्स आउन पुल नहुँदा समयमै उपचारका लागि अस्पताल पुऱ्याउन सकिएन। हेर्दाहेर्दै उनको ज्यान गयो।**

सप्तरीमा **सौरभ यादव**

प्रतिनिधिसभा निर्वाचनमा मत माग्दै दल र उम्मेदवार टोल-टोलमा पुगेर विकासको 'गफ' हानिरहेका छन्। तर, वर्षौंदेखिका अधुरा आयोजनाले तीन दल र उम्मेदवारलाई गिज्याइरहेका छन्। एउटा ज्वलन्त उदाहरण हो, सप्तरीको राजगढ गाउँपालिका- ६ को मुतनी नदीमा ठेक्का लागेको ११ वर्षसम्म पनि बन्न नसकेको पुल।

राजगढका बरहादी र बनैनियाँ गाउँ जोड्ने पुल निर्माणका लागि ०७१ मै करसहित दुई करोड ५१ लाख ७० हजारमा ठेक्का लागेको थियो। काठमाडौंको नीलगिरि कन्स्ट्रक्सनले दुई वर्षभित्र अर्थात् ३१ असार ०७३ सम्म पुल तयार पार्ने गरी ठेक्का पाएको थियो। तर, पटक-पटक म्याद थप्दा पनि सात वर्षमा दुईतर्फ पिलर उठाउनेबाहेक काम नगरेपछि सडक डिभिजन कार्यालय लहानले १५ वैशाख ०७८ मा ठेक्का नै रद्द गरेको थियो। २३ मंसिर ०७८ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्

» पृष्ठ २ मा क्रमशः

सुरक्षाकर्मी र कर्मचारीले मत दिन पाउँछन् कि पाउँदैनन् ?

● **नारायणप्रसाद भट्टराई**
प्रवक्ता, निर्वाचन आयोग

असन्न निर्वाचनमा खटिने कर्मचारी र सुरक्षाकर्मीले समानुपातिकतर्फ मतदान गर्न सक्नेछन्। उनीहरूले आफू खटिएकै ठाउँमा मतदान गर्न सक्छन्। त्यसका लागि आवश्यक सबै प्रबन्ध तयार गरिएको छ।

टेकराज थामी/नयाँ पत्रिका

२१ फागुनको निर्वाचनमा चुनावी प्रयोजनका लागि खटिने सुरक्षाकर्मी र कर्मचारीले खटिएकै स्थानबाट मतदान गर्न पाउनेछन्। तर, उनीहरूलाई समानुपातिक प्रणालीतर्फ मात्रै यस्तो मताधिकार दिइएको छ। सुरक्षाकर्मी र कर्मचारी गरी निर्वाचनमा पाँच लाख ५१ हजार ८९० कर्मचारी खटिँदै छन्।

निर्वाचन आयोगका अनुसार आसन्न निर्वाचनका लागि मुलुकभर १० हजार ९६७ निर्वाचनस्थल निर्धारण गरिएका छन्। जसमा २३ हजार ११२ निर्वाचन केन्द्र छन्। ती केन्द्रको व्यवस्थापन गर्न निजामतीतर्फका कर्मचारी मात्रै दुई लाख १३ हजार खटिँदै छन्। त्यस्तै, नेपाल प्रहरी, सशस्त्र प्रहरी, निर्वाचन प्रहरी र नेपाली सेना गरी तीन लाख ३८ हजार ८९० जना खटिँदै छन्। उनीहरूले खटिएकै निर्वाचनस्थलमा समानुपातिकतर्फ मात्रै मतदान गर्न सक्ने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए। 'आसन्न निर्वाचनमा खटिने कर्मचारी र सुरक्षाकर्मीले समानुपातिकतर्फ मतदान गर्न सक्नेछन्। उनीहरूले आफू खटिएकै ठाउँमा मतदान गर्न सक्छन्। त्यसका लागि आवश्यक सबै प्रबन्ध तयार गरिएको छ,' उनले भने।

आयोगका अनुसार निर्वाचमा खटिने कर्मचारी र सुरक्षाकर्मीको तथ्यांक संकलन भइसकेको छ। उनीहरू खटिने निर्वाचनस्थलको विवरण र संख्या पनि निर्धारण भइसकेको छ। आयोगले सोहीअनुसार उनीहरूको मतदाता नामावली तयार गरेर खटिने निर्वाचनस्थलमै पठाएको छ। निर्वाचनका क्रममा

» पृष्ठ २ मा क्रमशः

■ चुनावमा ५,५१,८९० सुरक्षाकर्मी र कर्मचारी परिचालित



● नेपाली सेना
७९ हजार ७२७



● नेपाल प्रहरी
७५ हजार ४९७



● सशस्त्र प्रहरी
३४ हजार ५७६



● राष्ट्रिय अनुसन्धान विभाग
१ हजार ९२१



● निर्वाचन प्रहरी
१ लाख ४९ हजार ९०



● निजामती कर्मचारी
२ लाख १३ हजार

■ चुनावमा खटिनेबाहेकका कर्मचारीले पनि कार्यक्षेत्रबाटै समानुपातिकमा गर्न पाउँछन् मतदान

निर्वाचनमा प्रत्यक्ष खटिनेले मात्रै होइन, अप्रत्यक्ष खटिने सरकारी कर्मचारीले कार्यक्षेत्रबाटै समानुपातिकमा मतदान गर्न पाउँछन्। उनीहरूका लागि आयोगले पायक पर्ने ठाउँमा अस्थायी मतदानस्थल खडा गरिदिन्छ। उनीहरूको पनि मतदाता नामावली तयारी गरेको र सोहीअनुसार स्थायी मतदानस्थल निर्धारण गरेको आयोगले जनाएको छ। उनीहरूको मतदाता नामावली सम्बन्धित मतदानस्थलमै पुग्नेछ। निर्वाचन अधिकृतले सोही नामावली हेरेर मतपत्र दिनेछन् र कर्मचारीले मतदान गर्न सक्नेछन्।

विशेषगरी भिभिआइपी र भिआइपी स्थलको सुरक्षामा खटिने सुरक्षाकर्मी, सम्बन्धित सुरक्षा निकायको प्रधान कार्यालय, प्रदेश तथा जिल्ला कार्यालय, कारागार, बैंक, विमानस्थल, राष्ट्रिय निकुञ्ज, ठुला जलविद्युत् आयोजनालगायत निकायमा खटिने सुरक्षाकर्मीले यो सुविधा उपभोग गर्न सक्नेछन्। त्यस्तै, निर्वाचन आयोग, सिंहदरबार, प्रदेश तथा जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीले पनि तोकिएको अस्थायी निर्वाचनस्थलमा पुगेर मतदान गर्न सक्नेछन्। आयोग प्रवक्ता भट्टराईले भने, 'निर्वाचनका क्रममा प्रत्यक्ष खटिने कर्मचारीले मात्रै होइन, उनीहरूलाई सपोर्ट दिने गरी खटिने कर्मचारी र सुरक्षाकर्मीले पनि समानुपातिकतर्फ मतदान गर्न सक्छन्। उनीहरूका लागि पायक पर्ने ठाउँमा अस्थायी मतदानस्थल खडा गरिनेछ, मतदाता नामावली सोही ठाउँमा पुग्नेछ।'

अन्तरजिल्ला मतदान र विदेशका नेपालीलाई मताधिकार योपटक पनि बहसमै सीमित

जेन-जी आन्दोलनपछि जोडतोडले एउटा विषय उठेको थियो- विदेशमा रहेका मतदातालाई पनि मतदानको अधिकार दिलाउने र देशभित्रै फरक जिल्लामा रहेकालाई पनि सोही ठाउँबाट समानुपातिकतर्फ भोट हाल्ने व्यवस्था मिलाउने। त्यसो त यो विगतका निर्वाचनदेखि नै उठेका सवाल हुन्। तर, यसपालि पनि अन्तरजिल्ला र विदेशमा रहेकाहरू मतदानबाट वञ्चित हुँदै छन्। वैदेशिक रोजगार, अध्ययन तथा अन्य प्रयोजनका लागि करिब ४० लाख नेपाली विदेशमा छन्। मताधिकारका लागि उनीहरूले विगतदेखि नै आवाज उठाउँदै आएका छन् भने राजनीतिक दलले आश्वासन दिँदै आएका छन्। जेन-जी आन्दोलनपछि बनेको सरकारले यो अधिकारमाथि थप वकालत गऱ्यो। तर, कानुन संशोधनदेखि अन्य प्राविधिक जटिलता रहेकाले यसपालि सम्भव नभएको निर्वाचन आयोगले जनाएको छ।

समानुपातिकमा कैदीबन्दीको पनि साढे ६ हजार मत

विगतझैं यसपटक पनि कैदीबन्दीले समानुपातिकमा मतदान गर्न पाउँछन्। आयोगका अनुसार सम्बन्धित कारागारमै उनीहरूका लागि मतदान गर्ने व्यवस्था हुनेछ। मुलुकभरका ७४ कारागारमा हाल २५ हजार ९७३ कैदीबन्दीमध्ये करिब २५ प्रतिशतको मात्रै मतदाता नामावलीमा नाम रहेको कारागार व्यवस्थापन विभागले जनाएको छ। यस आधारमा ६ हजार पाँच सयजति मतदाता कारागारमा रहेको देखिन्छ। अधिकांश कैदीबन्दीमा कसैको नागरिकता नै नभएको, कतिपयले मतदाता नामावलीमा नाम दर्ता गर्न अनिच्छा देखाएको विभागले जनाएको छ।

मतपेटिका लैजान बरफ फुटाउँदै सुरक्षाकर्मी



मनाङ सदरमुकाम चामे हुँदै नार्पाभूमितर्फ जाने बाटोमा सडकको बरफ पन्छाउन चार दिनदेखि सुरक्षाकर्मी खटिएका छन्।

(विस्तृत पृष्ठ ३)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

रौतहटमा सामाजिक सद्भाव बिथोलिने चिन्ता

गौरमा अनिश्चितकालीन कर्फ्यु, जनमत पार्टीका जिल्ला संयोजक पक्राउ

रौतहटमा **अशोक पहाडी**

रौतहट सदरमुकाम गौरमा दुई समुदायबिच भएको विवाद झडपको स्थितिमा पुगेपछि चुनावका वेला सामाजिक सद्भाव बिथोलिने चिन्ता बढेको छ। स्थितिलाई सामान्य अवस्थामै फर्काउन जिल्ला प्रशासन कार्यालयले गौरमा कर्फ्यु लगाएको छ भने सडकमा सेनासमेत परिचालन गरिएको छ।

समाजिक सद्भाव भड्काउन भूमिका खेलेको आरोपमा प्रहरीले जनमत पार्टीका जिल्ला संयोजक शेख जमसेदलाई पक्राउसमेत गरेको छ। शेख गौर नगरपालिका- ६ का पूर्वअध्यक्षसमेत हुन्। बिहीबार राति पौने १० बजेतिर

» पृष्ठ २ मा क्रमशः


■ मधेशमा सुरक्षा चुनौती बढेको निष्कर्ष

एआइजी उमाप्रसाद चतुर्वेदीलाई समन्वयको जिम्मेवारी

केन्द्रीय सुरक्षा समितिको शनिबारको बैठकले सुरक्षा चुनौती बढेको निष्कर्ष निकालेसँगै गृहले



मधेशमा समन्वय गर्न एआइजी उमाप्रसाद चतुर्वेदीलाई खटाउने निर्णय गरेको छ। चतुर्वेदीले चुनाव अवधिभर सुरक्षा संयन्त्रबिच समन्वय गर्ने, आवश्यक सूचना संकलन गर्ने र सोहीअनुसार रणनीति बनाएर काम गर्नेछन्। चतुर्वेदी मधेशलाई बुझेका सुरक्षा अधिकारी मानिन्छन्।



राजनीतिक दलले बिर्सिए भुटानी शरणार्थी मुद्दा

शरणार्थीको स्वदेश फिर्ता, तेस्रो मुलुक पुनर्वास र दीर्घकालीन समाधानबारे भावी सरकारको नेतृत्व लिने दौडसहित चुनावमा उत्रेका दलहरूको घोषणापत्रमा न मुद्दा न प्रतिबद्धता



दमक- ३ स्थित भुटानी शरणार्थी शिविर। शिविरहरूमा ६ हजार ३६५ शरणार्थी छन्।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

तीन दशकदेखि कूटनीतिक अल्झनमा परेको भुटानी शरणार्थीको स्वदेश फिर्ता मुद्दा पछिल्ला वर्षमा राजनीतिक दलहरूको घोषणापत्रबाट हराएको छ। ०६४ को संविधानसभा निर्वाचनसम्म प्रमुख दलहरूले शरणार्थी फिर्ताको प्रतिबद्धता जनाए पनि त्यसयताका निर्वाचन घोषणापत्रमा यो विषय समेटिएको छैन। २१ फागुनको निर्वाचनका लागि दलहरूले हालै जारी गरेका घोषणापत्रमा भुटानी शरणार्थी मुद्दा सम्बोधनबारे बोलिएको छैन।

» पृष्ठ २ मा क्रमशः

प्रमुख दलहरूले मौनता साध्नु उपयुक्त होइन

परराष्ट्र मामिला जानकार एवं पूर्वराजदूत डा. दिनेश भट्टराई भन्छन्-



भुटानी शरणार्थी मुद्दा नेपालको राष्ट्रिय सुरक्षासँग जोडिएको संवेदनशील विषय हो। यति संवेदनशील राष्ट्रिय सुरक्षाको विषयमा प्रमुख दलहरूले नै मौनता साध्नु उपयुक्त होइन।

वार्तालाई निरन्तरता दिनुपर्छ वा समाधान नहुने घोषणा गर्नुपर्छ

निर्वासित भुटान पिपुल्स पार्टीका अध्यक्ष बलराम पौडेल भन्छन्-



पूर्वी नेपालमा भुटानी शरणार्थी छन् भन्ने सबैलाई थाहा छ। दमक घर भएका प्रधानमन्त्री (केपी ओली) को प्राथमिकतामा यो मुद्दा परेको अनुभूति भएन। युवा पुस्ताको नेतृत्वमा सरकार गठन भए समस्या समाधानका लागि पहल हुन सक्छ कि ? नेपाल-भुटान वार्तालाई निरन्तरता दिनुपर्छ वा वार्ताबाट समाधान नहुने घोषणा गर्नुपर्छ।

मधेशमा सुरक्षा चुनौती बढेको निष्कर्ष

एआइजी चतुर्वेदीलाई समन्वयको जिम्मेवारी

नयाँ पत्रिका

मधेशमा बढ्दो सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै सरकारले एआइजी उमा चतुर्वेदीलाई विशेष जिम्मेवारी दिएर खटाउने निर्णय गरेको छ। गृह मन्त्रालयमा शनिबार बसेको केन्द्रीय सुरक्षा समिति बैठकले सुरक्षा चुनौती बढेको निष्कर्ष निकालेसँगै गृहले उक्त क्षेत्रमा समन्वय गर्न एआइजी चतुर्वेदीलाई खटाउने निर्णय लिएको हो।

चतुर्वेदीले चुनाव अवधिभर सुरक्षा संयन्त्रबिच समन्वय गर्ने, आवश्यक सूचना संकलन गर्ने र सोहीअनुसार रणनीति बनाएर काम गर्नेछन्। चतुर्वेदी मधेशलाई बुझेका सुरक्षा अधिकारी मानिन्छन्। तराईमा राजनीतिक दल र तीनका उम्मेदवारलक्षित नाराबाजी, झन्डा जलाउनेदेखि कार्यालय तोडफोड र झडपका घटना हुन थालेका छन्। रौतहटको गौरमा त स्थिति नियन्त्रणमा लिन सेना नै परिचालन गरिएको छ।

गृह मन्त्रालयका सूचना अधिकारी रमा आचार्यले बैठकमा तराई क्षेत्रमा देखिएको सुरक्षा चुनौतीका सम्बन्धमा छलफल भएको बताइन्। नजिकँदो निर्वाचनसँगै बढ्दै गएको सुरक्षा चुनौती विश्लेषण गरी आवश्यक रणनीति अख्तियार गर्न बैठक बसेको हो। उनका अनुसार बैठकमा विशेषगरी तराई र हिमाली क्षेत्रको सुरक्षा चुनौतीबारे छलफल भएको छ। हिमाली क्षेत्रमा मौसमले सुरक्षा चुनौती बढाएको छ।

'नजिकिँदो निर्वाचनलक्षित बैठक बस्नु नियमित प्रक्रिया नै हो। बैठकमा तराईको समग्र सुरक्षको स्थिति बुझ्ने काम भएको छ। गौर घटनाका सम्बन्धमा पनि छलफल भएको छ,' उनले भनिन्, 'साथै, निर्वाचनका क्रममा हुने आपराधिक गतिविधिमा संलग्न जो-कोहीलाई कारबाही गर्नेबारे छलफल भएको छ।

भारतबाट फर्कने नेपालीलाई सहजीकरण गर्न गृह मन्त्रालयको निर्देशन

काठमाडौं/ २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा मतदानका लागि भारतबाट स्वदेश फर्कने नेपाली नागरिकलाई सीमानाकामा सहजीकरण गर्न गृह मन्त्रालयले निर्देशन दिएको छ। शुक्रबार जिल्ला प्रशासन कार्यालयहरूलाई परिपत्र जारी गर्दै मन्त्रालयले छिमेकी देशका समकक्षीसँग समन्वय बढाई आवागमनलाई सहज बनाउन निर्देशन दिएको हो।

भारतमा रोजगारी गर्दै आएका नेपाली मतदानका लागि स्थलमार्ग हुँदै ठुलो संख्यामा स्वदेश फर्कने अनुमान गृह मन्त्रालयले गरेको छ। सीमा क्षेत्रमा चोरी, ठगी तथा लुटपाटका घटना हुन सक्ने तथा चेकजाँचको बहानामा अनावश्यक सास्ती खेप्नुपर्ने सम्भावना रहेकाले उनीहरूको सुरक्षा र सम्मानमा विशेष ध्यान दिन मन्त्रालयले निर्देशन दिएको छ।

गृह मन्त्रालयकी सहायक प्रवक्ता रमा आचार्यका अनुसार सीमावर्ती जिल्लाका स्थानीय प्रशासनले आवश्यकताअनुसार छिमेकी देशका समकक्षीसँग बैठक तथा छलफल गरी आवागमनलाई सहज बनाउने गरी समन्वय गर्नुपर्नेछ। 'निर्वाचनमा सहभागी हुन स्वदेश फर्कने नेपाली नागरिकलाई नाकामा कुनै दुःख नहोस् भन्ने हाम्रो उद्देश्य हो,' उनले भनिन्।

सीमाको सुरक्षामा खटिएको सशस्त्र प्रहरी बललाई पनि प्रधान कार्यालयले स्वदेश फर्कने मतदातालाई सहजीकरण गर्न निर्देशन दिएको छ। निर्वाचनको ४८ घण्टाअघिदेखि सीमानाका बन्द हुने प्रावधान रहेकाले भारतीय समकक्षीसँग समन्वय गरी परिचयपत्रका आधारमा नेपाली



नागरिकलाई स्वदेश प्रवेश गर्न दिन निर्देशन दिइएको एक उच्च सशस्त्र प्रहरी अधिकारीले बताए।

सीमानाकामा भारतीय सशस्त्र सीमा बल (एसएसबी)बाट नेपाली नागरिकले कहिलेकाहीं अपमानजनक व्यवहार भोग्नुपर्ने गुनासा आउने गरेका छन्। साथै केही आपराधिक समूहबाट लुटपाट तथा ठगीका घटना हुने जोखिम रहेकाले सुरक्षा निकायलाई विशेष सतर्कता अपनाउन पनि निर्देशन दिइएको छ।

पालिकाको करोडौं बजेट पार्टीको प्रतिष्ठानमार्फत दुरुपयोग

रौतहटको मौलापुर, कटहरिया, फतुवा विजयपुर तथा देवानी गानाही नगरपालिकाद्वारा ६ वर्षदेखि तराई मधेश जनयुद्ध सहिद स्मृति प्रतिष्ठानलाई नियमित रूपमा बजेट

नयाँ पत्रिका

पार्टीले सञ्चालन गरेको प्रतिष्ठानलाई तराईका केही पालिकाले करोडौं बजेट दिएका छन्। यसरी प्रतिष्ठानमार्फत जनताको करको पैसा बेपरबाह खर्च भएको छ।

रौतहटका चार पालिकाले मात्र तराई मधेश जनयुद्ध सहिद स्मृति प्रतिष्ठानलाई पछिल्लो ६ वर्षयता नियमित रूपमा बजेट उपलब्ध गराउँदै आएका छन्। सो प्रतिष्ठान आम जनता पार्टीका अध्यक्ष प्रभु साहले चलाउँदै आएका छन्। साह आफैं प्रतिष्ठानको अध्यक्ष छन् भने पदाधिकारी पनि सबै उनका पार्टीका नेता छन्।

महालेखा परीक्षकको कार्यालयबाट प्राप्त विवरणअनुसार चार पालिकाले मात्र प्रतिष्ठानलाई करिब १३ करोड रुपैयाँ दिइसकेको देखिन्छ। रौतहटको मौलापुर, कटहरिया, फतुवा विजयपुर तथा देवानी गानाही नगरपालिकाले सो प्रतिष्ठानलाई बजेट दिएका छन्। मौलापुरले कम्तीमा चार करोड ६२ लाख, कटहरियाले तीन करोड आठ लाख ४२ हजार ५६०, फतुवा विजयपुरले दुई करोड २६ लाख १४ हजार र देवाही गोनाहीले तीन करोड ६ लाख रुपैयाँ प्रतिष्ठानमार्फत खर्च गरिसकेको र थप बजेट खर्च हुने क्रममा छ। स्रोतका अनुसार ईशनाथ नगरपालिकाबाट पनि प्रतिष्ठानलाई केही बजेट दिइएको छ।

प्रतिष्ठानलाई दिइएको बजेटमाथि महालेखाको प्रश्न

प्रतिष्ठानलाई दिइएको बजेटमाथि महालेखाले हरेक वर्ष प्रश्न उठाउँदै आएको छ। स्रोतका अनुसार यस्तो बजेट पार्टीनिकट कार्यकर्तालाई तथा अन्य जनतालाई प्रभाव पार्न खर्च हुँदै आएको छ। विषयसमेत नखुलाई यसरी गैरसरकारी संस्थालाई अनुदान दिइएको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

मौलापुर नगरपालिकाबारे महालेखाको प्रतिवेदन (०७७/७८)मा भनिएको छ, 'आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्च बिल-भर्पाईसमेतको लेखा राख्नुपर्ने र भुक्तानी दिँदा नियम ३६ (८) बमोजिम रित पुगे-नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले गैरसरकारी संस्था तराई मधेश जनयुद्ध सहिद स्मृति प्रतिष्ठानलाई केबापत अनुदान दिएको हो, कार्यक्रमको प्रस्ताव कार्ययोजना नलिई र बिल-भर्पाई तथा अनुगमन र कार्य मूल्यांकनबेगर सिधै कार्यपालिकाको निर्णयका आधारमा अनुदान भनी गैरसरकारी संस्था तराई मधेश जनयुद्ध सहिद स्मृति प्रतिष्ठानलाई ८५ लाख भुक्तानी दिएकाले उल्लेखित कानुनअनुसार खर्चको भर्पाई, अनुगमन, लेखापरीक्षण प्रतिवेदन र कार्यमूल्यांकन पेस गर्नुपर्ने।' तर, नगरपालिकाले यस्तो सुझावको बेवास्ता गर्दै हरेक वर्ष सो प्रतिष्ठानलाई अनुदान दिँदै आएको छ।

सो नगरपालिकाले आर्थिक वर्ष ०७५/७६ मा एक करोड १५ लाख, ०७६/७७ मा ७५ लाख, ०७७/७८ मा ९१ लाख, ०७८/७९ मा ८५ लाख, ०७९/८० मा ३६ लाख, ०८०/८१ मा ३० लाख र ०८०/८१ मा ३० लाख रुपैयाँ अनुदान दिएको छ। सो नगरपालिकाको मेयरमा आम आदमी पार्टीका अध्यक्ष साहकी पत्नी रिनाकुमारी साह छिन्। ०७४ देखि उनी त्यहाँ निरन्तर मेयर छिन्। ०७९ को निर्वाचनमा उनी एमालेबाट विजयी भएकी हुन्। हाल आम जनता पार्टीमा सक्रिय छिन्। प्रतिष्ठानलाई अनुदान दिएको विषयमा आफूलाई जानकारी नभएको उनको दाबी छ।

त्यस्तै, कटहरियाले पनि ०७५/७६ देखि नै अनुदान दिन थालेको थियो। ०७५/७६ मा ७५ लाख, ०७६/७७ मा ८५ लाख, ०७७/७८ मा ३० लाख, ०७८/७९ मा ८५ लाख तथा ०७९/८० मा ३३ लाख ४२ हजार ५६० रुपैयाँ अनुदान दिएको थियो। ०७९ सम्म पालिकामा प्रभु साहनिकट सीतारामप्रसाद कुसवाह मेयर थिए। हाल उनी आम जनता पार्टीमा छन्।

हालका मेयर अजय प्रकाश आफू आएयता सो प्रतिष्ठानलाई अनुदान नदिएको बताउँछन्। 'हाम्रो नगरपालिकाबाट सो प्रतिष्ठानलाई पहिला अनुदान दिइएको रहेछ,' उनी भन्छन्, 'अहिले हामीले त्यसरी जथाभावी दिएका छैनौं।'

फतुवा विजयपुरले तीन आर्थिक वर्षमा अनुदान दिएको भेटिएको छ। ०७५/७६ मा एक करोड २२ लाख, ०७६/७७ मा ६५ लाख १४ हजार तथा ०७७/७८ मा ३९ लाख रुपैयाँ प्रतिष्ठानलाई अनुदान दिएको छ।

देवाही गोनाही नगरपालिकाले ०७६/७७ मा ७५ लाख, ०७७/७८ मा एक करोड ११ लाख, ०७८/७९ मा ३० लाख र ०७८/७९ मा ९० लाख दिएको विवरण छ। सो नगरपालिकाका मेयर प्रेमलाल साह कानु सो नगरपालिकाको अनुदान आफू आउनुभन्दा अघिको भएकाले विस्तृत बुझ्न मात्र भन्न सकिने बताउँछन्।

सो प्रतिष्ठानले मौलापुरमा भवनसमेत बनाइरहेको छ। भवन पनि सरकारी अनुदानमै निर्माण भइरहेको स्रोत बताउँछ। प्रतिष्ठानले संघ र प्रदेश सरकारबाट पनि अनुदान लिँदै आएको छ।

नेता साहले प्रतिष्ठानको अनुदान र खर्चको विषयमा बुझ्न खोज्दा सम्पर्कमा आउन चाहेनन्। प्रतिष्ठानमा आबद्ध कटहरियाका पूर्वमेयर सीताराम्प्रसाद कुसवाहले सार्वजनिक गरेको विवरणअनुसार २८ हजार परिवारलाई ग्यासचुलो वितरण गरिएको छ। त्यस्तै, १४ हजार छात्रालाई साइकल वितरण गरिएको छ। यसरी पालिकाको बजेट पार्टीको प्रतिष्ठानबाट लगेर यसरी वितरण गर्नु दुरुपयोग भएको आरोप अन्य पार्टीले लगाउँदै आएका छन्।

कुन पालिकाबाट कति ?

पालिका	अनुदान रकम
मौलापुर	४ करोड ६२ लाख
कटहरिया	३ करोड ८४ लाख
देवाही गोनाही	३ करोड ६ लाख
फतुवा विजयपुर	२ करोड २६ लाख

निर्वाचन आयोगको निष्पक्षतामाथि एमालेले उठायो प्रश्न

काठमाडौं/ एमालेले निर्वाचन उल्लंघन कार्यप्रति निर्वाचन आयोगको उदसीनता र शैलीप्रति प्रश्न उठाएको छ। पार्टी केन्द्रीय कार्यालयमा शनिबार पत्रकार सम्मेलन गर्दै एमालेले आचारसंहिता उल्लंघन हुँदा पनि आयोगले रोक्ने काममा तदरुकता नदेखाएकोमा आरोप लगाएको हो।

'निर्वाचन आचारसंहिताको गम्भीर उल्लंघन हुँदै आएको छ। अमुक पार्टी र त्यसका नेतृत्वको तस्बिर, चिह्नअंकित टिर्सटहरू होली पर्वको मौका छोपी वितरण गरिनु त्यसका उदाहरण हुन्,' पत्रकार सम्मेलनमा केन्द्रीय प्रचार संयोजक मीनबहादुर शाहीले भने, 'निर्वाचन उल्लंघन कार्यप्रति निर्वाचन आयोगको उदसीनता र शैलीप्रति एमाले गम्भीर आशंका व्यक्त गर्दछ।'

यस्तै, एमालेले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले निर्वाचन भाँड्न खोजिरहेको आरोपसमेत लगाएको छ। दाडलगायत जिल्लामा रास्वपाले अरू पार्टीहरूको झन्डा जलाउने, मतदाता र अन्य पार्टीका उम्मेदवारलाई अभद्र व्यवहार गर्नेजस्ता काम गरेको एमालेको आरोप छ। 'चुनावी परिणाम आफ्नो पक्षमा नआउने देखेपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) चुनाव भाँड्न खोज्दै छ। चुनाव भाँड्नका लागि देशका विभिन्न जिल्लामा दलहरूको झन्डा र चुनाव चिह्न जलाउने अभियान, अशान्ति फैलाउने काम गरेर रास्वपाले चुनाव भाँड्न खोजेको पुष्टि भएको छ,' शाहीले भने।

रास्वपाकै कारण निर्वाचन नजिकिँदै जाँदा मुलुकमा भय र त्रासको वातावरण सिर्जना भइरहेको पनि एमालेको दाबी छ। २१ फागुनको चुनावलाई एमालेले देश बनाउने र जलाउनेबिचको जनमतसंग्रहका रूपमा लिएको नेता शाहीले बताए। एमालेले देशमा शान्ति, सुरक्षा र अमनचयन कायम गरी निर्वाचनका लागि सहज वातावरण निर्माण गर्न सरकारसँग पुनः माग गरेको छ।

सुदूरपश्चिम, कर्णाली र कोशीमा पुग्यो मतपत्र

अन्य प्रदेशहरूमा ढुवानी जारी

काठमाडौं/ प्रतिनिधिसभाको २१ फागुनमा हुने निर्वाचनका लागि मतपत्र ढुवानी भइरहेको छ। मतपत्र छपाइ तथा प्याकिङ सकिइसकेको छ। निर्वाचन आयोगका अनुसार शुक्रबारसम्म सुदूरपश्चिम, कर्णाली र कोशी गरी तीन प्रदेशमा मतपत्र ढुवानी भइसकेको छ। अन्य प्रदेशहरूमा ढुवानी कार्य जारी रहेको सहायक प्रवक्ता सीता पुन श्रीसले बताइन्। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ७७ जिल्लाका १६५ निर्वाचन क्षेत्रका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छपाइ तथा प्याकिङ गरिएको छ। समानुपातिकतर्फ यसअघि नै दुई करोड आठ लाख ३० हजार मतपत्र जनक शिक्षा सामग्री केन्द्रले छापिसकेको छ। निर्धारित समयभित्रै सबै प्रदेशमा मतपत्र ढुवानी भइसक्ने पुनले बताइन्। उनका अनुसार मतपत्रबाहेक अन्य निर्वाचन सामग्री ढुवानी सम्पन्न भइसकेको छ।

सुरक्षाकर्मी...

पृष्ठ १ बाट क्रमशः

निर्वाचन अधिकृतले सोही नामावली परीक्षण गरी कर्मचारी र सुरक्षाकर्मीलाई समानुपातिकतर्फको मतपत्र उपलब्ध गराउनेछ र सोही आधारमा उनीहरूले मतदान गर्न सक्नेछन्। 'निर्वाचनमा खटिने कर्मचारी र सुरक्षाकर्मीको तथ्यांक संकलन भएका छन्। उनीहरू खटिई जाने निर्वाचनस्थल पनि यकिन भएका छन्। सोहीअनुसार तयार भएको नामावली सम्बन्धित निर्वाचनस्थलमा पठाइनेछ र सोही आधारमा उनीहरूले मतदान गर्न सक्नेछन्,' आयोगका सूचना अधिकारी सुमन घिमिरेले भने।

चार हजार ६०० मतदानस्थल अतिसंवेदनशील

निर्वाचन आयोगले निर्वाचनका लागि हालसम्म मुलुकभर १० हजार ९६७ निर्वाचनस्थल निर्धारण गरेको छ। जसमा निर्वाचन केन्द्र २३ हजार ११२ निर्धारण भएका छन्। तर, सुरक्षा संयन्त्रले मुलुकभर ११ हजार ९०१ क्षेत्रलाई निर्वाचनस्थल मानेको छ। सोही आधारमा उनीहरूले सुरक्षा संवेदनशीलता विश्लेषण गरेका छन्। यस क्रममा कतिपय निर्वाचन केन्द्रलाई निर्वाचनस्थलकै हाराहारीमा सुरक्षाकर्मी खटाउनुपर्ने भएकाले यस्तो गरिएको हो। सोही कारण उनीहरूको तथ्यांकमा निर्वाचनस्थलको संख्या बढी हुन पुगेको हो। यस आधारमा अतिसंवेदनशील निर्वाचनस्थलको संख्या ४६ सय १४ पुगेको छ। जुन कुल मतदानस्थलको ३८.७६ प्रतिशत हो। त्यसमध्ये बागमती र मधेश प्रदेशको मात्रै क्रमशः एक हजार २८८ र एक हजार २४६ गरी कुल दुई हजार ५३४ छ। यो कुल अतिसंवेदनशील स्थलको ५४.९१ प्रतिशत हो।

अतिसंवेदनशीलमध्ये बाँकी ४५.०८ प्रतिशत अर्थात् दुई हजार ८० भने बाँकी प्रदेशका निर्वाचनस्थल छन्। जसअन्तर्गत उपत्यकामा १२, कोशीमा ४३९, गण्डकीमा ३२८, लुम्बिनीमा ४६२, कर्णालीमा ३५८ र सुदूरपश्चिममा ४८१ छन्। त्यस्तै, चार हजार ४४२ मतदानस्थल सुरक्षा चुनौती विश्लेषणका आधारमा संवेदनशील सूचीमा राखिएका छन्। जसमध्ये काठमाडौं उपत्यकामा २३७, कोशीमा ८२१, मधेसमा ७५५, बागमतीमा ४९७, गण्डकीमा ५७७, लुम्बिनीमा ७३८, कर्णालीमा ४२२ र सुदूरपश्चिममा ३९५ छन्। बाँकी दुई हजार ८४५ स्थल भने सामान्य छन्। बाँकी दुई हजार ८४५ मतदानस्थल भने सामान्य मानिएका छन्।

रौतहटमा...

पृष्ठ १ बाट क्रमशः

विवाहको जन्ती बौधिमाई नगरपालिका- ९, सरमुजवाबाट गौर- ६, सबगढातर्फ मस्जिदको बाटो हुँदै बाजा बजाउँदै जानेक्रममा स्थानीय दुई समुदायबिच विवाद भएको थियो। त्यतिवेलै ढुंगा हानाहान हुँदा ६ जना घाइते भएका थिए। भोलिपल्ट शुक्रबार दिनभर पनि झडप भएपछि प्रशासनले दुवै पक्षलाई राखेर ६ बुँदे सहमति गराएको थियो। तर, शनिबार पनि बिहानैबाट पुनः झडप निम्तिएपछि प्रशासनले कर्फ्यु लगाएको हो।

सद्भाव बिथोल्न जमसेदले भूमिका खेलेका केही प्रमाण भेटिएपछि उनलाई घरबाटै प्रक्राउ गरिएको प्रहरीले जनाएको छ। उनलाई जिल्ला प्रशासन कार्यालयमा उपस्थित गराइएको छ। शनिबार कर्फ्युअधिसम्म झडपमा दुई प्रहरीसहित आठजना घाइते भएको तथा सात मोटरसाइकल र एक जिप आगजनीबाट नष्ट भएको प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले बताए। झडप नियन्त्रणमा लिन प्रहरीले ५० थानभन्दा बढी अश्रुग्यास र दर्जनौं राउन्ड हवाई फायर गरेको थियो। 'अवस्था थप नबिग्रियोस् भनेर कर्फ्यु जारी गरेका छौं,' प्रजिअ भुसालले भने, 'व्यापक रूपमा सुरक्षाकर्मी परिचालन गरी स्थिति नियन्त्रणमा लिइएको छ।'

ठेक्का लागेको...

पृष्ठ १ बाट क्रमशः

कार्यालयमातहतको सार्वजनिक खरिद अनुगमन कार्यालयले ठेकेदार कम्पनीलाई तीन वर्षका लागि कालोसूचीमा राखेको थियो। त्यसयता पनि चार वर्ष बितिसकेको छ, तर नयाँ ठेक्का लगाइएको छैन।

सडक डिभिजन कार्यालय, सप्तरीका इन्जिनियर दिलीप साहले नयाँ ठेक्काका लागि स्रोत सुनिश्चितता हुन नसकेको बताए। 'नीलगिरि कन्स्ट्रक्सनले दुई वर्षमा तयार पार्ने भनेर ठेक्का लिए पनि सात वर्षसम्म दुईतर्फी पिलर उठाउनेबाहेक काम नगरेपछि १५ वैशाख ०७८ मै ठेक्का रद्द गरिएको हो। तर, नयाँ ठेक्का लगाउन सकिएको छैन,' उनले भने, 'नयाँ ठेक्का लगाउन स्रोत सुनिश्चितताका लागि सम्बन्धित निकायमा फाइल पठाइसकेको छु, स्रोत सुनिश्चित भएलगत्तै ठेक्का आह्वान हुन्छ।'

मुतनी नदीमा पुल नहुँदा स्थानीयका दुःख अनगिन्ती छन्। खासगरी बर्खायाममा बढी समस्या हुन्छ। पुल अभावका कारण समयमै अस्पताल पुऱ्याउन नसक्दा गत वर्ष बर्खामा सर्पले टोकेका रमशिस यादवको ज्यानै गएको थियो। 'अघिल्लो वर्ष बर्खामा रमशिस यादवलाई विषालु सर्पले टोक्यो। एम्बुलेन्स आउन पुल नहुँदा समयमै उपचारका लागि अस्पताल पुऱ्याउन सकिएन। हेर्दाहेर्दै उनको ज्यान गयो,' स्थानीय शम्भु यादवले भने।

स्थानीय गणेश सुतिहारको गुनासो पनि उस्तै छ। तर, चुनावका बेला गाउँ आउने उम्मेद्वारले यही पुललाई मुख्य एजेण्डा बनाउने गरेको उनले बताए। 'गाउँमा कसैलाई सुत्केरी व्याथाले च्याप्दा होस् वा गम्भीर बिरामी पर्दा होस्, खोलामा पुल नहुँदा एम्बुलेन्स आउन सक्दैन,' उनले भने, 'तर, चुनावका बेला गाउँमा भोट माग्न आउने हरेक राजनीतिक दलका उम्मेद्वारले भने पुल निर्माणलाई मुख्य एजेण्डा बनाउने गरेका छन्। विगतमा पनि आश्वासन दिएका थिए, तर चुनावपछि फर्किएर आएनन्।'

भारतीय सिमावर्ती क्षेत्रको मुख्य सडक खण्डमा पर्ने यो पुल निर्माण हुन नसक्दा नदी छेवैमा रहेका विद्यालयमा अध्ययनरत बालबालिकालाई आवतजावतमै समस्या हुने गरेको छ। 'वर्षायाममा जिल्लाको दक्षिणी भेगका बासिन्दाका लागि पुलको आवश्यकता निकै खड्किने गरेको छ। खोलापारी नै विद्यालय छन्, बालबालिका आउजाउ गर्दा नदीमा डुब्ने हो कि भन्ने डरले असारदेखि असोजसम्म पढाईबाटै बञ्चित हुने परेको अवस्था छ,' स्थानीय कपलेश्वर सुतिहारले भने।

विष्णुपर गाउँपालिका अन्तर्गतको कन्कट्टा र राजगढ गाउँपालिकाअन्तर्गत पर्ने इनरवा, फकिरा, कुरनमा, बरदाही र बनैनियाँसँगै भारतका सीमावर्ती गाउँहरू भरफोडी, अन्धरामन्ठ, डकही, विक्रमशेर, छातापुर, लौकही, महादेवमन्ठलगायत जोड्ने बाटोअन्तर्गत पर्ने मुतनी नदीमा पुल निर्माण नहुँदा यस भेगका सर्वसाधारण दैनिक समस्या झेलिरहेका छन्। पुलका लागि दर्जनौंपटक सडक डिभिजन कार्यालय लहानदेखि काठमाडौंस्म्म धाए पनि सुनुवाई नभएको राजगढ गाउँपालिका- ६ का वडाध्यक्ष महमद ताहिर मंसुरीले बताए। 'वडाको बजेटले पुल बन्दैन, सम्बन्धित माथिल्ला निकायमा पटक-पटक भन्दा पनि सुनुवाई हुँदैन,' उनले भने।

राजनीतिक...

पृष्ठ १ बाट क्रमशः

हाल पूर्वी नेपालका बेलडाँगी र पथरी-शनिश्चरे शिविरमा करिब ६ हजार पाँच सयभन्दा बढी भुटानी शरणार्थी बसोबास गर्दै आएका छन्। ०६४ सम्मका घोषणापत्रमा उनीहरूको ससम्मान स्वदेश फिर्ताका लागि कूटनीतिक पहल गर्ने उल्लेख थियो। त्यसवेला कांग्रेसले आफ्नो घोषणापत्रमा 'नेपालमा रहेका भुटानी शरणार्थीको देश फर्कन पाउने हकको समर्थन गर्ने' उल्लेख गरेको थियो। एमाले, राप्रपा र तत्कालीन नेकपा माओवादी (हाल नेकपा)ले पनि वार्तामार्फत भुटान फिर्ता गराउने प्रतिबद्धता व्यक्त गरेका थियो।

तर, ०७० को संविधानसभा निर्वाचनदेखि पछिल्ला संसदीय निर्वाचनसम्म आइपुग्दा प्रमुख दलहरूले यो मुद्दा घोषणापत्रमा समेटेनन्। गणतन्त्र स्थापनापछि पनि सरकारहरूले शरणार्थी समस्या समाधानका लागि प्रभावकारी कूटनीतिक पहल नगरेको टिप्पणी हुने गरेको छ।

प्रधानमन्त्रीका तत्कालीन परराष्ट्र मामिला सल्लाहकार एवं पूर्वराजदूत डा. दिनेश भट्टराईले भुटानी शरणार्थी मुद्दा नेपालको संवेदनशील राष्ट्रिय सुरक्षासँग जोडिएको विषय भएको उल्लेख गर्दै दलहरूको मौनता आश्चर्यजनक भएको बताए। 'यति संवेदनशील राष्ट्रिय सुरक्षाको विषयमा दलहरूले मौनता साध्नु उपयुक्त होइन,' उनले भने।

उनले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले तेस्रो मुलुक पुनर्वास सन्दर्भमा दिएको अभिव्यक्ति उद्धृत गर्दै भने, 'शरणार्थीहरू भुटान फर्किन पाउनु उनीहरूको प्राकृतिक अधिकार हो। पहिला स्वदेश फर्किन पाउनुपर्छ, त्यसपछि इच्छाअनुसार तेस्रो मुलुक जान सकिन्छ।'

निर्वासित भुटान पिपुल्स पार्टीका अध्यक्ष बलराम पौडेलले पनि प्रमुख दलहरूले यो मुद्दा बिर्सेको भन्दै असन्तोष पोखे। 'पूर्वी नेपालमा भुटानी शरणार्थी छन् भन्ने सबैलाई थाहा छ। दमक घर भएका प्रधानमन्त्री (केपी ओली)को प्राथमिकतामा यो मुद्दा परेको अनुभूति भएन,' उनले भने। युवा पुस्ताको नेतृत्वमा सरकार गठन भए समस्या समाधानका लागि पहल हुन सक्ने अपेक्षा उनले व्यक्त गरे।

झापा बस्दै आएका भुटानी नेता पौडेलले नेपाल-भुटान वार्तालाई निरन्तरता दिन वा वार्ताबाट समाधान नहुने घोषणा गर्न सरकारलाई आग्रह गरे। 'त्यसपछि अरू विकल्प खुला हुन्थ्यो। सरकारले यो मुद्दा अड्काएर राख्न मिल्दैन,' पौडेलले भने।

शरणार्थीसम्बन्धी राष्ट्रसंघीय कार्यालय (युएनएचसिआर)ले सन् २०१६ मा जिम्मेवारी हस्तान्तरण गर्ने वेलासम्मको तथ्यांकअनुसार शिविरहरूमा ६ हजार ३६५ जना शरणार्थी स्वदेश फिर्तीको प्रतीक्षामा थिए। सन् २०१६ देखि तेस्रो मुलुक पुनर्वास प्रक्रिया पूर्ण रूपमा बन्द भएको छ।

युएनएचसिआरको सर्वेक्षणअनुसार नेपालमा रहेका करिब ३० प्रतिशत शरणार्थीले स्वदेश फर्कन चाहेको उल्लेख गरेका थिए। हाल शिविरमा रहेकामध्ये करिब पाँच सय शरणार्थीले नेपालमै विवाह गरेका छन्। उनीहरू नेपालमै बस्न चाहेका छन्।

नक्कली भुटानी शरणार्थी बनाएर मानव तस्करीका घटना सहतमा आएपछि यो विषय राष्ट्रिय-अन्तर्राष्ट्रिय चासोमा छ। 'शरणार्थीका भएको ठगी प्रकरणले भुटानको नियतलाई फाइदा पुग्यो, अदालतको फैसला आएपछि यसबारे पहल गर्न सजिलो होला। अहिले त भुटानलाई वार्ता गर्नौं भन्ने अवस्थामा पनि हामी छैनौं,' एकजना परराष्ट्र अधिकारीले अनौपचारिक रूपमा भने।

नेपालले पछिल्लो दुई दशकमा पटक-पटक भुटानलाई वार्ताका लागि पत्राचार गरे पनि भुटानबाट औपचारिक जवाफ नआएको अधिकारीहरूको भनाइ छ। ०६५, ०६८ र ०७५ मा सरकार परिवर्तनका क्रममा पनि पत्र पठाइएको थियो। तर, भुटानले अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालस्थित शरणार्थीलाई 'गैरकानुनी आप्रवासी' भन्दै आएको छ।

नेपाल र भुटानबिच शरणार्थी फिर्ता विषयमा ०६० मा १५औं चरणको वार्ता भएको थियो। त्यसयता वार्ता ठप्प छ। एक दशकअघि तत्कालीन राजदूत दीपकुमार उपाध्यायले भुटानी राजा जिग्मे खेसर नामग्येल वाङचुकसँग भेटवार्ता गर्दा पनि शरणार्थी फिर्ताको विषय उठाएका थिए, तर ठोस सहमति हुन सकेन।

'नेपालमा रहेका तपाईंका नागरिकले तपाईंको फोटो राखेर पूजा गरेका छन्। भुटान र राजाप्रति उनीहरूको आस्थामा कुनै कमी आएको छैन। यो विषय समाधान गर्नै भनेको थिएँ,' पूर्वराजदूत उपाध्यायले भने, 'राजाले ठोस जवाफ दिएनन्।' त्यसयता भुटानी राजासँग शरणार्थीबारे वार्ताका विषयमा कुनै पनि नेपाली अधिकारीले कुराकानी गर्न पाएका छैनन्।

सन् २००६ देखि अन्तर्राष्ट्रिय समुदायको पहलमा तेस्रो मुलुक पुनर्वास कार्यक्रमअन्तर्गत एक लाख १३ हजारभन्दा बढी भुटानी शरणार्थी अमेरिका, बेलायत, नर्वे, नेदरल्यान्ड, न्युजिल्यान्ड, डेनमार्क, क्यानडा र अस्ट्रेलियामा पुनर्वास भएका छन्।

Bagmati Province Government
Ministry of Health
Health Directorate

Public Health Office, Kathmandu

Invitation for Bid

Date of publication: 2082/11/10

1. The Public Health Office, Kathmandu invites electronic bids from eligible bidders for the **Supply and Installation of Outdoor Fitness Equipments (Byayamshala)** under National competitive bidding – Single Stage Single Envelope procedures. The name and identification of the contract is as follows:

Contract ID	Description	Bid Security Amount (NRs)	Bid Document Fee (NRs)	Last Date of Bid Submission	Bid Opening Date and Time
PHOK/G/NCB/ 01/2082/83	Supply and Installation of Outdoor Fitness Equipments (Byayamshala)	86,000/-	3,000/-	2082/12/10 12:00 Hours	2082/12/10 14:00 Hours

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Public Health Office, Kathmandu at Teku at office hours from 10:AM to 17:00 PM or may contact through telephone no.01-5312619 or may visit PPMO e-gp system www.bolpatra.gov.np/egp. The list of the details of required goods has been published on the noticeboard of the Public Health Office, Kathmandu or the website of Public Health Office Kathmandu. (https://www.hokathmnadu.bagmati.gov.np)

■ उदयपुरमा दुई पदका लागि ३१ जना मैदानमा

कांग्रेस, एमाले र नेकपालाई मत परिवर्तनको डर

उदयपुरमा **विदुर कटुवाल**

उदयपुरमा प्रतिनिधिसभाको प्रत्यक्षतर्फ दुई पदका लागि ३१ जना उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् । आ-आफ्ना दलका नीति-कार्यक्रम र व्यक्तिगत विकासे योजनाको सूची बोकेर उम्मेदवारहरू मत माग्दै जनताको घरघर पुगिरहेका छन् । सबै उम्मेदवार जितको दाबी गरिरहेका वेला मतदातामा भने पुराना दलप्रति असन्तुष्टि देखिएको छ ।

भदौको जेन-जी आन्दोलनको प्रभाव उदयपुरमा पनि परेको छ । यसले एमाले, कांग्रेस र नेपाली कम्युनिस्ट पार्टीजस्ता दललाई चुनौती थपेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी ०७९ को निर्वाचनमै समानुपातिकतर्फ उल्लेख्य मत ल्याइसकेको दल हो । प्रत्यक्षतर्फ मत बढेमा पुराना दलका उम्मेदवारलाई जित निकाल्न कठिन हुने देखिन्छ । त्यसैले उदयपुर १ मा कांग्रेस र २ मा कम्युनिस्ट किल्ला कायम रहन्छ कि भत्किन्छ ? भन्ने चासो देखिएको छ ।

जिल्ला निर्वाचन कार्यालय उदयपुरका प्रमुख दीपक दाहालका अनुसार एक लाख २१ हजार ८६६ पुरुष र एक लाख १७ हजार ५८ महिला र अन्य दुईजना गरी जम्मा दुई लाख ३८ हजार ९२६ मतदाता छन् । 'थपिएका अधिकांश नयाँ पुस्ताका हुन्,' उनले भने ।

उदयपुर १ मा विरासत जोगाउन कांग्रेसलाई चुनौती

देश संघीय संरचनामा गएयता उदयपुर १ बाट लगातार विजयी हुँदै आएका कांग्रेस नेता तथा पूर्वमन्त्री डा. नारायण खड्काले यसपटक उम्मेदवारी दिएनन् । पार्टीको विशेष महाधिवेशनपछि बनेको नेतृत्वप्रति असन्तुष्टि जनाउँदै खड्काले उम्मेदवारीबाट हात झिकेका थिए । खड्काको ठाउँमा कांग्रेसले पूर्वजिल्ला सभापति विदुर बस्नेतलाई उम्मेदवार बनाएको छ । खड्काले ०७४ मा तत्कालीन एमाले-माओवादी गठबन्धनलाई पराजित गरेका थिए । ०७९ को निर्वाचनमा माओवादी र एकीकृत समाजवादीको समर्थनमा उनी विजयी भएका थिए । ०६४ र ०७० को संविधानसभा निर्वाचनमा पनि खड्का नै विजयी भएका थिए । तर, यसपटक खड्का स्वयं मैदानमा नहुँदा कांग्रेसका लागि विरासत जोगाउनु चुनौतीपूर्ण देखिन्छ । बस्नेत ०७४ को प्रदेशसभा निर्वाचनमा पराजित भइसकेका उम्मेदवार हुन् ।

उदयपुरमा १ मा १८ जना उम्मेदवार प्रतिस्पर्धामा छन् । एमालेबाट बेलका नगरपालिकाका पूर्वमेयर दुर्गाकुमार थापा, नेपाली कम्युनिस्ट पार्टीबाट त्रियुगा नगरपालिकाका पूर्वमेयर बलदेव चौधरी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट पारस गेलाल, श्रम संस्कृति पार्टीबाट राजेशकुमार राई उम्मेदवार छन् । यस्तै, राप्रपाबाट सुवासचन्द्र खड्का, उज्यालो नेपाल पार्टीबाट अर्जुन तामाङ तथा एमालेका बागी उम्मेदवार देवराज रोक्का पनि मैदानमा छन् । यसपटक अधिकांश दलका उम्मेदवार नयाँ अनुहार हुन् ।

०७९ को निर्वाचनमा खसेको ७१ हजार ४५५ मतमध्ये कांग्रेसका डा. खड्काले ३१ हजार २७० मत ल्याएका थिए । पराजित एमालेकी मञ्जुकुमारी चौधरीले २८ हजार ८९१, राप्रपाका ध्रुवकुमार रायमाझीले तीन हजार ९१५ र राष्ट्रिय स्वतन्त्र पार्टीका उद्धव अधिकारीले तीन हजार ४४४ मत पाएका थिए । समानुपातिकतर्फ ७२ हजार २०४ मतमध्ये एमालेले २३ हजार ८३६, कांग्रेसले १९ हजार ४७६, माओवादीले नौ हजार ७३९, राष्ट्रिय स्वतन्त्र पार्टीले सात हजार ३३७, एकीकृत समाजवादीले एक हजार ६२८ र राप्रपाले चार हजार ३७५ मत प्राप्त गरेका थिए । श्रम संस्कृति पार्टी र उज्यालो नेपाल पार्टी थपिँदा यसपटक प्रतिस्पर्धा अझ रोचक बन्ने देखिन्छ ।

उदयपुर १ मा तीन नगरपालिका पर्दछन् । जसमा चौदण्डीगढी नगरपालिकामा पुरुष २० हजार ६६ र महिला २० हजार २८३ गरी जम्मा ४० हजार ३४९, बेलका नगरपालिकामा पुरुष १७ हजार ५४० र महिला १६ हजार ६६० गरी ३४ हजार दुई सय, त्रियुगा नगरपालिकामा ३३ हजार ८४६ पुरुष र ३४ हजार ४०७ महिला गरी ६८ हजार २५५ मतदाता छन् । यो क्षेत्रमा पुरुष ७१ हजार ४९२, महिला ७१ हजार ३५० र अन्य दुई गरी एक लाख ४२ हजार ८०४ मतदाता छन् । यस प्रतिनिधिसभा १ मा ५२ वटा मतदानस्थल र १६० मतदान केन्द्र कायम गरिएको छ ।

उदयपुर २ मा जोगिएला कम्युनिस्ट गढ ?

उदयपुर २ कम्युनिस्ट प्रभाव रहेको निर्वाचन क्षेत्र पर्छ । यसपटक एमालेका निर्वतमान सांसद अम्बरबहादुर रायमाझी पुनः उम्मेदवार बनेका छन् । नेपाली कम्युनिस्ट पार्टीबाट सुरेशकुमार राई, कांग्रेसबाट रामकुमार राई, राष्ट्रिय स्वतन्त्र पार्टीबाट सूर्यबहादुर तामाङ, श्रम संस्कृति पार्टीबाट बलराज राई र स्वतन्त्र उम्मेदवार मेजरकुमार राईसहित १३ जना चुनावी मैदानमा छन् ।

०७९ को निर्वाचनमा ४२ हजार १६१ मत सदर हुँदा रायमाझीले १५ हजार २५१ मत ल्याएर जितेका थिए । तत्कालीन एकीकृत समाजवादीका उम्मेदवार जगन्नाथ खतिवडाले १२ हजार ८९३ मत पाएका थिए । कांग्रेसबाट असन्तुष्ट रहेर स्वतन्त्र उम्मेदवार बनेका रामकुमार राईले १० हजार ३७९ मत ल्याउँदा खतिवडाको हार भएको थियो । राई अहिले कांग्रेसका आधिकारिक उम्मेदवार हुन् । यो क्षेत्रमा एकपटक मात्र कांग्रेस विजयी भएको छ । बाँकी सबै निर्वाचनमा कम्युनिस्ट पार्टी नै विजयी हुँदै आएको क्षेत्र हो ।


समानुपातिकतर्फ ४२ हजार ३५६ मतमध्ये एमालेले १३ हजार ९०३, कांग्रेसले १० हजार ५१५, माओवादीले सात हजार ४०६ र एकीकृत समाजवादीले दुई हजार २३५ मत पाएका थिए । यी मत जोड्दा अहिलेको नेपाली कम्युनिस्ट पार्टीको करिब नौ हजार ६४१ मत हुन्छ । राष्ट्रिय स्वतन्त्र पार्टीले तीन हजार ८०६ मत पाएको थियो ।

उदयपुर २ मा एक नगरपालिकासहित चार गाउँपालिका पर्दछन् । जिल्ला निर्वाचन कार्यालयका अनुसार उदयपुरगढी गाउँपालिकामा पुरुष ११ हजार ९९ र महिला नौ हजार ७८० गरी कुल २० हजार ८७९, रौतामाई गाउँपालिकामा पुरुष सात हजार ९६५ र महिला सात हजार २८ गरी १४ हजार ९९३, लिम्चुडबुङ गाउँपालिकामा पुरुष चार हजार ५६५ महिला चार हजार १२४ गरी कुल आठ हजार ६८९ कायम भएका छन् । कटारी नगरपालिकामा पुरुष २१ हजार ४९७ महिला १९ हजार ९०९ गरी कुल ४१ हजार ४०६ र ताप्ली गाउँपालिकामा पाँच हजार २८८, महिला चार हजार ८६७ गरी कुल १० हजार १५५ कायम भएका छन् ।

यो क्षेत्रमा पुरुष ५० हजार ४१४ र महिला ५४ हजार ७०८ गरी कुल ९६ हजार १२२ कायम भएका छन् । जिल्ला निर्वाचन कार्यालय प्रमुख दाहालका अनुसार यो क्षेत्रमा ५१ वटा मतदानस्थलमा ११५ वटा मतदान केन्द्र कायम गरिएको छ ।

बागी उम्मेदवारको त्रास

उदयपुर १ मा एमाले उम्मेदवार दुर्गाकुमार थापाविरुद्ध बागी उम्मेदवार देवराज रोका तथा २ मा नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवारविरुद्ध बागी उम्मेदवार मेजरकुमार राई मैदानमा छन् । रोक्का 'मुढा' चुनाव चिह्न लिएर चुनावी प्रचारमा छन् भने राई 'भँगेरो चरा' चिह्न लिएर मत माग्रिरहेका छन् । रोक्का ०७९ मै एमालेबाट टिकटका दाबेदार थिए । राई भने तत्कालीन माओवादीबाट लिम्चुडबुङ गाउँपालिकामा दुईपटक अध्यक्ष निर्वाचित जनप्रतिनिधि हुन् । राजनीतिबाट राजीनामा दिएर उनी स्वतन्त्र रूपमा चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् ।



■ उदयपुर १
मतदाता : १,४२,८०४
महिला : ७१,३५०
पुरुष : ७१,४९२
मतदानस्थल : ५२
मतदान केन्द्र : १६०

■ उदयपुर २
मतदाता : ९६,१२२
महिला : ५४,७०८
पुरुष : ५०,४१४
मतदानस्थल : ५१
मतदान केन्द्र : ११५

■ सगरमाथा विमानस्थलदेखि सुनकोशी करिडोरसम्मका विकास योजना सधैँ चुनावी एजेन्डा

सिद्धिचरण लोकमार्ग, सगरमाथा विमानस्थल, र सुनकोशी करिडोरजस्ता महत्त्वाकांक्षी विकास योजना उदयपुरमा सधैँ चुनावी एजेन्डा बन्ने गरेका छन् । तर, अधिकांश योजना अझै अधुरो अवस्थामा छन् । त्रियुगा नगरपालिका- १ र २ मा बनाउने भनिएको सगरमाथा विमानस्थल हाल जंगल फडानी गरेर खाली जग्गा गौचरन बनेको छ । उदयपुर १ मा पर्ने यो क्षेत्रमा दुई-तीन वर्षअघि फडानी गरिएको भए पनि बजेट अभावका कारण विमानस्थल निर्माणमा कुनै प्रगति नभएको स्थानीय रुद्र अधिकारीले बताए । 'विमानस्थल बनाउने भनेर फडानी गरिएको हो, तर बजेट नभएको कारण अहिलेसम्म बन्न सकेको छैन । यसपालिको चुनावमा सबै पार्टीका उम्मेदवारहरूले यसलाई चुनावी एजेन्डामा समेटेका छन्,' उनले भने । उदयपुरको मुख्य सडकमा पर्ने सिद्धिचरण लोकमार्गको मिर्चैया-कटारी-घुर्मी खण्ड पनि दुई दशकदेखि चुनावी एजेन्डामा छ । कटारी नगरपालिका- ११ का धनराज राउतका अनुसार ०६४, ०७०, ०७४ र ०७९ को निर्वाचनमा पनि यस खण्डको दुई लेन सडक बन्ने कुरा घोषणापत्रमा उल्लेख भए पनि अहिलेसम्म निर्माण हुन सकेको छैन । 'यस सडकले उदयपुर पश्चिमको ग्रामीण र पहाडी क्षेत्रलाई बजार र सदरमुकामसँग जोड्ने महत्त्व राख्छ,' उनले भने । घुर्मीदेखि सुनसरीको चतरा जोड्ने सुनकोशी करिडोर पनि दुई दशकदेखि अधुरो अवस्थामा छ । कटारी नगरपालिका-१० का दुर्गाबहादुर विष्टले यसपटक पनि सुनकोशी करिडोर चुनावी एजेन्डामा रहेको बताए । उनले भने, 'एजेन्डा त बन्छ, सडक बन्न सक्दैन ।' यस योजना पूरा भए कृषि उत्पादन, दैनिक यातायात र व्यापारप्रवाहमा सहजता आउने अपेक्षा गरिएको छ । उदयपुर सिमेन्ट उद्योग पुनर्संरचना, त्रियुगा नदी नियन्त्रणका तटबन्ध, सुकुमबासी र भूमिहीनलाई लालपुर्जा उपलब्ध गराउने योजना, बहुप्राविधिक क्याम्पस/विश्वविद्यालय, औद्योगिक क्षेत्र विस्तार, कृषि आधुनिकीकरण र सिँचाइजस्ता महत्त्वाकांक्षी कार्यक्रम पनि दल र उम्मेदवारले बारम्बार चुनावी घोषणामा समेट्दै आएका छन् । तर, ठेक्का, बजेट र प्राविधिक समस्याका कारण अधिकांश योजना अधुरा छन् ।

दलका नेताहरूको आ-आफ्नै दाबी

भागवत राउत, अध्यक्ष, एमाले उदयपुर



दुवै क्षेत्रमा लोकप्रिय उम्मेदवार भएकाले जित निकाल्न सहज देखिएको छ । दुर्गाकुमार थापा र अम्बरबहादुर रायामाझी सामाजिक आन्दोलनबाट उदाएका नेता हुन् । त्यसमा एमालेको संगठन पनि बलियो र एजेन्डा पनि बलियो भएकाले जित निकाल्न सकिन्छ ।

हिमाल कार्की, सभापति, कांग्रेस उदयपुर



जेन-जी आन्दोलनपछि कांग्रेसको विशेष महाधिवेशन भयो । अहिले कांग्रेस परिवर्तन भएको छ । विगतमा सत्ता सञ्चालनमा भएका गल्तीहरूको समीक्षा गर्दै कांग्रेस अहिले नयाँ योजनाका साथ आएको छ । कांग्रेस रूपान्तरण पनि भएको छ । त्यसमा उम्मेदवार पनि जनप्रिय र लोकप्रिय छन् ।

द्रोण पौडेल (नीरज), नेता, नेकपा उदयपुर



उदयपुर १ मा बलदेव चौधरी र २ मा सुरेशकुमार हिमाल जनआधार भएका उम्मेदवार हुनुहुन्छ । उदयपुरका मतदाताले विगतका अनुभव र वर्तमान राजनीतिक परिस्थितिको विश्लेषण गर्दै स्थिरता, सुशासन र विकासको पक्षमा मतदान गर्ने स्पष्ट संकेत दिएका छन् । नीति र विचारको प्रतिस्पर्धा भएकाले जनताले परिवर्तन र अग्रगमनको पक्षमा मत दिनेछन् ।

चित्रकुमार कार्की, सभापति, रास्वपा



बालेन शाहलाई प्रधानमन्त्री बनाउने एजेन्डामा उदयपुरमा नयाँ जनलहर रास्वपाको पक्षमा आएको छ । हामीलाई जेन-जी पुस्ताको ठुलो सहयोग छ । बालेनलाई प्रधानमन्त्री बनाउने कुराले उदयपुरका मतदाताका उत्साह थपेको छ । पार्टी केन्द्रको घोषणापत्र र स्थानीय घोषणापत्रको आधारमा मत माग्रिरहेका छौं । सगरमाथा विमानस्थलदेखि सुनकोशी करिडोरसम्मका विकास योजना चुनावी एजेन्डा छन् ।

झन्डा जलाएको आरोपमा थप दुई पक्राउ

दाङ / दाङको तुलसीपुरमा एमालेको झन्डा जलाएको आरोपमा थप दुईजना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायब उपरीक्षक रेशम बोहराका अनुसार तुलसीपुर उपमहानगरपालिका- ४ हलवारनिवासी रमेश रानामगर र तुलसीपुर- ६ गाइडहरनिवासी विक्रम परियार पक्राउ परेका हुन् । यसअघि शुक्रबार मात्रै तुलसीपुर- ७ कालाखोलानिवासी ५५ वर्षीय बुद्धिबहादुर बस्नेतलाई प्रहरीले पक्राउ गरेको थियो ।

झन्डा जलाउनेमा संलग्न तीनजनालाई पक्राउ गरेर अनुसन्धान थालिएको प्रहरी नायब उपरीक्षक बोहराले बताए । अन्य सम्भावित व्यक्तिको समेत खोजी भइरहेको प्रहरीको भनाइ छ । दाङको घोराहीमा हुने कार्यक्रममा सहभागी हुन राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र नेता बालेन्द्र शाह आउने भन्ने खबर पाएपछि तुलसीपुरको वीरेन्द्र चोकमा भेला भएका समर्थकहरूले झन्डा जलाएको भन्दै एमाले शुक्रबार दाङको घोराही, तुलसीपुर, लमहीलगायतका स्थानमा विरोध कार्यक्रमसमेत गरेको थियो ।

मतपेटिका लैजान बरफ फुटाउँदै सुरक्षाकर्मी

शान्ता कमली/**नयाँ पत्रिका**

मनाङ सदरमुकाम चामे हुँदै नार्पाभूमितर्फ जाने बाटोमा सडकको बरफ पन्छाउन चार दिनदेखि सुरक्षाकर्मी खटिएका छन् । मनाङको नार्पाभूमिमा पाँचवटा मतदास्थल छन् । सदरमुकाम चामेबाट उक्त क्षेत्र पुग्न हिँडेर दुई दिन लाग्छ । निर्वाचनको मिति नजिकिँदै गएकाले सुरक्षाकर्मीलाई कुनै हालतमा मतपेटिका पुऱ्याउनुपर्नेछ । तर, सडक, खोलादेखि झरनासमेत बरफले ढाकेका छन् ।

मनाङका प्रमुख जिल्ला अधिकारी नवराज पौडेलले हिउँले अवरुद्ध सडक र झरनाका ढिस्को हटाउन सुरक्षाकर्मी चार दिनदेखि खटिएको बताए । 'मौसमी प्रभावले सडकमा रहेका झरना जमेर बरफ हुँदा सेनाले सडकमा जमेको बरफ पन्छाएर सडक सञ्चालन गर्न लागिपरेको हो,' उनले भने । ती क्षेत्रमा करिब सात सय मिटरसम्म बरफ जमेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय मनाङका अनुसार नार्पाभूमि गाउँपालिका- १ देखि ३ को मतदानस्थल



नारक्षेत्रमा तोकिएको छ । त्यस्तै, वडा नम्बर ४ र ५ को निर्वाचनस्थल भने फु क्षेत्रमा तोकिएको छ । नारमा तीनवटा र फूमा पाँचवटा मतदान केन्द्र तोकिएका छन् । ती क्षेत्रमा पुग्न वडा नम्बर १ मा पर्ने धर्मशालास्थित झरना छिचोल्नुपर्छ । तर, झरना जमेर चट्टान जस्तो भएको छ । जसलाई फुटाउन नेपाली सेनाको नयाँ भैरवी दल गुल्म, सशस्त्र प्रहरी बल नेपाल नम्बर ३२ गुल्म र जिल्ला प्रहरी कार्यालय मनाङको करिब २० सुरक्षाकर्मी चार दिनदेखि दिनरात खटिएका छन् ।

प्रशासन कार्यालय मनाङका अनुसार धर्मशाला झरना पुग्ने चामेबाट करिब सात घन्टा लाग्छ । जमेको बरफका ढिस्को फुटाउन सुरक्षाकर्मीले गैँती, साबेल, हम्मर, छिनो, हिँउ काट्ने बन्चरोलगायतका औजारसँगै लिएर गएका थिए । धर्मशाला नजिकै क्याम्प बनाएर बसेका सुरक्षाकर्मी बिहानै औजार लिएर घटनास्थल पुग्छन् । घन र छिनोले बरफका ढिस्को फुटाउँछन् । र, बाटो बनाउँछन् । मनाङमा सात हजार मतदाता छन् । जिल्लामा २९ वटा मतदानस्थल छन् ।

संक्षेप

तीनजना बेवारिसे व्यक्तिको उद्धार

धनकुटा / मानव सेवा आश्रमद्वारा सञ्चालित 'कोशी प्रदेश उद्धार यात्रा'को सातौँ दिन शुक्रबार धनकुटाका विभिन्न स्थानबाट तीनजना बेवारिसे व्यक्तिको उद्धार गरिएको छ । जिल्ला प्रहरी कार्यालयको सहयोगमा बेवारिसे व्यक्तिको उद्धार गरी मानव सेवा आश्रम सुनसरी पठाइएको नेपाल पत्रकार महासंघ धनकुटाका अध्यक्ष विदुर खवासले बताए । उद्धार हुनेमा धनकुटास्थित मदनचोक क्षेत्रबाट लामो समयदेखि सडकपेटीमा अलपत्र अवस्थामा रहेका ३५ वर्षीय अमृत भनिने एकजनालाई आश्रम पठाइएको छ । साहिल नाम बताउने ३६ वर्षका अर्का एक पुरुष र धनकुटा नगरपालिका- ६ स्थित सडकपेटीमा बेवारिसे अवस्थामा जीवनयापन गर्दै आएका ५२ वर्षीय भीमप्रसाद अधिकारीलाई उद्धार गरी सुरक्षित रूपमा मानवसेवा आश्रम पठाइएको खवासले बताए । मानसिक रूपमा कमजोर देखिएका तीनैजनाको पारिवारिक पृष्ठभूमि खुल्न सकेको छैन । उनीहरूको स्वास्थ्य परीक्षण तथा आवश्यक उपचारको व्यवस्था गरी सुरक्षित संरक्षणमा राखिएको तथा पारिवारिक पुनर्मिलनका लागि आवश्यक पहल गरिने आश्रमले जनाएको छ । मानवसेवा आश्रमले ३ फागुनदेखि सुरु गरेको कोशी प्रदेशस्तरीय सहयोगापेक्षी सडक आश्रितहरूको उद्धार यात्रा १६ फागुनसम्म सञ्चालन हुने कार्यक्रम छ ।

५८ जनाले पाए कृत्रिम हातखुट्टा

भैरहवा / नेपाल राष्ट्रिय मारवाडी युवा संगठनले विभिन्न कारण हातखुट्टा गुमाएका ५८ सर्वसाधारणलाई कृत्रिम हातखुट्टा वितरण गरेको छ । बिहीबारदेखि सुरु भएको तीनदिने शिविरमा रुपन्देही, नवलपरासी, दाङ, पाल्पालगायतका जिल्लाबाट आएका ५८ जनालाई कृत्रिम हातखुट्टा वितरण गरेको राष्ट्रिय मारवाडी युवा संगठनका राष्ट्रिय अध्यक्ष मनोजकुमार अग्रवालले बताए ।

बिहीबारदेखि सुरु भएको शिविरमा पहिलो दिन नाम दर्ता गराएका व्यक्तिका हातखुट्टाको नाप लिएको थियो । शुक्रबार नापअनुसार प्राविधिकले हातखुट्टा तयार गरेका थिए । र, शनिबार विशेष कार्यक्रम आयोजना गरेर सहयोगापेक्षीलाई हस्तान्तरण गरिएको अग्रवालले बताए । शिविरमा दुर्घटनालगायत विभिन्न कारणबाट हातखुट्टा गुमाएर लामो समयदेखि बसेका व्यक्तिलाई सहयोग उपलब्ध गराइएको हो । अध्यक्ष अग्रवालले विशुद्ध मानवीय सेवालाई ध्यानमा राखेर शिविर सञ्चालन गरिएको बताए । उनका अनुसार शारीरिक रूपमा अक्षम नागरिकलाई सहयोग गरिएको हो । शिविरमा सहभागीले निःशुल्क हातखुट्टा पाउँदा खुसी व्यक्त गरे । शिविरमा रुपन्देहीसहित मुलुकका विभिन्न ठाउँबाट सहभागिता थियो । आयोजकका अनुसार भैरहवामा तेस्रोपटक निःशुल्क कृत्रिम हातखुट्टा वितरण शिविर सञ्चालन गरिएको हो ।

बाख्राले गहुँ खाएको निहुँमा महिलामाथि कुटपिट

रामेछाप / बाख्राले गहुँ खाएको निहुँमा एक महिला कुटिएकी छिन् । युवकको कुटाइबाट सुनापति गाउँपालिका- ३ हिलेदेवीकी ३१ वर्षीया सानु खड्का घाइते भएकी छिन् । स्थानीय ज्ञानबहादुर खड्काले आफ्नो गहुँ बाख्राले खाएको भन्दै सानु खड्कालाई शुक्रबार दिउँसो स्टिलको थालले टाउकोलगायतमा हिर्काएका हुन् । बाख्राले गहुँ खाएको विषयलाई लिएर विवाद चर्कँदै जाँदा ज्ञानबहादुरले स्टिलको थालले अन्धाधुन्ध रूपमा सानुलाई हिर्काएका थिए । कुटपिटबाट घाँटी नचल्ने र बोल्नसमेत नसक्ने भएपछि खड्कालाई उपचारका लागि एम्बुलेन्समार्फत काठमाडौं पठाइएको इलाका प्रहरी कार्यालय बेथानका प्रहरी सहायक निरीक्षक शेरबहादुर बाराकोटीले बताए । घटनापछि ज्ञानबहादुरलाई प्रहरीले नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय बेथानमा राखिएको र थप अनुसन्धान भइरहेको प्रहरी सहायक निरीक्षक बाराकोटीले बताए ।

■ सीमा क्षेत्रका सहरी गरिबको मुख्य समस्या बेरोजगारी र असुरक्षित बसोबास

विकासका नाममा जनतालाई सधैँ आश्वासन मात्रै

विराटनगरमा **गणेश लम्साल**

मोरङको विराटनगर महानगरपालिका- १७ धुनियाँ बस्तीका ६९ वर्षीय अलाउद्दिन मियाँ यसपालि पनि भोट हाल्न सपरिवार तयार भएर बसेका छन् । सानो किराना पसल चलाएर गुजारा गर्दै आएका उनले विकासको नाममा आश्वासनबाहेक केही पाएका छैनन् । भारतको जोगबनीसँग सिमाना जोडिएको उनको बस्तीमा बेरोजगारीको विकराल समस्या छ । दिगो रोजगार नहुँदा बस्तीका प्रायः सबै अवैध ओसारपसार गर्न बाध्य छन् । तैपनि नेताले जितेपछि रोजगारको अवस्था सिर्जना गर्ने आसमा उनी सधैँ भोट हाल्छन् ।

समसाद आलम भन्छन्–



बालबालिका पनि गरिबीले गर्दा आधारभूत तहबाटै विद्यालय छाडेर क्यारिङ गर्न बाध्य छन्, धेरैको सुरक्षित आफ्नो बस्ने घर पनि छैन, यसैले नेताहरूले सीमा क्षेत्रका हामी गरिबको समस्या पनि सुनिदिनुपर्छ ।

विराटनगरको १६, १७ र १८ नम्बरमा पर्छन् धुनियाँ, मटेर्वा, डगरा र दरैया अनि बर्मेली बस्तीहरू । मिल्स एरिया नामले चर्चित यो क्षेत्रका हजारौँ बासिन्दा भएका उद्योग बन्द भएपछि प्रायः सबै बेरोजगार छन् । यसैले धेरैजना अनौपचारिक क्षेत्रमा काम गर्छन् भने प्रायःले अवैध ओसारपसार गरेर जीविका चलाउँछन् । पहिले मिलै-मिल (उद्योगै-उद्योग) हुँदा मजदुर बनेर रोजगार गर्ने उनीहरू आजकल भएका मिलहरू बन्द भएपछि बरोजगार बनेका छन् । समयसँगै बढ्दो जनसंख्याले उनीहरूलाई बेरोजगारीले पिरोलेको छ । ज्येष्ठ नागरिक अलाउद्दिन भन्छन्, 'हाम्रोमा दिगो रोजगार छैन, भएका उद्योग सबै बन्द भए, यसैले जितेर गएका नेताहरूले उद्योगहरू सञ्चालनमा ल्याएर रोजगारी दिलाइदिन्छन् भन्ने मात्र हाम्रो आशा छ ।'

भारतको बिहार राज्यको अररिया जिल्लासँग सिमाना जोडिएको मोरङ ५ को सहरी क्षेत्रमा बस्ने गरिबहरू चुनावको वातावरण तयार भइसकेको र आफूहरू भोट हाल्न आतुर रहेको बताए पनि नेताहरूले आश्वासन पूरा गर्छन् भन्ने विश्वास भने गर्दैनन् । मिलहरू बन्दकै कारण बेरोजगार भएका ६० वर्षीय मोहम्मद अस्तर आलम बुढ्यौलीमा ठेला चलाएर गुजारा चलाउँछन् । सिटी रिक्सा र टेम्पोले गर्दा ठेलामा काम पाउन मुस्किल परेकाले उनलाई परिवार पाल्न धौ-धौ छ । दिगो रोजगार नहुँदा उनका छोराहरू पनि मजदुरी गर्छन् ।



मोरङको विराटनगर महानगरपालिकास्थित मर्टेवा बस्ती ।

संघ, प्रदेश र पालिकामा पटक-पटक भोट हालेका उनलाई यसपालि पनि भोट हाल्न मन छ । तर, मिलमा काम गर्दागर्दै बेरोजगार बनेका उनको फेरि उद्योग चल्लान् र छोराछोरीले देशमै दिगो रोजगार पाउलान् भन्ने आस अझै मरेको छैन । जुटमिलमै काम गर्दागर्दै बेरोजगार भएका मटेर्वाका मोहम्मद अख्तर पनि उद्योग बन्द भएपछि सीमा क्षेत्रका बासिन्दा सबै आफूजस्तै बेरोजगार बनेको र धेरैले भारतीय बजारबाट अवैध ओसारपसार गरेर जीविका चलाउन बाध्य हुनुपरेको सुनाउँछन् । उनका अनुसार यहाँ बालबालिकादेखि महिलासमेत भाडामा अवैध ओसारपसार गर्न बाध्य छन् । खुला सिमाना भएकाले तस्करहरूले भनेको सामान उनीहरू टाउको र साइकलमा राखेर सिमाना कटाउँछन् र तोकेको गोदाममा पुऱ्याइदिन्छन् ।

भारतको दशगजासँगै जोडिएको छ विराटनगरकै इस्लामपुर बस्ती । यहाँका मतदाताको समस्या पनि बेरोजगारी नै हो । यसबाहेक प्रायः सबै ऐलानी जमिनमा स-साना घर बनाएर बसेकाले सुरक्षित आवास, सरसफाइको पनि समस्या छ यहाँ । बस्तीहरूमा खानेपानीको धारा र सार्वजनिक शौचालयसमेत छैन । २६ वर्षीय समसाद आलम चुनाव जितेर गएका नेताहरूले दिगो रोजगारीसँगै सुरक्षित आवास र पूर्ण सरसफाइ कार्यक्रम ल्याउनुपर्नेमा जोड दिन्छन् । उनका अनुसार बोर्डरका बस्तीमा बस्ने युवाहरू रोजगार नहुँदा धेरै तस्करीमा लाग्न बाध्य हुने गरेको र अपराधमा फस्न बाध्य भइरहेको बताउँछन् । समसाद भन्छन्, 'बालबालिका पनि गरिबीले गर्दा आधारभूत तहबाटै विद्यालय छाडेर क्यारिङ गर्न बाध्य छन्, धेरैको सुरक्षित आफ्नो बस्ने घर पनि छैन, यसैले नेताहरूले सीमा क्षेत्रका हामी गरिबको समस्या पनि सुनिदिनुपर्छ ।'

धुनियाँ बस्तीकी जेन-जी मतदाता रुविना खातुन अन्यत्रभन्दै आफ्नो बस्तीमा पनि चुनावको चहलपहल बढेको, उम्मेदवारहरू यो गल्लीं, त्यो गल्लीं भन्दै भोट माग्न आउन थालेको र आफू पनि पहिलोपटक भोट हाल्न उत्साहित रहेको बताउँछिन् । ब्याचलरसम्म अध्ययन गरेकी उनी पनि बन्द भएका उद्योग सञ्चालनमा ल्याएर सुरक्षित आवासको व्यवस्था गर्न सके सीमा क्षेत्रका बस्तीहरू सुरक्षित र व्यवस्थित हुने बताउँछिन् । 'भोट खसाल्न आतुर छौं, तर के गर्नु हामीलाई बोर्डरमा बस्ने भनेर सबैले हेप्ने गर्छन्, हाम्रो अवस्था कहिल्यै सुधार्ने चासो नै दिँदैनन्,' रुविना भन्छिन् ।

मोरङको सीमावर्ती क्षेत्रका बासिन्दा अन्यत्रभन्दै चुनाव होला कि नहोला भन्ने द्विविधामा छैनन् । बोर्डरमा बसे पनि उनीहरूले चुनावमा कहिल्यै असुरक्षा महसुस गरेका छैनन् । निर्वाचका वेला ७२ घण्टाअगाडि नै नेपाल-भारत दुवैतर्फ नाका पूर्ण रूपमा बन्द हुने भएकाले आजसम्म कुनै अपराधका घटना भएका छैनन् । बरु अन्यत्रभन्दा शान्तिपूर्वक मतदान भएका छन् । तर, अरू वेला भारतीय पक्षले सिमाना मिचिदिने, बस्तीमा बसेर धरपक्कड र कुटपिट गर्ने, बर्सातमा पानीको निकास रोकेर बस्ती डुबानमा पारिदिने अनि दशगजामा फोहोर फालेर दुर्गन्ध बढाएर दुःख दिने गरेको छ । जसबारे स्थानीय जनप्रतिनिधि र प्रहरी प्रशासन पनि निरीह बन्ने गरेका छन् । यसैले सीमा क्षेत्रका सहरी गरिब बासिन्दा चुनाव जितेर गएका नेताहरूले बोर्डरमा बस्ने बासिन्दालाई हेर्ने शंकालु नजर बदलेर सुरक्षित सीमा क्षेत्र नीति कार्यान्वयन गराउनुपर्नेमा जोड दिन्छन् । मटेर्वाका युवा सरफराज मियाँ भन्छन्, 'बोर्डरमा बस्ने सबै भारतीय र अपराधमा संलग्न हुन्छन् भन्ने गलत सोच हटाउन नेताहरूले दिगो रोजगार र सुरक्षित बसोबासको व्यवस्था मिलाउनुपर्छ ।'

चुनावी उत्सवको रन्को र चुलोको चिन्ता

चुनावी उत्साहबिच 'भान्साको पीडा' ओझेलमा पर्नु भनेको हाम्रो समग्र राज्य संयन्त्र र राजनीतिक प्रणाली नै असफल हुनु हो



● माधव तिमल्सिना

अग्रलेख

नेपालमा निर्वाचन केवल एउटा संवैधानिक प्रक्रिया मात्र नभई राष्ट्रिय पर्व बनिसकेको छ। गाउँगाउँका चौतारीदेखि सहरका चोकहरूसम्म अहिले त्यही चुनावी महोल छ। जतातै चुनाव र चुनावी उम्मेदवारको चर्चा छ। दलका झन्डा, 'ब्यानर' र 'लाउडस्पिकर'बाट गुज्जिने चुनावी गीतले एउटा बेग्लै रौनक ल्याएका छन्। तर, यो बाहिरी चमकधमक र 'चुनाव लाग्यो' भन्ने उत्साहको पछिल्तिर एउटा गहिरो र मौन छटपटी लुकेको छ। त्यो छट्पटीको कारण हो- आकासिँदो महँगी र रित्तिँदै गएको सर्वसाधारणको भान्सा।

जब चुनाव नजिकिन्छ, राजनीतिक दल र उम्मेदवारले सपनाका ठुल्ठुला महल खडा गर्छन्। 'समृद्ध नेपाल,' 'घर-घरमा रोजगारी,' र 'न्यूनतम मूल्यमा उपभोग्य वस्तु' जस्ता नाराले गाउँबस्ती गुञ्जायमान हुन्छन्। उम्मेदवारहरू हात जोड्दै मतदाताका ढोकाढोकामा पुग्छन्। कार्यकर्तामा उत्साह देखिन्छ, किनकि उनीहरूलाई लाग्छ कि अबको केही समयमा उनीहरूको भाग्य बदलिनेछ। तर, यो उत्साहको अर्को पाटो अलि खर्चिलो छ। चुनावका वेला हुने फजुल खर्च, भोजभतेर र प्रचारप्रसारको ठुलो रकम कहाँबाट आउँछ ? यस प्रश्नको उत्तर कतै न कतै बजारको महँगीसँग जोडिएको हुन्छ। चुनावको समयमा बजारमा हुने कृत्रिम अभाव र मूल्यवृद्धिको मार अन्ततः तिनै मतदाताको थालमा परिरहेको हुन्छ।

एकातिर लोकतन्त्रको सुदृढीकरणका लागि मतदान गर्ने उत्साह छ भने अर्कातिर भोलि बिहानको छाक कसरी टार्ने भन्ने चिन्ता। बजारमा तरकारी, खाद्यान्न, तेल, गेडागुडी, मैदा, आँटाको मूल्य र ग्यासको अभावको समाचार सुन्दा सबैको सातो जान्छ, चामलको बोरामा ह्वात्तै मूल्य थपिएको छ। यो विरोधाभासपूर्ण यथार्थले हाम्रो लोकतन्त्रको सफलतामाथि नै प्रश्न उठाइरहेको छ। यसबाट विशेषगरी हुँदा खाने वर्गहरू मर्कामा परेका छन्। तर, यसतर्फ कसैको पनि ध्यान गएको छैन।

मूल्यवृद्धि नियन्त्रण : चुनावी एजेन्डा कि देखावटी नारा ?

निर्वाचनका वेला प्रत्येक राजनीतिक दलका घोषणापत्रमा 'महँगी नियन्त्रण' र 'सुलभ आपूर्ति'का बुँदा प्राथमिकतामा पर्छन्। तर, व्यवहारमा ठ्याक्कै उल्टो देखिन्छ। चुनावमा उम्मेदवारले गर्ने असीमित खर्च अन्ततः उपभोक्ताकै थालबाट असुलिन्छ। ठुला व्यवसायी, व्यापारिक घरानाबाट विभिन्न राजनीतिक दलहरूले लिने चन्दाको भार अन्ततः उपभोक्ताको भान्सामै पर्छ।

चन्दा र मूल्यवृद्धिको सम्बन्ध

राजनीतिक दलहरूले चुनाव लड्न ठुला व्यापारी र बिचौलियाबाट मोटो चन्दा लिन्छन्। व्यापारीले दिएको त्यो चन्दा स्वेच्छिक'उपहार' होइन, त्यो त एउटा 'लगानी' हो। चुनाव सकिएपछि व्यापारीले वस्तुको कृत्रिम अभाव सिर्जना गरेर वा मूल्य बढाएर त्यो 'लगानी'को दोब्बर रकम उपभोक्ताको गोजीबाट असुल्छन्। त्यसबाट बजारमा आपूर्ति शृंखलामा प्रभाव पर्न गई विभिन्न खाले समस्या उत्पन्न हुन्छ।

बिचौलियाको जालो

किसानले पाँच रुपैयाँमा बेचेको गोलभेंडा उपभोक्ताको भान्सामा पुग्दा ५० रुपैयाँको बन्छ। यसबिचको ४५ रुपैयाँ कहाँ जान्छ ? यो प्रश्नको उत्तर खोज्न न सरकार तयार छ, न त चुनाव लड्ने नेताहरू। जबसम्म बिचौलिया संयन्त्र तोडिँदैन, तबसम्म मूल्यवृद्धि नियन्त्रण सम्भव छैन।

नियमित आपूर्ति : बजार सन्तुलनको अनिवार्य सर्त

नियमित आपूर्ति व्यवस्था नहुँदा बजारमा अराजकता फैलिन्छ। विशेषगरी दैवी, प्राकृतिक, राष्ट्रिय वा अन्तर्राष्ट्रिय कारण र चाडपर्वको समयमा सिन्डिकेट, कार्टेलिङ, जम्माखोरी, कृत्रिम अभाव र कालोबजारी मौलाउँछ। जसको प्रत्यक्ष मारमा सर्वसाधारण उपभोक्ता पर्छन्।

राज्यले आपूर्ति व्यवस्था चुस्त राख्न चाल्नुपर्ने कदम

राज्यको भण्डारण क्षमता : सरकारसँग कम्तीमा तीनदेखि ६ महिनालाई पुग्ने आधारभूत खाद्यान्न र पेट्रोलियम पदार्थको बफर स्टक (भण्डारण) हुनुपर्छ।

सरकारी सहुलियत पसल : निजी क्षेत्रको एकाधिकार तोड्न सरकारी स्वामित्वका खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङलाई गाउँ-गाउँसम्म पुऱ्याउनुपर्छ। उनीहरूको क्षमता विस्तार, आवश्यक स्रोतसाधन र जनशक्ति व्यवस्था गर्नुपर्छ।

यातायात सिन्डिकेटको अन्त्य : ढुवानीमा हुने

एकाधिकारले गर्दा सामानको मूल्य अस्वाभाविक रूपमा बढ्ने गरेको छ। ढुवानी खर्चलाई पारदर्शी र व्यवस्थित बनाउनु नियमित आपूर्तिका लागि अनिवार्य छ। यसतर्फ सबै पक्षको ध्यान जान अति आवश्यक छ।



व्यापारीले दिएको चन्दा स्वैच्छिक 'उपहार' होइन, एउटा 'लगानी' हो। चुनाव सकिएपछि उसले वस्तुको कृत्रिम अभाव सिर्जना गरेर वा मूल्य बढाएर त्यो 'लगानी'को दोब्बर रकम उपभोक्ताको गोजीबाट असुल्छ।

स्वदेशी उत्पादन र आत्मनिर्भरता

दीर्घकालीन समाधान : हाम्रो भान्सा महँगो हुनुको प्रमुख कारण 'आयातमुखी अर्थतन्त्र' हो। हामी धनियाँदेखि चामलसम्म र जनैदेखि जुत्तासम्म छिमेकी देशको भर पर्छौं। जब अन्तर्राष्ट्रिय बजारमा डलरको भाउ बढ्छ वा ढुवानीमा समस्या आउँछ, सीधै नेपाली बजार प्रभावित हुन्छ। केही गलत गर्ने व्यक्तिको नियन्त्रणमा बजार पुग्न सक्छ।

प्रत्येक राजनीतिक दलका घोषणापत्रमा 'महँगी नियन्त्रण' र 'सुलभ आपूर्ति'का बुँदा प्राथमिकतामा परे पनि व्यवहारमा ठ्याक्कै उल्टो देखिन्छ। चुनावमा उम्मेदवारले गर्ने असीमित खर्च अन्ततः उपभोक्ताकै थालबाट असुलिन्छ।

उत्पादनमा आधारित अनुदान : सरकारले वितरण गर्ने अनुदान टाठाबाठा कार्यकर्ताको हातमा होइन, वास्तविक माटोमा पसिना बगाउने किसानलक्षित वर्गको हातमा पुग्नुपर्छ। बिउ, मल, प्रविधि, प्राविधिक र सिँचाइको ग्यारेन्टी नै आत्मनिर्भरताको पहिलो पाइला हो।

बाँझो जमिनको उपयोग : गाउँगाउँमा बाँझो रहेको जमिनलाई चक्लाबन्दी गरी सामूहिक खेती प्रवर्द्धन गर्नुपर्छ। 'मेक इन नेपाल' र 'स्वदेशी उत्पादन प्रयोग' अभियानलाई केवल भाषणमा मात्र होइन, विद्यालयको पाठ्यक्रम र सरकारी कार्यालयको खाजा घरसम्म अनिवार्य गरिनुपर्छ।

बजारको ग्यारेन्टी : किसानलाई उत्पादन गर्न मात्र होइन, उनीहरूको उत्पादनले उचित बजार मूल्य पाउने ग्यारेन्टी पनि राज्यले गर्नुपर्छ। बजारमा मूल्य घटेमा 'न्यूनतम समर्थन मूल्य' तोकेर सरकारले नै खरिद गर्ने व्यवस्था मिलाउनुपर्छ।

संविधानप्रदत्त मौलिक हक र कार्यान्वयनको ग्यारेन्टी : नेपालको संविधान २०७२ ले नागरिकका आधारभूत आवश्यकतालाई मौलिक हकका रूपमा स्थापित गरेको छ। तर, यी हकको कार्यान्वयन पक्ष अत्यन्तै फितलो छ।

धारा ३६ (खाद्यसम्बन्धी हक): प्रत्येक नागरिकलाई खाद्य सुरक्षाको हक हुनेछ भनेर भोकमरीको अवस्थाबाट सुरक्षित हुने हक संविधानले दिएको छ। तर, महँगीले गर्दा न्यून आय भएका नागरिक 'अर्ध-भोकमरी'को अवस्थामा पुग्नु संविधानको उपहास हो। यसतर्फ राज्यका संयन्त्र जिम्मेवार बन्नुपर्छ।

धारा ४४ (उपभोक्ताको हक) : प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने हक हुनेछ। मिसावटयुक्त महँगो सामान किन्न बाध्य हुनु उपभोक्ताको संवैधानिक अधिकारको हनन हो।

अदालती उपचार : मौलिक हक कार्यान्वयनका लागि 'उपभोक्ता अदालत' (कन्ज्युमर कोर्ट) को स्थापना अब सातै प्रदेश र ७७ वटै जिल्लामा हुनु अनिवार्य भइसकेको छ, जहाँबाट नागरिकले मूल्यवृद्धि र ठगीविरुद्ध छिटो र छरितो न्याय पाउन सकून्।

चुनावपछिको मूल्यवृद्धि : एक गम्भीर चुनौती

विगतको अनुभवले देखाउँछ कि चुनावको नतिजा सार्वजनिक भएलगत्तै बजारमा मूल्यवृद्धिको अर्को सुनामी आउँछ। व्यापारीले चुनावी चन्दाको भर्पाई गर्न र नयाँ सरकारलाई 'प्रभाव'मा पार्न मूल्य बढाउँछन्।

यसलाई रोक्न के गर्ने ?

नियमित, एकीकृत र प्रभावकारी बजार अनुगमन : चुनावअघि र लगत्तै प्रशासनले गोदामबाट विभिन्न अत्यावश्यक वस्तुको स्टकको विवरण लिने र कृत्रिम अभाव, मूल्यवृद्धि, आपूर्ति शृंखला खल्बलाउन खोज्नेलाई कानुनबमोजिम कार्बाही गर्ने, आमनागरिकलाई विधिको शासनको अनुभूति गराउने, कालोबजारी या कृत्रिम अभाव सिर्जना गर्नेलाई कानुनबमोजिम कडा कारबाही गर्न हिम्मत गर्नुपर्छ।

कर प्रणालीमा सहुलियत : दैनिक उपभोग्य वस्तु (चामल, दाल, तेल, नुन)लगायतमा लाग्ने भन्सार र अन्य करलाई न्यूनतम विन्दुमा झार्नुपर्छ। बजारमा सरकारको बलियो उपस्थिति हुनुपर्छ।

स्थानीय सरकारको सक्रियता : ७५३ वटै स्थानीय तहलाई आफ्नो क्षेत्रभित्रको बजार मूल्य तोक्ने, अनुगमन गर्ने, प्रचलित ऐन-कानुनविपरीत काम गर्नेलाई दण्डित गर्ने, राम्रो गर्नेलाई पुरस्कृत गर्ने प्रणालीको विकास गर्न सक्रिय बनाई कार्यान्वयन गर्ने अधिकार कडाइसाथ प्रयोग गर्ने अधिकार दिनुपर्छ।

लोकतन्त्रको सार्थकता भान्साको सुखमा

लोकतन्त्र भनेको केवल पाँच वर्षमा एकपटक मत खसाल्नु मात्र होइन। लोकतन्त्रको वास्तविक अनुभूति तब हुन्छ, जब नागरिकले आफ्नो आधारभूत आवश्यकताका लागि छट्पटाउनुपर्दैन। चुनावी उत्साहबिच 'भान्साको पीडा' ओझेलमा पर्नु भनेको हाम्रो समग्र राज्य संयन्त्र र राजनीतिक प्रणाली नै असफल हुनु हो।

अबको निर्वाचनमा हामीले त्यस्तो नेतृत्व चुनौं, जसले ठुल्ठुला समृद्धिका सपना बाँड्दैन, बरु आमनागरिकको भान्सालाई सुरक्षित र सुलभ बनाउने ठोस खाका प्रस्तुत गर्छ। स्वदेशी उत्पादनको प्रवर्द्धन, बिचौलियाको अन्त्य र संवैधानिक हकको पूर्ण कार्यान्वयन नै समृद्ध नेपालको आधारशिला हो। भोको पेट र रित्तो गोजीले लोकतन्त्रको गीत गाउन सक्दैन। त्यसैले, यो चुनावी मौसममा 'भान्साको राजनीति'लाई प्राथमिकतामा राखौं। बजार उपभोक्ताको दयाले चलेको हुन्छ भन्ने उपभोक्तावादको सिद्धान्तलाई चुनावपछिको सरकारले सहर्ष स्वीकार गर्दै लोकतन्त्रको सुन्दरता सबै वर्गले भान्सामा देख्नु नै यसको सकारात्मक पक्ष हुन सक्छ।

(तिमल्सिना उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष हुन्)

३ प्रश्न

पूर्वडिआइजी **हेमन्तप्रकाश मल्ल**लाई



यसपटक चुनावमा के-कस्तो सुरक्षा चुनौती देखिन्छन् ?

राजनीतिक दलले एक-अर्काप्रति असहिष्णु देखिने प्रवृत्ति पहिलेदेखिकै हो। एक-अर्काको झन्डा जलाउने, फरक पार्टीका उम्मेदवारको बदनाम गर्ने यसैका उदाहरण हुन्। त्यसमाथि अहिलेको चुनाव युवाले गरेका आन्दोलनको माग सम्बोधन नभई हुँदै छ। चुनावले सरकार मात्र बदल्ने हो। माग सम्बोधन नगरिएको असन्तुष्टिले सुरक्षा चुनौती थप्नेछ। त्यसबाहेक नेपालको अवस्थिति भूराजनीतिक रूपमा संवेदनशील स्थानमा छ। यसलाई हामीले बुद्धिमत्तापूर्वक सम्बोधन गर्न सकेनौं भने पनि ठुलो असर पर्नेछ। त्यस्तै पछिल्लोपटक आन्दोलनका क्रममा हजारौं कैदी र हातहतियार अझै नियन्त्रणमा आएको छैन।

सुरक्षा चुनौती कम गर्न के गर्नुपर्छ ?

मुख्यतः सरकारले सुरक्षा बढाउन गरेका काम लगातार सञ्चार गर्नुपर्छ। चुनावी सुरक्षाका लागि सरकारले लगानी बढाउनुपर्छ। सूचना संकलनदेखि पूर्वाधार तथा मानव स्रोत विकास लगानीविना सम्भव छैन। त्यसबाहेक भोलिका दिनमा शासन गर्छु भनेर चुनावमा होमिएका दल पनि जिम्मेवार हुनुपऱ्यो। नागरिक समाजले पनि समाजमा सम्प्रदायिक सद्भाव कायम गर्न काम गर्नुपर्छ।

चुनावी सुरक्षा सन्दर्भमा सामाजिक सञ्जालको कस्तो भूमिका देखिन्छ ?

समाजिक सञ्जाल समाजका खराबीलाई 'एम्प्लिफाई' गर्ने (बढाउने) उपकरण बनेको छ। सद्भाव भड्काउनेदेखि ट्रोलिङ गर्नेदेखि पछिल्लो समय फेक भिडियोको विस्तारमार्फत माहोल बिगार्न यसको भूमिका देखिन्छ। यसको अनुगमनदेखि जिम्मेवार प्रयोगमा जोड दिनुपर्छ।

प्रेरक प्रसंग

को बुद्धिमान् ?

सेठ र उनकी धर्मपत्नी हरेक दिन सत्संगमा जान्थे। सेठले एउटा सुगा पालेका थिए। एक दिन सुगाले सेठसित सोध्यो- सेठजी, तपाईंहरू हरेक दिन कहाँ जानुहुन्छ ? सेठले जवाफ दिए- हामी हरेक दिन साधुमहाराजको सत्संग सुन्न जान्छौं।

सेठजीको जवाफ सुनेपछि सुगाले भन्यो- 'हजुरहरू सत्संगमा जानुहुन्छ भने कृपया साधुमहाराजसँग म कहिले स्वतन्त्र हुन्छु भनेर पनि सोधिदिनुहोस् न है ?' हुन्छ भनी सत्संग सुन्न गए। सत्संग समाप्त भयो। सबै श्रोता बाहिरिएपछि सेठजीले सोधे- 'साधुमहाराज, मैले एउटा सुगा पालेको छु। त्यसले आज एउटा प्रश्न हजुरसामु राखिदिन अनुरोध गरेको छ। ऊ जान्न चाहन्छ कि ऊ कहिले स्वतन्त्र हुनेछ ?'

प्रश्न सुन्नासाथ साधु महाराज बेहोस भएर ढले। उनलाई सहयोगीले उठाएर आश्रमको भित्री भागमा लगे। सेठ चुपचाप त्यहाँबाट निस्किए। उनी घर पुग्नासाथ सुगाले सोध्यो- 'सेठजी, मेरो स्वतन्त्रताबारे साधु महाराजले के भन्नुभयो त ? ' सेठले भने- 'तेरो भाग्य नै खोटो रहेछ। प्रश्न सोध्नासाथ साधु महाराज बेहोस भएर ढल्नुभयो।'

सेठको जवाफ सुनेपछि सुगाले भन्यो- 'केही छैन सेठजी, मैले बुझें।'

अर्को दिन बिहान सेठ र उनकी पत्नी सत्संगका लागि निस्किँदै थिए, त्यति नै खेर सुगा पिँजरामा जानाजान छट्पटाउँदै बेहोस भएर ढल्यो। सेठलाई लाग्यो, ला ! सुगा त मऱ्यो कि क्या हो ! उनले सुगालाई पिँजराबाट बाहिर निकाले। मौका पाउनासाथ सुगा भुर्र उडेर बेपत्ता भयो।

सत्संगमा पुग्नासाथ साधुले सेठसित सोधे- 'हिजो तपाईं सुगाको बारेमा केही सोध्दै हुनुहुन्थ्यो, अब ऊ कहाँ छ ?' सेठले भने- 'महाराज, आज बिहानै ऊ जानाजान बेहोस भएको नाटक गरेर पिँजरामा लडेको रहेछ। मैले ऊ मरेछ भन्ने ठानेर बाहिर निकाल्नासाथ उडेर बेपत्ता भयो।'

सेठको जवाफ सुनेपछि मुसुक्क मुस्कुराउँदै साधुले भने- 'हेर्नुहोस् त सेठजी, तपाईं यति धेरै दिनदेखि सत्संग सुनेर पनि अझै सांसारिक मायामोहको पिँजरामा फसिरहनुभएको छ, तर त्यो सुगा भने सत्संगमा नआईकनै पनि मेरो एउटा इसारा बुझेर स्वतन्त्र भयो।'

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सर्वोच्चको रणनीतिक निर्णय



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले संसद् विघटनबारे सर्वोच्च अदालतले चुनावअघि नै फैसला नदिएकोमा असन्तुष्टि व्यक्त गरेछन्। निर्वाचनअघि नै आउनुपर्ने प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दाको सुनुवाइ निर्वाचनपछि पर्ने गरी साधारण तारेख राखिएको अदालतको फैसलापछि ओलीले यस्तो असन्तुष्टि व्यक्त गरेका हुन्। कुनै समय आफैं दुईपटक संसद् विघटन गरेका नेताले यस्तो भन्नुपर्ने दिन पनि आउने रहेछ। ओलीका लागि आफ्नो व्यक्तिगत स्वार्थका लागि संविधानविपरीत संसद् विघटन जायज हुने ? अहिले त्यति ठुलो आन्दोलनपछि परिवर्तनलाई भने स्विकार्न नसक्ने ? ओली राजनीतिलाई आफ्नो व्यक्तिगत मौजा ठान्दा रहेछन् कि के हो ? तर, अहिले सर्वोच्च अदातलले भने आफूलाई सुरक्षित राख्न पनि होला रणनीतिक निर्णय लिएछ।

● **करण बुढा**, बाजुरा

कहिले चेत्ने ?

पुराना दललाई अझै पनि भोट
दिन खोज्ने साथीहरूलाई एउटा
प्रश्न गर्न मन लागेको छ।
हामीले विगतमा देशका दुई ठुला
पुराना दल कांग्रेस-एमालेको
दुईतिहाइको सरकार पनि देख्यौं।
नेकपाको बहुमत सरकार पनि
देखियो। २०४६ यता यिनै
दलले एकल वा गठबन्धनमा
सरकार चलाए। तिनले गर्न सक्ने
जे-जति थियो गरे। तिनैको
शासनले हामी अहिले दयनीय
अवस्थामा आएका हौं। त्यसैले,
यो एकपटक पनि चाहिँ हामीले
नयाँलाई किन नहेर्ने ? नयाँ गर्छु
भनेर आएकालाई एकपटक
अवसर दिँदा साँच्चै केही गर्थे
कि ? काम नगर्ने प्रमाणित
भइसकेकै पक्षमा किन लाग्ने ?

● **विकास श्रेष्ठ**, दमक, झापा

खुसी दिन नसक्ने विकास

निर्माणाधीन काठमाडौं-निजगढ
द्रुतमार्गअन्तर्गतको सबैभन्दा
अग्लो पुल मकवानपुरको
लेनडाँडा क्षेत्रमा निर्माण सम्पन्न
भएको खबर हिजो सबै मिडियामा
छाएको थियो। ८२ मिटर उचाइ
र ३३९ मिटर लम्बाइको यो
पुलको निर्माणले फास्ट ट्र्याक
थप नजिक पुगेको छ। उचाइका
हिसाबमा यो पुल झन्डै धरहराकै
हाराहारीको रहेछ। देशका लागि
यो खुसीको खबर भए पनि यो
परियोजना निर्माणमा भएको
ढिलाइले खासै उत्साहित निर्माण
गर्न सकेन। कतिपय देशमा
देशले काँचुली फेर्ने समयमा यहाँ
पूर्वाधारसमेत बन्न सक्दैनन्।
अनि, यस्ता खुसीका खबर पनि
खुसी बन्न नसक्ने रहेछ।

● **विष्णु भुसाल**, नेपालगन्ज

धार्मिक सद्भाव अपनाऔं

शनिबार रौतहटमा हिन्दु-मुस्लिम सम्प्रदायबिचको झडपले उग्र रूप लिएपछि कर्फ्युको आदेश जारी गर्नुपऱ्यो। शुक्रबार नै दुई पक्षबिच सद्भाव विकास गर्ने सम्बन्धमा सहमति भए पनि अवस्था नियन्त्रणभन्दा बाहिर गएपछि कर्फ्यु जारी गर्नुपरेको समाचार आइरहेका छन्। चुनावको मुखमा यस्तो घटनाले राम्रो सन्देश दिँदैन। तर, कुनै पनि समयमा धार्मिक दंगा राम्रो होइन। त्यस भेगमा पहिले पनि हिन्दु-मुस्लिमबिचको दंगा भएका समाचार आउँथे। धार्मिक द्वन्द्वले वर्तमानलाई मात्रै होइन, भविष्यलाई पनि असर गर्छ। सबैले धार्मिक सद्भाव विकास गर्न प्रशासनले मात्र होइन, समाजका सबै तप्का लाग्नुपर्छ।

● **भोगेन्द्र चौधरी**, चन्द्रनिगाहापुर, रौतहट

सीमावर्ती क्षेत्रमा जमातको जितले भारतमा प्रभाव पार्छ ?

जमात पहिलेदेखि आर्थिक रूपमा विपन्न क्षेत्रमा प्रभावशाली देखिन्छ र भारतसँग सीमा जोडिएका भाग यतै छन्



देश/विदेश

● देवदत्त चक्रवर्ती

बंगलादेशमा हालै सम्पन्न आम निर्वाचन जमात-ए-इस्लामीका लागि धेरै हिसाबले महत्त्वपूर्ण रह्यो। यसपटक पार्टीले अहिलेसम्मकै उच्चतम मत हिस्सा र सिट प्राप्त गरेको छ। १३ वर्ष लामो प्रतिबन्धपछि चुनावी राजनीतिमा भाग लिएको जमातले २९९ सिटमध्ये ६८ सिट जित्दै दोस्रो ठुलो दल बनेको छ। जमातले जितेका सिट प्रायः भारतसँग सिमाना जोडिएका संवेदनशील क्षेत्रमा रहेका छन्। जमातले जितेको कुल सिटमध्ये झन्डै तीनचौथाइ हिस्सा त्यही भागमै पर्छ। जमात-ए-इस्लामीले भारतसँग सीमा जोडिएको निर्वाचन क्षेत्रमा ५८ सिट जित्यो, जसमध्ये ३६ वटा पश्चिम बंगालसँग सिमाना जोडिएका छन्। १६ वटा आसामसँग सिमाना जोडिए थिए भने बाँकी उत्तरपूर्वमा थिए।


उसो त जमातको प्रभाव क्षेत्र पहिलेदेखि नै आर्थिक रूपमा पछाडि परेका र धर्मको प्रभाव बढी भएको भाग थिए। र, भारतसँग सीमा जोडिएका बंगलादेशी क्षेत्र यतै रहेका छन्। 'परम्परागत रूपमा यसको भोट बैंक ग्रामीण तथा सीमावर्ती जिल्लामै थिए। ती भागमा भारत विरोधी भावना पहिलेदेखि गहिरो छ। सम्भवतः हिंसाको ऐतिहासिक सम्झनाले अझै पनि राजनीतिक सोचलाई प्रभाव पार्छ। यही सन्दर्भले सीमावर्ती क्षेत्रमा भारतविरोधी दल जमातको शक्तिलाई व्याख्या गर्छ,' बंगलादेशी भूराजनीतिक विश्लेषक आसिफ बिन अलीले भने।

मानव अधिकारकर्मी रेजाउर रहमान लेनिन भने सीमावर्ती क्षेत्रमा बंगलादेशका ठुला पार्टीको कमजोर संगठन जमातको बलियो प्रदर्शनका लागि जम्मेवार मान्छन्। विगतमा अबामी लिग र हालको बंगलादेश नेसनालिस्ट पार्टी (बिएनपी)ले ती भागमा संगठन विस्तार गर्न खासै महत्त्व नदिएको उनको बुझाइ छ। 'भारतसँग सीमा जोडिएका बंगलादेशी भागमा स्थापित पार्टीविरुद्ध मतदाताको आक्रोश छ। त्यस भेगमा जमातको बलियो संगठन मात्र छैन, ऊ सामाजिक कल्याणकारी कार्यक्रम र रुढिवादी धार्मिक कार्यक्रममा पनि सक्रिय छ,' रहमान लेनिनले भने। विशेषतः ती भेगका विद्यालय, स्वास्थ्य सेवा र सामुदायिक पूर्वाधारजस्ता कल्याणकारी कार्यक्रममा जमातको सक्रिय उपस्थिति रहेको रहमान आफैंले देखेको बताए।

त्यसबाहेक रुढिवादी इस्लामिक पार्टी भएका कारण यसले ढाकाको धर्मनिरपेक्ष राजनीतिक प्रभावबाट टाढा रहेको र बेवास्ता महसुस गर्ने यस भेगका मतदातालाई आकर्षित गरेको रहमानको विश्लेषण छ।

भारतले आफ्ना सिमानासँग जोडिएका पश्चिम बंगाल र आसामजस्ता राज्यसँग जोडिएका भागमा जमातको बढेदो प्रभावमाथि नजर राख्नेछ। आसामसँग जोडिएको भेग रंगपुरमा जमातको बलियो उपस्थितिले नयाँ आयाम थपेको नयाँ दिल्लीको बुझाइ छ।

उत्तरी बंगलादेश ऐतिहासिक रूपमा आर्थिक रूपमा पछाडि परेको भूभाग हो। यस भागको उलेख्य मानिस कामको लागि भारतीय भागमा आउने गरेको इतिहास छ। सीमापार बसाइँसराइले आसाममा पहिचानको राजनीति र पश्चिम बंगालमा साम्प्रदायिक ध्रुवीकरणजस्ता विषय प्रभावी हुने भारतको लामो समयदेखिको चिन्ता रहने गरेको छ।



यद्यपि, तथ्यांकले जमातले सीमावर्ती क्षेत्र पूर्ण रूपमा कब्जा गरेको संकेत भने गर्दैन। बरु यसको प्रभाव सीमित र क्षेत्रीय देखिन्छ। असमसँगको निकटता र बलियो धार्मिक सञ्जालका बाबजुद जमातले सिल्हेट डिभिजनमा एउटा पनि सिट जित्न सकेन, जसले पार्टीको सीमिततालाई प्रकाश पार्छ। ढाकाको दृष्टिकोणबाट हेर्दा जमातको बढ्दो जितका बाबजुद सीमावर्ती क्षेत्र अझै पनि उल्लेख्य सिटमा बिएनपीकै राजनीतिक नियन्त्रण देखिन्छ। तर, नयाँदिल्लीको दृष्टिकोणबाट भने बिएनपीको तुलनामा कम भए पनि जमातको बढेको सिट संख्याले भूराजनीतिक चिन्तालाई बल प्रदान गरेको छ।

ढाकास्थित 'नर्थ साउथ युनिभर्सिटी'का प्राध्यापक तथा जमातको घोषणापत्रका प्रमुख मस्यौदाकारमध्ये एक रहेका वारिसुल करिमको विचारमा जमातको जितको एउटा प्रमुख कारणमध्ये एक विगत १५ देखि १७ वर्षको अवधिमा अबामी लिगले उसमाथि गरेको दमन हो। हसिनाको शासनकालमा धेरै जमातका नेता, कार्यकर्ता र समर्थक खुलेर हिँड्न सक्दैनथे। धेरै ज्यान जोगाउन देश छाडेर भागेका थिए। सातखिराजस्ता सीमावर्ती क्षेत्रमा उनीहरूको घरमा बुलडोजर लगाएर भत्काइएको करिमले बताए। अहिले हसिना सत्ताच्युत भएसँगै राजनीतिक वातावरण खुला हुँदा मानिसहरूले जमातलाई प्रायः पीडितको रूपमा सहानुभूति राखेको करिमको मूल्यांकन छ।

करिमका अनुसार भारतले जमातसँग डराउनुपर्ने कुनै कारण छैन। 'न त जमातले टकराव वा उलटफेर गर्ने मार्ग अपनाएको छ। न त योसँग कुनै 'अर्धसैनिक बल' नै छ। यो दलले सीमा क्षेत्रलाई अस्थिरता निम्त्याउने लक्ष्य पनि लिएको छैन। न त त्यसतर्फ कुनै गतिविधि नै गरेको छ,' करिमले भने। जमातले बंगलादेशलाई कट्टरपन्थी मार्गमा अघि बढाउने चाहेको भन्ने भारतीय धारणालाई पनि उनी अस्वीकार गर्छन्। विगतको अनुभवमा आधारित भएर धारणा बनाउनुभन्दा राम्रो समझदारी विकास गर्दै लगे भ्रम हट्ने उनको ठम्याइ छ। 'जमात मौलिक रूपमा भारतविरोधी दल होइन। यसैले, दुई पक्षबिच व्यावहारिक सम्बन्ध कायम राख्न सम्भव छ,' जमातले भने।

द प्रिन्टबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

जलवायु परिवर्तनले स्वास्थ्य र आवासलाई पार्ने असर

अहिलेको बढ्दो तापमानयुक्त वातावरणमा हामी बस्ने घर, आवासीय भवन र अन्य संरचना जलवायुमैत्री हुनु आवश्यक छ



● आङ ली
ली मेलबोर्न स्कुल अफ पपुलेसन एन्ड ग्लोबल हेल्थ रिसर्च फेलो हुन् ।



जलवायु परिवर्तनले घरको भित्री अवस्था बिग्रन सक्छ । अत्यधिक तापक्रमले निर्माण सामग्रीको आयु घटाउने र प्रदूषण उत्पन्न गर्ने सम्भावना बढाउँछ । डढेलोको धुवाँबाट निस्कने कण र अन्य खतरनाक वायु प्रदूषक भित्री वातावरणमा घुसपैठ गर्न सक्छन् । यी दुवै प्रक्रियाले आवासभित्रको गुणस्तर खराब बनाउन सक्छन् ।

गत वर्ष युरोपमा दश दिनको अत्यधिक गर्मीले लगभग २३०० जनाको ज्यान लियो । न्यु साउथ वेल्सको तटमा आएको भीषण बाढीले ४८ हजारभन्दा बढी मानिस अलपत्र परे र लस एन्जलसमा लागेको डढेलोले कम्तीमा १६ हजार घर तथा भवन ध्वस्त भए । यस्ता घटनाहरूले जलवायु वैज्ञानिकले लामो समयदेखि चेतावनी दिएका कुराहरूलाई संकेत गर्दछ : जलवायु-सम्बन्धित चरम घटना तीव्र हुँदै गइरहेका छन् । कमजोर आवासले हामीलाई जलवायु परिवर्तनको प्रभावका लागि बढी जोखिममा पार्न सक्छ । त्यसैले अहिलेको बढ्दो तापमानयुक्त संसारमा हाम्रा घर र आवास प्रणाली जलवायुमैत्री हुनु आवश्यक छ । यसको अर्थ तिनीहरूले हामीलाई गर्मीको लहर, बाढी र डढेलोबाट जोगाउनुपर्छ, र वायु प्रदूषकहरूलाई बाहिर राख्न सक्नुपर्छ । र, आवास प्रणालीले किफायती र सुरक्षित आवास प्रदान गर्नुपर्छ ।

घर तथा भवन निर्माणका लागि स्थान छनोटले पनि महत्त्वपूर्ण भूमिका खेल्छ । केही साताअघि जारी गरिएको अस्ट्रेलियाको पहिलो राष्ट्रिय जलवायु जोखिम मूल्यांकनले अनुमान गरेको छ कि ८.७ प्रतिशत आवासीय भवन धेरै उच्च जोखिम भएका क्षेत्रमा छन् । उच्च विश्वव्यापी तापक्रमस्तरको परिदृश्यमा यो अनुपात २०९० सम्ममा १३.५ प्रतिशतसम्म बढ्ने अनुमान गरिएको छ । आवास र स्वास्थ्य अभिन्न रूपमा जोडिएका छन् । ल्यान्सेट पब्लिक हेल्थमा प्रकाशित एउटा नयाँ पत्रमा मेरा सहकर्मी र मैले जलवायु परिवर्तनले हाम्रा घर र स्वास्थ्यलाई असर गर्ने धेरै तरिका पहिचान गरेका छौं । आधारभूतस्तरमा आवासले हामीलाई हानिकारक तत्त्वबाट जोगाउँछ । जलवायु परिवर्तनका चुनौतीको सामना गर्न लचिलो आवास र आवास प्रणालीले प्रमुख भूमिका खेल्छन् ।

जलवायु परिवर्तनले हाम्रा घरको भित्री अवस्था बिग्रन सक्छ । उदाहरणका लागि अत्यधिक तापक्रमले निर्माण सामग्रीको आयु घटाउने र प्रदूषकहरू उत्पन्न गर्ने सम्भावना बढाउँछ । डढेलोको धुँवाबाट निस्कने कण र अन्य खतरनाक वायु प्रदूषकहरू आवासको भित्री वातावरणमा घुसपैठ गर्न सक्छन् । यी दुवै प्रक्रियाले आवासभित्रको गुणस्तर खराब बनाउन सक्छन् । यो पक्रियाले घरभित्रको हावाको गुणस्तरलाई असर गर्न सक्छ । बाहिरको अत्यधिक गर्मीले घरभित्र असह्य तापक्रम निम्त्याउन सक्छ भन्ने कुरा उल्लेख गरिरहन आवश्यक नपर्ला । यसैबिच बाढी, आँधीबेहरी र चक्रवातले घरका संरचनात्मक क्षति पुऱ्याउन सक्छ । जलवायु प्रदूषणले मानिसलाई विषाक्त पदार्थ जस्तै- दूषित पानी, एलर्जी, श्वासप्रश्वास समस्या र संक्रामक रोगहरू (पानी र लामखुट्टेबाट सर्ने रोग)को जोखिम बढाउन सक्छ ।

जलवायु परिवर्तन र आवास सुरक्षा

जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमले आवास सुरक्षा र किफायतीलाई पनि असर गर्न सक्छ । आवासको असुरक्षा पहिले नै जलवायु परिवर्तनबाट सिर्जित समस्या हुन् । तर, परिवर्तनशील जलवायुले यी समस्या बढाउँछ । त्यसैगरी, आवास संकटले हामीलाई जलवायु परिवर्तनका लागि बढी जोखिममा पुऱ्याउँछ । जलवायुजन्य प्रकोपले आवास लागत र जीवनयापनको सामान्य लागतमा दबाब दिन्छ । बासिन्दाहरूले आफ्नो धितो र भाडा भुक्तानीसँगै मर्मत-सम्भारका लागि तिर्नुपर्ने हुन सक्छ । यसैबिच बढ्दो चरम मौसमी घटनाहरूले बिमा प्रिमियम उच्च बनाउँछ । यी सबैले आवास किफायतीमा दबाब दिन्छ ।

अत्यधिक तापक्रमले ऊर्जा गरिबीको जोखिम पनि बढाउँछ । घरलाई पर्याप्त रूपमा ततााउन वा चिसो पार्न नसक्दा त्यहाँ बसोवास गर्नेहरूको शारीरिक र मानसिक स्वास्थ्य दुवैमा नकारात्मक असर पर्न सक्छ । यसबाहेक, जलवायुसँग सम्बन्धित प्रकोपले बाध्यकारी स्थानान्तरण गराउन सक्छ, जसको प्रवाहले पारिवारिक जीवनमा अवरोध, आय गुमाउने, लैंगिक हिंसा, सामाजिक विच्छेद र सेवाको पहुँच कम हुनुका साथै स्वास्थ्य र मानिसको कल्याणमा प्रभाव पार्छ । उल्लेखनीय रूपमा, जलवायु परिवर्तनको प्रभावले किफायती आवासको आपूर्तिलाई घटाउँछ ।

जलवायु परिवर्तनको आवासमा पर्ने प्रभाव असमान छ भन्ने देखाउने अन्य उदाहरण पनि छन् । यसको असर कम लाभान्वित समूहमा असमान रूपमा प्रवाह भइरहेको छ । जब जलवायु जोखिम भएका क्षेत्रहरू बढी आवश्यक हुन्छन्, यसले ती क्षेत्रमा आवास र अन्य लागत बढाउन सक्छ । जलवायु रूपान्तरणले कम आय भएका घरपरिवारलाई उच्च जोखिम र कम संरक्षित क्षेत्रमा विस्थापित गर्न सक्छ । हामीले संयुक्त राज्य अमेरिका र डेनमार्कलगायतका देशहरूमा यस्ता समस्या देखेका छौं ।

जलवायुमैत्री आवासको परिकल्पना

मानिसहरूलाई जलवायु परिवर्तनबाट उत्पन्न बढ्दो जोखिमबाट जोगाउनु आवश्यक छ । यसको अर्थ यो बढी तीव्र मौसमी अवस्था सहन पर्याप्त बलियो हुनुपर्छ, ऊर्जा कुशल हुनुपर्छ, र राम्रो थर्मल प्रदर्शन हुनुपर्छ जसले भेन्टिलेसन र जलवायु नियन्त्रण दुवैलाई अनुमति दिन्छ । यसका लागि जलवायु-लचिलो आवासमा यस्ता सुविधा समावेश हुनुपर्छ : राम्रोसँग निर्मित जग, भित्ता र छाना, भेन्टिलेसन र इन्सुलेसन, आगो र तापप्रतिरोधी निर्माण सामग्री इत्यादि । यहाँ भवन संहिताले पनि उत्तिकै महत्त्वपूर्ण भूमिका खेल्छ । समग्र समाज परिवर्तनशील जलवायुको बारेमा सचेत हुनुका साथै विद्यमान आवासको स्तरोन्नति गर्न सरकारले पहल गर्नुपर्छ ।

हामीले प्रगतिका केही संकेत पनि देखेका छौं । उदाहरणका लागि हालैका वर्षहरूमा राष्ट्रिय निर्माण संहितामा गरिएका अद्यावधिकले ऊर्जा दक्षता र आवश्यक मापदण्ड बढाएर जलवायु परिवर्तनको बढ्दो प्रभावलाई ध्यानमा राखेका छन्, जसमा अन्य उपाय पनि समावेश छन् । हाल आवासमा प्रयोग हुने सामग्री केही हदसम्म खराब गुणस्तरका छन् । सामग्रीको गुणस्तरमा विशेष जोड दिनुपर्छ । आवास बनाइँदा न्यूनतम मापदण्ड पूरा गरिनुपर्छ । मानिसहरूलाई राम्रोसँग आवास प्रदान गर्नु भनेको घरहरूको भौतिक निर्माणको मात्र सवाल होइन, यो उनीहरूको स्वास्थ्य र उज्ज्वल भविष्यसँग पनि जोडिन्छ । जलवायु-लचिलो आवास किफायती, सुरक्षित हुनुपर्छ र त्यहाँ बस्ने बासिन्दालाई काम, शिक्षा र सामाजिक सम्बन्धको पहुँचका लागि अवसर प्रदान गर्नुपर्छ ।

अहिले करिब तीन अर्ब तीस करोडदेखि तीन अर्ब ६० करोड मानिस जलवायु परिवर्तनको उच्च जोखिममा छन् । उनीहरू बाढी, खडेरी र आँधीबाट मर्ने खतरा १५ गुणाले बढेको छ । जलवायु परिवर्तनले खाद्य असुरक्षालाई पनि बढाएको छ । पानीको सुरक्षालाई असर गरेको छ । अत्यधिक गर्मीका कारण रोग र मृत्युदर दुवै बढिरहेको छ । बढ्दो तापक्रम, जलवायु प्रकोपका घटना र जीविकोपार्जन तथा संस्कृतिमा भइरहेको हानि-नोक्सानीले मानसिक स्वास्थ्यका चुनौतीहरूलाई निम्त्याइरहेको छ । जीवाश्म इन्धनको प्रयोगले तीव्र गतिमा विश्वव्यापी उष्णतालाई निम्त्याइरहेकोतर्फ प्रतिवेदनले विशेष जोड दिएको छ ।

- अल जजिराबाट

इतिहासमा आज



अमेरिकामा कोभिड-१९ का कारण मृत्यु हुनेको संख्या पाँच लाख पुग्यो, जुन पहिलो विश्वयुद्ध, दोस्रो विश्वयुद्ध र भियतनाममा मारिएका अमेरिकीभन्दा धेरै हो ।

- **सन् १८९९** : स्पेन र अमेरिकाबिच भएको एडाम्स-ओनिस सन्धिपछि स्पेनले फ्लोरिडा क्षेत्र अमेरिकालाई हस्तान्तरण गऱ्यो ।
- **सन् १८२५** : रुस र क्यानडामा औपनिवेशिक शासन चलाइरहेको बेलायतबिच अलस्का-क्यानडा सिमानामा सहमति बन्यो ।
- **सन् १९५८** : इजिप्ट र सिरिया मिलेर एकीकृत राज्य 'संयुक्त अरब गणतन्त्र' बनेको घोषणा ।
- **सन् १९७२** : खलिफा विन हमाद अल थानी केही महिनाअघि बेलायतको शासनबाट स्वतन्त्र भएको कतारका अमिर तथा प्रधानमन्त्री बने ।
- **सन् १९७३** : एक वर्षअघि चीन र अमेरिकाबिच सम्बन्ध सुधिएपछि एक-अर्काको देशमा सम्पर्क कार्यालय स्थापना भयो ।
- **सन् १९८६** : फिलिपिन्सका तानाशाह फर्डिनान्ड मार्कोसविरुद्ध अन्दोलन सुरु । आन्दोलनले मार्कोसको २१ वर्ष लामो शासन अन्त्य गरेको थियो ।
- **सन् १९९७** : स्कटल्यान्डको रोसलिन इन्स्टच्युटले आफूले एक भेडाको वयस्क कोषबाट सिंगो जीवको क्लोन गरेको घोषणा, डोली नाम दिइएको उक्त भेडा पहिलो सफल क्लोन गरिएको स्तनधारी जीव हो ।

दक्षिण कोरियाका पूर्वराष्ट्रपतिलाई आजीवन कारावास

सिउल / सैन्य शासनको प्रयास र विद्रोहको योजना बनाएको आरोपमा दक्षिण कोरियाका पूर्वराष्ट्रपति युन सुक येओललाई आजीवन कारावासको सजाय सुनाइएको छ । युनले ३ डिसेम्बर २०२४ मा नेसनल एसेम्बलीलाई सिल गर्न सेना तैनाथ गरेको र विपक्षी राजनीतिज्ञलाई पक्राउ गर्ने आदेश दिएर संविधानलाई उल्ट्याउने प्रयास गरेको सियोलको एक अदालतले फैसला सुनाएको छ । युनको कार्यले दक्षिण कोरियाको लोकतन्त्रलाई मौलिक रूपमा क्षति पुऱ्याएको छ, न्यायाधीश जी ग्वी-योनले अदालतलाई भने ।


पूर्वराष्ट्रपति युन

अभियोजकले मृत्युदण्डको माग गरेका थिए । युनको मार्सल ल आदेशले राष्ट्रलाई पहिलेभन्दा बढी ध्रुवीकृत बनाएको छ । सुनुवाइ हुनुभन्दा केही घण्टाअघि युनका समर्थकको विशाल भिड अदालतबाहिर भेला भएको थियो । उनीहरूले 'युन, फेरि' लेखिएका ब्यानर बोकेर अदालतमा उपस्थित भएका थिए । फैसलापछि कतिपय प्रशंसक आँसुले भक्कानिएका थिए । सो अवसरमा युनविरोधी प्रदर्शनकारी पनि उपस्थित थिए, जसले उनलाई मृत्युदण्डको सजाय दिनुपर्ने माग गरेका थिए । युनका वकिलले फैसला राजनीतिक उद्देश्यले अभिप्रेरित भएको बताए र न्यायाधीशले दबाबमा फैसला गरेको आरोप लगाए । यदि दुवै पक्षले पुनरावेदन सुरु गरे भने मुद्दा सर्वोच्च अदालतमा जानेछ, जसको अर्थ फैसलाको टुंगो लाग्न महिनौं लाग्न सक्छ ।

ट्रम्पले लगाएको भन्सार शुल्कविरुद्ध अदालतको अंकुशले कस्तो गर्ला असर ?



● केन्ट जोन्स
जोन्स ब्याब्सन कलेजका अर्थशास्त्र विषयका प्राध्यापक हुन् ।



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आर्थिक एजेन्डाले निकै ठुलो न्यायिक धक्का खाएको छ । अमेरिकाको सर्वोच्च अदालतले फेब्रुअरी २०, २०२६ मा ट्रम्पका कैयौं भन्सार शुल्क खारेज गरिदिएको छ । नौ सदस्यीय बेन्चमा ६ जना ट्रम्पको शुल्क लगाउने निर्णयको विपक्षमा र अन्य तीनजना पक्षमा उभिएका थिए । ट्रम्पले अधिकार हद नाघेको अदालको फैसलामा उल्लेख छ । फैसला गर्ने न्यायाधीशको पनि ट्रम्पले आलोचना गरेका छन् । आयात शुल्कले अमेरिकामा लगानी र उत्पादन बढ्ने ट्रम्पको दाबी छ । उसो त ट्रम्पले अझै केही भन्सार शुल्क पुनर्स्थापित गर्न सक्छन् । तर, उनले अहिले जुनसुकै देशमाथि जतिखेरै आफ्नो इच्छाअनुसार भन्सार लगाउने शक्ति भने गुमाएका छन् । यस शक्तिलाई प्रयोग गरेर ट्रम्पले धेरै देशलाई मोलमोलाइका साथ सम्झौता गर्न बाध्य पारेका थिए ।

सर्वोच्च अदालतले सन् १९७७ मा लागू भएको 'इन्टर्नेसनल इमर्जेन्सी इकोनोमिक पावर्स एक्ट'अन्तर्गत ट्रम्पले एकतर्फी रूपमा अन्य देशमा शुल्क लगाउन नपाउने फैसला सुनायो । जनवरी २०२५ देखि ट्रम्पले लगभग हरेक देशविरुद्ध यही ऐनमा टेकेर भन्सार शुल्क लगाएका थिए । व्यापार अर्थशास्त्रीको रूपमा मलाई यस फैसलाले आश्चर्यचकित बनाएको छ । फैसलाले ट्रम्पको जतिखेर मनलग्यो जसलाई पनि भन्सार लगाउने पाउने अधिकारको वैधानिकतासम्बन्धी केही प्रश्नको जवाफ दिएको छ । तथापि, अन्य केही प्रश्न भने अनुत्तरित नै छोडिदिएको छ ।

अदालतले कस्ता करविरुद्ध फैसला गरेको हो ?

सर्वोच्च अदालतले गैरकानुनी ठहर गरेको भन्सार शुल्कअन्तर्गत ट्रम्पले अरू देशमा लगाएका व्यापार अवरोधबराबरको 'रेसिप्रोकल (पारस्परिक)' कर पनि समावेश छ । यसमा चीनमाथि लगाइएको ३४ प्रतिशत दरदेखि विश्वको बाँकी भागका लागि लगाइएको १० प्रतिशतको आधारभूत दरसम्म समावेश छन् । त्यस्तै क्यानडा, चीन र मेक्सिकोबाट अमेरिका भित्रिने केही सामानमाथि लगाइएका २५ प्रतिशत कर पनि यसैमा समावेश छ । ती देशले अमेरिकामा फेन्टानिलको प्रवाहलाई रोक्न असफल भएको भन्दै यो शुल्क घोषणा गरिएको थियो । यी भन्सार कर हटाएर सर्वोच्च अदालतले सम्भवतः अमेरिकी कर तालिकालाई अप्रिल २, २०२५ अघि स्थितिमा फर्कन बाध्य पारिदिएको छ ।

ट्रम्पले आफूले तय गरेका धेरैजसो भन्सार दरको कानुनी औचित्य पुष्टि गर्न 'इन्टरनेसनल इमर्जेन्सी इकोनोभिक पावर्स एक्ट' प्रयोग गर्दै आएका थिए । यस ऐनअनुसार चालिएको कदमको संसद्मा प्रश्न नउठ्ने भएकाले उनले सजिलो बाटो रोजेका थिए । यसले अमेरिकी राष्ट्रपतिलाई आर्थिक आपत्कालमा प्रतिबन्ध र सम्पत्ति जफतजस्ता उपाय प्रयोग गर्ने अनुमति दिएको छ । तर, यस ऐनमा एकतर्फी भन्सार शुल्क लगाउने विषय नै नरहेको अहिले आएर सर्वोच्च अदालतले व्याख्या गरेको छ । अमेरिकी राष्ट्रपतिले भन्सार शुल्क बढाउन प्रयोग गर्ने अन्य कानुनमा शुल्क कसरी लगाउन सकिन्छ भनेर सबै कुरा सविस्तार उल्लेख रहेको तर 'इन्टर्नेसनल इमर्जेन्सी इकोनोमिक पावर्स एक्ट, १९७७' मा त्यस्तो व्यवस्था नरहेको अदालतले भनेको छ ।

राष्ट्रपति ट्रम्पले भन्सार शुल्क निर्धारण गर्ने आफ्नो शक्ति प्रयोग गर्दा अमेरिकी संविधानको धारा १ र धारा ८ अतिक्रमण गरेको सर्वोच्च अदालतको पछिल्लो फैसलामा उल्लेख छ ।

ट्रम्पसँग अब भन्सार बढाउन के विकल्प छन् ?

सर्वोच्च अदालतको पछिल्लो निर्णयपछि राष्ट्रपतिले राजनीतिक स्वार्थ वा उदेश्यले कुनै देशमाथि भन्सार शुल्क तोक्न कठिन हुनेछ । जस्तो, ट्रम्पले ब्राजिलमा जेयर बोल्सोनारोविरुद्ध चलेको मुद्दाको कारण त्यस देशविरुद्ध भारी भन्सार लगाएका थिए । अब सर्वोच्च अदालतको फैसलापछि कुनै देशविरुद्ध भन्सार लगाउन मुख्यतः धारा २३२ र ३०१ प्रयोग हुन सक्छ । ट्रम्पले आफ्नो भन्सार शुल्क लगाउने शक्ति विस्तार गर्न नयाँ कानुन संसद्मा लान सक्छन् । तर, नोभेम्बरको मध्यावधि चुनाव नजिकिँदै गएको सन्दर्भमा त्यस्तो कानुन पारित हुन कठिन मात्रै होइन, असम्भव देखिन्छ ।

ट्रम्पले भन्सार शुल्क निर्धारण गर्ने शक्ति प्रयोग गर्दा अमेरिकी संविधानको धारा १ र धारा ८ अतिक्रमण गरेको सर्वोच्च अदालतको फैसलामा छ । आपत्कालको समयमा राष्ट्रपतिले भन्सार शुल्क लगाउन पाउने अधिकार प्रयोग गर्दा संविधानको यो प्रावधान पछ्याउनुपर्ने फैसलामा भनिएको छ ।

आपत्कालको समयमा राष्ट्रपतिले भन्सार शुल्क लगाउन पाउने अधिकार प्रयोग गर्दा संविधानको यो प्रावधान पछ्याउनुपर्ने फैसलामा भनिएको छ । ट्रम्पले भन्सार बढाउने निर्णयले राजस्व बढाउने बताउँदै आएका छन् । तर, अदालतको निर्णयमा यही पक्षलाई इंगित गर्दै धारा १, धारा ८ प्रावधानअनुरूप राजस्वको विषय मूलतः कांग्रेसको क्षेत्राधिकार भएको उल्लेख गरेको छ ।

फैसलाले ट्रम्पको व्यापार नीतिमाथि के अर्थ राख्छ ?

ट्रम्पले अमेरिकी व्यापारिक साझेदारलाई द्विपक्षीय सम्झौता वार्तामा बस्न बाध्य पार्न सोही ऐन प्रयोग गरिरहेका थिए । अहिले ऐनअनुरूप शुल्कहरू असंवैधानिक घोषित भएपछि धेरै देशले भइसकेको सम्झौतामा पुनः वार्ता हुनुपर्ने माग गर्न सक्छन् । तथापि, सर्वोच्चको निर्णयले ट्रम्प प्रशासनको सबै भन्सार शुल्क भने समेट्दैन । यसमा सवारीसाधन, स्टिल र आल्मुनियमजस्ता विशिष्ट उद्योगमाथि सेक्सन २३२ अन्तर्गत लगाइएको राष्ट्रिय सुरक्षा शुल्क पनि छ । त्यस्तै, सेक्सन ३०१ अनुरूप राष्ट्रपतिलाई व्यक्तिगत देशविरुद्ध शुल्क लगाउन अनुमति दिइएको छ । यदि कुनै देशले अमेरिकाविरुद्ध अनुचित वा भेदभावपूर्ण व्यापार गरेको लागेमा सेक्सन ३०१ प्रयोग गर्न सकिन्छ । चिनियाँ आयातमाथि लगाइएका केही भन्सार शुल्कलाई यसले समेट्छ ।

तिरिसकेको भन्सार शुल्क फिर्ता होला ?

सर्वोच्च अदालतको निर्णयले भन्सार छुटको प्रश्नलाई सम्बोधन नगरेजस्तो देखिन्छ । तर, कैयौं कम्पनीले हाल असंवैधानिक भनिएको प्रावधानअनुरूप आफूले तिर्नुपरेको रकम फिर्ता माग्ने संकेत गरिसकेका छन् । सिद्धान्तमा, सर्वोच्च अदालतले यस उपायलाई अनुमोदन गरेमा भन्सार शुल्कको भुक्तानीको रसिद भएको कुनै पनि अमेरिकी कम्पनीले शुल्क फिर्ता पाउन सक्छन् ।

फैसलाको राजनीतिक परिणाम

ट्रम्पको भन्सारप्रति आमअमेरिकी जनमत पहिले नै नकारात्मक थियो । यस्तोमा राष्ट्रपतिले अस्वीकृत भन्सार करलाई नयाँ करमार्फत प्रतिस्थापन गर्ने प्रयास गरेमा सम्भावित प्रतिक्रियाको सामना गर्नुपर्नेछ । आगामी नोभेम्बरमा मध्यावधि चुनावलाई ध्यानमा राख्दै कंग्रेसमा रिपब्लिकन पार्टीका सांसद मतमा असर पर्न सक्ने डरले ट्रम्पको आगामी कर नीतिप्रति सशंकित हुन सक्छन् । उनीहरूको आगामी प्रतिक्रिया रोचक हुनेछ । उदाहरणका लागि, क्यानडासँग सीमा जोडिएका राज्यका रिपब्लिकन सांसदहरू नै ओटोवासँगको व्यापारविरुद्ध उभिन सक्छन् । यसले ट्रम्पको करनीतिमा थप अवरोध उत्पन्न गर्न सक्छ ।

- द कन्भर्सेसनबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार १० फागुन ०८२

१६ वर्षमा सम्पत्ति शुद्धीकरणविरुद्ध १२६ मुद्दा, एक खर्ब बिगो दाबी

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा उजुरी, अनुसन्धान र मुद्दा बढ्दो, सम्पत्ति शुद्धीकरणविरुद्धको मुद्दामा ८० प्रतिशत सफलता प्राप्त गरेको विभागको दाबी

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक गजेन्द्र ठाकुर भन्छन्-

नयाँ कानुनी व्यवस्थाअनुसार ०८० चैत मसान्तसम्म परेका उजुरीका आधारमा मात्रै विभागले मुद्दा दायर गरिरहेको छ। ०८१ वैशाखदेखिका उजुरी सम्बन्धित निकायमै पठाउने गरेका छौं। यद्यपि, हामीले प्रारम्भिक अनुसन्धान भने गर्ने गरेका छौं, आवश्यक परेको अवस्थामा सम्बन्धित निकायलाई अनुसन्धानमा पनि सघाउँदै आएका छौं।



कृष्ण रिजाल/नयाँ पत्रिका

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले १६ वर्षमा एक सय २६ मुद्दा दर्ता गरेको छ। विभागको स्थापना ३१ असार ०६८ मा भए पनि २० असार ०६६ मा राजस्व अनुसान्धान विभागमार्फत सम्पत्ति शुद्धीकरणसम्बन्धी पहिलो मुद्दा दायर गरिएको थियो। सम्पत्ति शुद्धीकरण ऐन, २०६६ जारी भएपछि भने अर्थ मन्त्रालयमातहत रहने गरी विभागलाई यस्तो मुद्दा हेर्ने जिम्मेवारी दिइएको हो। सो मितिदेखि चालू आव ०८२/८३ को ६ महिनासम्म एक सय २६ मुद्दा दर्ता गर्दा विभागले एक खर्ब दुई करोड रुपैयाँबराबरको बिगो दाबी गरेको छ।

चालू आवको ६ महिना भने विभागले सम्पत्ति शुद्धीकरणविरुद्ध पाँचवटा मुद्दा दर्ता गरेको छ। उक्त अवधिमा विभागले विभिन्न कसुरमा सम्बद्ध ४४ जनाविरुद्ध सम्पत्ति शुद्धीकरणको मुद्दा दायर गर्दै आठ अर्ब ८१ करोड रुपैयाँबराबरको बिगो दाबी गरेको हो। ६ महिनामा पाँचवटा मात्रै मुद्दा दर्ता भए पनि चार सय ५८ वटा उजुरी-सूचना आएको विभागले जनाएको छ।

तर, विभागले नयाँ उजुरीका आधारमा भने मुद्दा दायर गरेको होइन। नयाँ कानुनी व्यवस्थाअनुसार ०८० चैत मसान्तसम्म परेका उजुरीका आधारमा मात्रै विभागले मुद्दा दायर गरिरहेको महानिर्देशक गजेन्द्रकुमार ठाकुरले बताए।



■ चार वर्षयता सम्पत्ति शुद्धीकरणविरुद्धका उजुरी र मुद्दा दर्ता

आव	उजुरी	मुद्दा दायर	प्रतिवादी	बिगो
०७८/७९	१३६	३	१४	२६ करोड ४६ लाख
०७९/८०	७४२	११	३७	६ अर्ब २४ करोड
०८०/८१	७८९	१२	३९	१ अर्ब ७४ करोड
०८१/८२	२७१	२०	११९	७९ अर्ब ४२ करोड
०८२/८३ (पुस मसान्तसम्म)	४५८	५	४४	८ अर्ब ८१ करोड

'०८१ वैशाखदेखिका उजुरी हामीले सम्बन्धित निकायमै पठाउने गरेका छौं,' उनले भने, 'यद्यपि, हामीले प्रारम्भिक अनुसन्धान भने गर्ने गरेका छौं, आवश्यक परेको अवस्थामा सम्बन्धित निकायलाई अनुसन्धानमा पनि सघाउँदै आएका छौं।'

दर्ता भएकामध्ये अन्य निकायको क्षेत्राधिकार पर्ने भन्दै विभागले एक सय १९ वटा उजुरीलाई सम्बन्धित निकायमा कारबाहीका लागि लेखिपठाएको हो। यस्तै, आरोपीको पहिचान एवं उजुरीको व्यहोरा प्रस्ट नभएको, सक्षम निकायलाई सम्बोधन गरी बोधार्थका रूपमा प्राप्त भएका एवं देवानी विवाद समावेश भएकाले तत्काल कारबाही गर्नुपर्ने नदेखिई अभिलेखमा जनाइएका उजुरी संख्या १ सय ७१ रहेको विभागले उल्लेख गरेको छ।

गत आव ०८१/८२ मा विभागले सम्पत्ति शुद्धीकरणविरुद्ध २० वटा मुद्दा दायर गरेको थियो। विभागले बाल यौन दुर्व्यवहार, लागुऔषध, राजस्व चुहावट, बैंकिङ कसुर, सुन तस्करी, ठगी, आपराधिक विश्वासघाट तथा संगठित अपराध, जुवा, विदेशी विनिमयको अवैध कारोबारसमेत, हुन्डी, सहकारी गठी र संगठित अपधार, भन्सार चोरी-पैठारी र अपहरणलगायत सम्बद्ध कसुरमा सम्पत्ति शुद्धीकरणको मुद्दासमेत चलाएको हो। विभागले एक सय १९ जनालाई ७९ अर्ब ४२ करोड रुपैयाँ बिगो दाबी गर्दै सम्पत्ति शुद्धीकरणको मुद्दा दर्ता गरेको थियो।

मुद्दामा सफलता कति ?

सुरुदेखि गत असारसम्ममा विभागले सम्पत्ति शुद्धीकरणविरुद्ध एक सय २१ वटा मुद्दा दायर गरेको छ। जसमा ९३ अर्ब ६९ करोड रुपैयाँ बिगो दाबी गरिएको छ। त्यसमध्ये ९९ वटा मुद्दा फैसला भइसकेका छन्। ठहर भएका मुद्दा ८० वटा तथा सफाइ भएका मुद्दा १८ वटा रहेको विभागले उल्लेख गरेको छ। विभागले सम्पत्ति शुद्धीकरणविरुद्धको मुद्दामा ८१ प्रतिशत सफलतादर भएको उल्लेख गरेको छ। चालू आवको ६ महिनाको तथ्यांकसमेत समायोजन गर्दा हालसम्म सम्पत्ति शुद्धीकरणविरुद्धका मुद्दा एक सय २६ वटा पुगेको देखिन्छ। विभागले प्रतिवादीविरुद्ध एक खर्ब दुई करोड बिगो दाबीसमेत गरेको छ। हालसम्म सर्वोच्च अदालतबाट फैसला भएका मुद्दा १६ वटा पुगेका छन्। त्यसमध्ये तीन वटाले सफाइ पाएको र १२ वटा कसुर कायम भएको विभागले जनाएको छ। यसमा ८० प्रतिशत सफलतादर भएको विभागले उल्लेख गरेको छ।

अब निजी परियोजनामा पनि 'क्लाइमेट फन्ड' परिचालन

जलवायु परिवर्तनसम्बन्धी निजी क्षेत्रका योग्य परियोजनाले कोषको रकम प्रयोग गर्न पाउने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले अब निजी क्षेत्रका परियोजनामा पनि विदेशी तथा स्वदेशी जलवायु कोषबाट प्राप्त हुने सहायता परिचालन गर्न दिने भएको छ। सरकारले हालै जारी गरेको 'जलवायु वित्त परिचालन कार्यविधि २०८२' ले निजी क्षेत्रका परियोजनामा जलवायु वित्त परिचालन गर्न दिने बाटो खुला गरेको हो। सरकारलाई दायित्व नपर्ने गरी जलवायु परिवर्तनसम्बन्धी निजी क्षेत्रका योग्य परियोजनालाई जलवायु वित्त परिचालन गर्न दिइने भएको हो।

नेपाल उद्योग वाणिज्य महासंघलगायत निजी क्षेत्रका छाता संगठनले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय फोरममा जलवायु वित्तमा निजी क्षेत्रको पहुँच दिनुपर्ने माग उठाउँदै आएको थियो। बढ्दो जलवायु परिवर्तनलाई न्यूनीकरण गर्नमा सहयोग गर्ने गरी अहिले विश्वव्यापी रूपमा विभिन्न कोष स्थापना भएका छन्। संयुक्त राष्ट्रसंघीय जलवायु प्रारूप महासन्धि, पेरिस सम्झौतालगायत अन्य अन्तर्राष्ट्रिय महासन्धि तथा सन्धिअन्तर्गत जलवायुसम्बन्धी कार्यमा स्रोत उपलब्ध गराउन विभिन्न कोष स्थापना भएका छन्। जलवायुसम्बन्धी कार्यका लागि स्रोत उपलब्ध गराउन अन्तर्राष्ट्रिय रूपमा अन्य कोष पनि स्थापना भएका छन्। त्यस्ता कोषले जलवायु परिवर्तन न्यूनीकरण गर्ने परियोजना तथा कार्यक्रममा सहयोग गर्दै आएका छन्। त्यसरी आउने रकमलाई निजी क्षेत्रका परियोजनामा पनि परिचालन गर्न दिने व्यवस्था कार्यविधिमा गरिएको हो। तर, निजी क्षेत्रलाई भनेर तोकेको सहायता मात्रै निजी क्षेत्रका परियोजनामा परिचालन गर्न दिने कार्यविधिमा उल्लेख छ।

'जलवायु कोषले निजी क्षेत्रका लागि मात्र छुट्याएको वा निजी क्षेत्रसमेत सहभागी हुन पाउने गरी छुट्याएको रकम प्रयोग हुने गरी निजी क्षेत्रको परियोजना कार्यान्वयन गर्न सकिनेछ,' कार्यविधिको दफा १३ मा भनिएको छ। नेपाल सरकारलाई भविष्यमा वित्तीय दायित्व नपर्ने र सार्वभौम जमानी नहुने गरी अर्थ मन्त्रालयले निजी क्षेत्रको परियोजनाको सिफारिस गर्नेछ।

मान्यताप्राप्त निकायले निजी क्षेत्रलाई यस्तो वित्त परिचालन गर्न दिन सार्वजनिक सूचना जारी गरेर प्रस्ताव माग गर्नुपर्नेछ। 'मान्यताप्राप्त निकायले सार्वजनिक सूचना जारी गरी इच्छुक सबै निजी क्षेत्रका निकायलाई जलवायु वित्तमा पहुँच प्राप्त गर्ने अवसर दिनुपर्नेछ,' कार्यविधिमा भनिएको छ, 'परियोजना छनोटको स्पष्ट मापदण्ड बनाई सोका आधारमा परियोजना पारदर्शी रूपमा देहायबमोजिमका विषयका आधारमा मूल्याङ्कन गरी सोको विवरणसहित कैफियत नभएको घोषणा गरी मन्त्रालयमा पेस गर्नुपर्नेछ।'

यस्तो वित्त परिचालन गर्ने निजी क्षेत्रसँग परियोजना कार्यान्वयनको अनुभव भएको तथा सार्वजनिक खरिद ऐन तथा नियमावली र बैंक तथा वित्तीय निकायको कालोसूचीमा नपरेको हुनुपर्नेछ। यसैगरी, परियोजनाले जलवायु परिवर्तनलाई योगदान गर्ने प्रकृतिको हुनुपर्छ। यसैगरी, सम्बन्धित जलवायु कोषको परियोजना छनोटको मापदण्ड पनि पूरा भएको हुनुपर्नेछ।

निजी क्षेत्रलाई यस्तो परिचालन गर्न दिने मान्यताप्राप्त निकायले परियोजना कार्यान्वयनसँग सम्बन्धित जोखिमको स्पष्ट रूपमा खुलासा गर्नुपर्नेछ। यसैगरी, कोषहरूबाट प्राप्त सहुलियतलाई परियोजनासम्म हस्तान्तरण हुने सुनिश्चितता गर्ने, परियोजनामा जलवायु कोषले तोकेको सुरक्षा मापदण्ड (सेफगार्ड)लगायतका प्रावधानलाई पालना गर्ने, गुनासो सुनवाइको व्यवस्था गर्ने र बजेटलाई परियोजनाको उद्देश्य र क्रियाकलापमा मात्र खर्च हुने सुनिश्चितता गर्नुपर्नेछ। परियोजनाको नियमित रूपमा वार्षिक बाह्य लेखा परीक्षण गराई सोको प्रतिवेदन मन्त्रालयमा पेस गर्ने काम पनि त्यस्ता निकायले गर्नुपर्ने बताइएको छ।

गैरसरकारी संस्थाले पनि जलवायु वित्त परिचालन गर्न पाउने

गैरसरकारी संस्थाले पनि जलवायु वित्त परिचालन गर्न पाउनेछन्। 'गैरसरकारी निकायले प्रचलित कानुनबमोजिम समाजकल्याण परिषद्मार्फत जलवायु वित्तको परिचालन गर्नुपर्नेछ,' कार्यविधिमा भनिएको छ, 'गैरसरकारी निकायले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहसँग समन्वय र कार्यक्रमसँग तादात्म्यता कायम गरी दोहोरोपन नहुने गरी जलवायु वित्त परिचालन गर्नुपर्नेछ।' यसमा प्रशासनिक खर्च अधिकतम २० प्रतिशतसम्म मात्रै गर्न पाइने गरी सीमा तोकिएको छ। अर्थ मन्त्रालयले प्रदेश र स्थानीय तहलाई भने ससर्त अनुदानका रूपमा क्लाइमेट फन्ड परिचालन गर्न दिने नीति ल्याएको छ। कार्यविधिअनुसार तीन क्षेत्रमा जलवायु वित्त परिचालन गर्न पाइन्छ। जलवायुजन्य हानि-नोक्सानीको सम्बोधनसम्बन्धी कार्य, जलवायु परिवर्तनबाट अत्यधिक प्रभावित क्षेत्र तथा भूगोलमा जलवायु अनुकूलनसँग सम्बन्धित कार्य र उत्सर्जन न्यूनीकरणसँग सम्बन्धित कार्यमा यस्तो वित्त परिचालन गर्न सकिनेछ। निजी क्षेत्र, प्रदेश तथा स्थानीय तह र गैरसरकारी संस्थाले यसमै केन्द्रित रहेर आफ्नो परियोजना तथा कार्यक्रम प्रस्ताव पेस गर्नुपर्नेछ।

दोस्रो ठुलो व्यापार साझेदार चीनसँग उच्च घाटा

नयाँ पत्रिका

नेपालले दोस्रो ठुलो व्यापार साझेदार मुलुक चीनसँग उच्च व्यापार घाटा व्यहोरिरहेको छ। पछिल्लो सात महिनामा मात्रै नेपालले चीनसँग दुई खर्ब ३४ अर्ब व्यापार घाटा व्यहोरेको छ। उत्तरतर्फको छिमेकी मुलुकबाट आयात उच्च दरमा बढ्दै गए पनि निर्यात बढाउन नसक्दा व्यापार घाटा चुलिँदै गएको हो।

नेपालको कुल व्यापारमा १८.३ प्रतिशत हिस्सा चीनले आगेटेको छ। तर, बढ्दो अवस्थामा रहेको व्यापारबाट नेपालले लाभ भने लिन नसकेको सरकारी तथ्यांकले नै देखएको छ। भन्सार विभागका अनुसार चालू आवको सात महिना (साउनदेखि माघसम्म)मा नेपालले चीनसँग दुई खर्ब ३६ अर्ब २८ करोड रुपैयाँबराबरको व्यापार गरेको छ। यस अवधिमा नेपालले चीनबाट दुई खर्ब ३५ अर्ब ३८ करोड रुपैयाँबराबरको आयात गर्दा निर्यात भने ९० करोड रुपैयाँबराबरको मात्रै गर्न सकेको हो।

विभागका अनुसार गत आव ०८१/८२ को सात महिनामा नेपालले चीनबाट एक खर्ब ९२ अर्ब ४५ करोडको वस्तु आयात गर्दा दुई अर्ब एक करोड रुपैयाँबराबरको निर्यात गर्न सकेको थियो। उक्त सात महिनामा नेपालले चीनसँग एक खर्ब ९० अर्ब ४४ करोडबराबरको व्यापार घाटा व्यहोरेको थियो। विभागको तथ्यांकलाई विश्लेषण गर्दा चालू आवको सात महिनामा गत आवको सोही अवधिको तुलनामा आयात २३.५ प्रतिशतले बढ्दा निर्यात भने १२३ प्रतिशतले घटेको देखिन्छ।

नेपाल-चीन व्यापारको अवस्था (रु. करोडमा)

आर्थिक वर्ष	आयात	निर्यात	घाटा
०७२/७३	११६११	१७१	-११७८३
०७३/७४	१२९८७	१७०	-१२८१७
०७४/७५	१५९९८	२४३	-१५७५४
०७५/७६	२०५५१	२१०	-२०३४०
०७६/७७	१८१९२	११९	-१८०७२
०७७/७८	२३३९२	१०१	-२३२९०
०७८/७९	२६४७८	८०	-२६३९७
०७९/८०	२२२७१	१७६	-२२०९५
०८०/८१	२९८७७	२५८	-२९६१८
०८१/८२	३४११०	२६३	-३३८४७
०८२/८३	२३५३८	९०	-२३४४८

स्रोत : भन्सार विभाग

आर्थिक वर्ष ०८०/८१ मा नेपालले दुई खर्ब ९८ अर्ब ७७ करोडको आयात गर्दा दुई अर्ब ५८ करोडको मात्रै निर्यात गर्न सकेको छ। उक्त आवमा नेपालले दुई खर्ब ९६ अर्ब १८ करोडको व्यापार घाटा व्यहोर्नुपरेको छ। जुन व्यापार घाटा अघिल्लो आव ०७९/८० को तुलनामा ७५ अर्ब २३ करोडले बढी हो। त्यसअघिको आर्थिक वर्ष ०७९/८० मा नेपालले दुई खर्ब २२ अर्ब ७१ करोडको आयात गर्दा एक अर्ब ७६ करोडको निर्यात गरेको थियो, जसमा नेपाललाई दुई खर्ब २० अर्ब ९५ करोड व्यापार घाटा भएको थियो।

■ ड्रोन भ्युमा काठमाडौं-निजगढ द्रुतमार्ग



निर्माणाधीन काठमाडौं-निजगढ द्रुतमार्ग (फास्ट ट्र्याक)अन्तर्गत तयार भएको सबैभन्दा अग्लो मोटरेबल पुल। मकवानपुरको लेनडाँडा क्षेत्रमा रहेको यो पुलको उचाइ ८२ मिटर र लम्बाइ तीन सय ३९ मिटर छ। एसियामै जटिल मानिएको यो पुलमा फिनिसिङको काम मात्रै बाँकी छ। निर्माणमा संलग्न गाडीहरू यस पुलबाट गुड्न सुरु गरिसकेका छन्। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

सेयर कारोबार शिथिल हुँदा करिब ४६ प्रतिशतले घट्यो पुँजीगत लाभकर, सात महिनामा ६ अर्ब संकलन

नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो सात महिनामा सेयर कारोबारबाट सरकारलाई प्राप्त हुने पुँजीगत लाभकर ४५.८६ प्रतिशतले घटेको छ। चालू आवको माघसम्म सेयर किनबेचबाट पाँच अर्ब ८८ करोड ९४ लाख २३ हजार रुपैयाँ पुँजीगत लाभकर उठेको सिडिएस एन्ड क्लियरिङ लिमिटेड (सिडिएससी)को तथ्यांक छ। तर, अघिल्लो आवको सात महिनामा सेयर लगानीकर्ताले तिर्ने पुँजीगत लाभकर १० अर्ब ८७ करोड ८६ लाख ८७ हजार रुपैयाँ उठेको थियो। गत आवभर भने सरकारले पुँजीगत लाभकरमार्फत १६ अर्ब ५४ करोड ३७ लाख राजस्व संकलन गरेको थियो। चालू आवमा सेयर बजारमा देखिएको अस्थिरले पुँजीगत लाभकरमा असर पुऱ्याएको छ। नेपाल स्टक एक्सचेन्ज (नेप्से) सूचक कहिले बढ्ने त, कहिले घट्ने भएको भयो। विशेष गरी २३ र २४ को जेन-जी आन्दोलनपछि सेयर लगानीकर्तामा उत्साह बढ्न सकेको छैन। गत असार मसान्तसम्म नेप्से परिसूचक २७९४.७८ विन्दुमा थियो। माघ मसान्तसम्म आउँदा त्यो २६७१.०७ विन्दुमा छ। ५ फागुनमा नेप्से परिसूचक थप घटेर २६४२.१५ विन्दुमा सीमित छ। यो तथ्यांकले नेप्से घट्दो क्रममा देखाउँछ। त्यसले गर्दा लगानीकर्ताले सेयर खरिद-बिक्री गरेर कमाउने नाफा पनि प्रभावित भएको छ। फलस्वरूप सेयर कारोबारबाट उठ्ने करमा प्रत्यक्ष असर पुगेको सिडिएससीका प्रवक्ता सुरेश न्यौपानेले बताए।

'सेयर बजार बढेर लगानीकर्ताले नाफा कमाएको अवस्थामा पुँजीगत लाभकर संकलन पनि धेरै हुन्छ। बजार घट्दा स्वतः नाफा पनि घट्छ। त्यो अवस्थामा यस्तो कर संकलन कम हुन्छ,' उनले भने, 'चालू आवमा लगानीकर्ताले नाफा धेरै कमाउन नसकेको यो देखियो।'

सेयर कारोबारमा हुने खुद नाफामा दीर्घकालीनतर्फ पाँच प्रतिशत र अल्पकालीनतर्फ ७.५ प्रतिशत पुँजीगत लाभकर तिर्नुपर्छ। कुनै लगानीकर्ताले सेयर किनेर एक वर्षपछि बिक्री गर्दा हुने नाफामा पाँच प्रतिशत कर तिर्नुपर्छ। यसैगरी, लगानीकर्ताले सेयर किनेको एक वर्षभित्र बिक्री गर्दा हुने नाफामा भने ७.५ प्रतिशत पुँजीगत लाभकर लाग्नेछ। संस्थागत रूपमा सेयर कारोबार गर्नेले खुद नाफाको १० प्रतिशत कर तिर्नुपर्छ। सेयर कारोबार गर्दा घाटा भएमा कर तिर्नुपर्दैन। पछिल्लो समय लगानीकर्ताले धेरै नाफा कमाउन सकेका छैनन्।

■ कुन महिना कति उठ्यो पुँजीगत लाभकर ?

साउन	२ अर्ब १५ करोड ७५ लाख ६९ हजार
भदौ	६० करोड १४ लाख ९९ हजार
असोज	२४ करोड ३६ लाख ५६ हजार
कात्तिक	३८ करोड ५ लाख ९९ हजार
मंसिर	६२ करोड ९८ लाख २० हजार
पुस	५८ करोड ४३ लाख ५७ हजार
माघ	१ अर्ब २९ करोड १९ लाख २० हजार



तथ्यांकअनुसार चालू आवको साउन महिनामा दुई अर्ब १५ करोड ७५ लाख ६९ हजार पुँजीगत लाभकर उठेको थियो। त्यसैगरी, भदौमा ६० करोड १४ लाख ९९ हजार रुपैयाँ, असोजमा २४ करोड ३६ लाख ५६ हजार र कात्तिकमा ३८ करोड पाँच लाख ९९ हजार पुँजीगत लाभकर उठेको थियो। यसैगरी, मंसिरमा ६२ करोड ९८ लाख २० हजार रुपैयाँ, पुसमा ५८ करोड ४३ लाख ५७ हजार रुपैयाँ र माघमा एक अर्ब २९ करोड १९ लाख २० हजार रुपैयाँ पुँजीगत लाभकर उठेको तथ्यांकमा उल्लेख छ।

गत आवको साउनमा चार अर्ब २३ करोड ७८ लाख ६१ हजार रुपैयाँ, भदौमा दुई अर्ब ५७ करोड ९४ लाख ८० हजार रुपैयाँ, असोजमा ५८ करोड ६५ लाख ४० हजार रुपैयाँ र कात्तिकमा ७५ करोड ८७ लाख ८१ हजार रुपैयाँ पुँजीगत लाभकर उठेको थियो। यसैगरी, गत आवको मंसिरमा एक अर्ब चार करोड ६ लाख २३ हजार रुपैयाँ, पुसमा ५८ करोड सात लाख ८५ हजार रुपैयाँ र माघमा एक अर्ब पाँच करोड ७० लाख ८८ हजार रुपैयाँ पुँजीगत लाभकर उठेको थियो।

रोजगारी, सिप र बिउपुँजीको पहल गर्न हरवा-चरवाको माग

लहान/ आसन्न निर्वाचनका प्रत्याशी दल र उम्मेदवारहरूसँग मुक्त घोषित हरवा-चरवाले कृषियोग्य जमिनसहित रोजगारी, सिप र बिउपुँजीको पहल गर्न माग गरेका छन्। मुक्त हरवा-चरवा अधिकार मञ्चका केन्द्रीय अध्यक्ष दशन मण्डलले एक अपिल जारी गरी भूमिहीन कृषि मजदुरका रूपमा रहेका हरवा-चरवा परिवारका लागि यस्ता माग गरेका हुन्। आगामी आर्थिक वर्षभित्र मधेशका आठवटै जिल्लामा पर्ने पालिकाहरूमा मुक्त हरवा-चरवाको यथार्थ तथ्यांक संकलन, प्रमाणीकरण र परिचयपत्र वितरण गरिनुपर्ने, मधेश प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले मस्यौदा गरेको कार्यविधिलाई अन्तिम रूप दिई मन्त्रिपरिषद्बाट पारित गरी तत्काल कार्यान्वयन गरिनुपर्ने माग गरिएको छ। त्यस्तै, मुक्त हलिया, कमैया-कमलरी तथा हरवा-चरवाको वस्तुस्थिति अध्ययन समितिको सिफारिससहितको प्रतिवेदन कार्यान्वयन, हरेक परिवारलाई कम्तीमा १० कट्ठा कृषियोग्य जमिन, वैकल्पिक रोजगारीका लागि अल्पकालीन र दीर्घकालीन सिप विकास तालिम, एक लाखसम्मको बिउपुँजी र आवश्यक औजार उपलब्ध गराइनुपर्ने अपिलमार्फत माग गरिएको छ।

सडक, बिजुली, शुद्ध खानेपानी, शिक्षा, स्वास्थ्य, सिँचाइलगायतका आधारभूत पूर्वाधारसहित एकीकृत पुनर्स्थापना कार्यक्रम लागू गरिनु, नागरिकता तथा अन्य परिचयपत्रको अभावमा सेवा र सुविधाबाट वञ्चित हरवा-चरवाको नागरिकता प्राप्ति प्रक्रिया सरल र सहज बनाउँदै विकासका नाममा हुने अवैध विस्थापन तत्काल रोकिनुपर्ने उनीहरूको माग छ। २ साउन ०७९ मा नेपाल सरकारबाट हरवा-चरवाको मुक्ति घोषणा भएको थियो। मधेश सरकारले आर्थिक वर्ष ०८०/८१ को नीति तथा कार्यक्रम तथा बजेटमार्फत स्थानीय तहसँगको समन्वयमा मुक्त हरवा-चरवाको तथ्यांक संकलन, प्रमाणीकरण र परिचयपत्र वितरण गर्ने व्यवस्थाअनुरूप मन्त्रालयले कार्यविधि मस्यौदा गरी मन्त्रिपरिषद्मा पेस गरेको थियो।

पर्यटन, ऊर्जालगायत क्षेत्रमा लगानी गर्न भारतीय लगानीकर्तालाई आह्वान



काठमाडौं/ नेपालको पर्यटन, ऊर्जालगायत क्षेत्रमा लगानी गर्न भारतीय लगानीकर्तालाई आह्वान गरिएको छ। भारतको नयाँ दिल्लीमा जारी 'दोस्रो इन्डो-नेपाल व्यापार महोत्सव २०२६' सहभागी नेपाली सरकारी अधिकारी तथा निजी क्षेत्रका प्रतिनिधिले भारतीय लगानीकर्तालाई नेपालमा लगानी गर्न आह्वान गरेका हुन्।

शुक्रबारदेखि सुरु भएको महोत्सवमा दुई देशका नीति-निर्माता तथा उद्यमी-व्यवसायीबिच अन्तर्क्रिया भेटघाटलगायत कार्यक्रम भइरहेका छन्। महोत्सवमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालका विभिन्न क्षेत्रमा लगानी गर्न भारतीय लगानीकर्तालाई आह्वान गरेका छन्। महोत्सवलाई शुक्रबार सम्बोधन गर्दै ढकालले हरित ऊर्जा, डिजिटल सेवा, पर्यटन र उत्पादन क्षेत्रमा ठोस सहकार्य अघि बढाउन भारतीय उद्योगी-व्यवसायी एवं लगानीकर्तालाई आह्वान गरेका हुन्।

'नेपालमा ऊर्जा, पर्यटन औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, सीमापार लजिस्टिक्स, कृषि प्रशोधन, औषधि उद्योग, शिक्षा र स्वास्थ्य सेवामा प्रशस्त सम्भावना छ,' उनले भने, 'यस्ता क्षेत्रमा लगानी गर्न भारतीय लगानीकर्तालाई आग्रह गर्छु।'

नेपाल जलविद्युत्मा समृद्ध रहेको र भारततर्फ विद्युत् निर्यात सुरु भइसकेको जानकारी दिँदै उपयुक्त प्रसारणलाइन र नीतिगत स्थायित्व भएमा नेपाल भारतको विश्वासिलो हरित ऊर्जा साझेदार बन्न सक्ने बताए। यसैगरी, पर्यटन क्षेत्रमा प्राकृतिक सौन्दर्य, साहसिक तथा आध्यात्मिक गन्तव्यहरू प्रस्तुत गरेको उल्लेख गर्दै होटेल, रिसोर्ट तथा केबलकार परियोजनामा लगानीको अवसर विस्तार भइरहेको जानकारी पनि गराए। यसका लागि निजी क्षेत्रले सधैँ राजनीतिक स्थायित्व र आर्थिक अनुशासनको पक्षमा आवाज उठाउँदै आएको र दीर्घकालीन रूपमा लगानीकर्ताको विश्वास कायम गर्ने पक्षमा नेपालमा नीतिगत सुधार भइरहेको पनि स्पष्ट पारे।

कार्यक्रममा उनले नेपाल-भारत आर्थिक सहकार्यलाई थप परिणाममुखी बनाउनुपर्नेमा जोड दिए। नेपाल-भारतबिच सहज भन्सार प्रक्रिया, मापदण्ड समन्वय, डिजिटल व्यापार प्रणाली सुदृढीकरण तथा साना-मझौला उद्योगलाई वित्तीय पहुँच र प्रविधि हस्तान्तरणमा सहजीकरण गर्नुपर्ने उनको भनाइ थियो।

भारत नेपालको प्रमुख व्यापार साझेदार र प्रमुख लगानी स्रोत रहेको उल्लेख गर्दै ढकालले खुला सीमा, सांस्कृतिक निकटता र जनस्तरको सम्बन्धले दुई देशबिचको साझेदारीलाई विशिष्ट बनाएको बताए। विश्व अर्थतन्त्र अनिश्चितता र आपूर्ति शृंखलामा अवरोधको अवस्थामा रहेको उल्लेख गर्दै छिमेकी राष्ट्रबिच सहकार्य अझ सुदृढ गर्नुपर्नेमा जोड दिए। भारतको हालैको केन्द्रीय बजेटले पूर्वाधार, डिजिटल कनेक्टिभिटी, हरित ऊर्जा तथा साना-मझौला उद्योग प्रवर्द्धनमा दिएको प्राथमिकताले नेपालका लागि समेत नयाँ अवसर सिर्जना गर्ने उनको धारणा थियो। 'कनेक्टिङ पिपुल, इन्ह्यान्सिङ बाइलाटरल ट्रेड' भन्ने मूल नाराका साथ आयोजना हुने फेस्टिभलका लागि १० उच्चस्तरीय सत्र, ६० वक्ता र ६५ भन्दा बढी स्टल तोकिएका छन्।

सेन्ट-बीबाट नेपाल पैसा पठाउँदा हवाई टिकट जित्ने मौका

काठमाडौं/ सेन्ट-बीबाट नेपाल रेमिट्यान्स पठाउँदा दुईतर्फी हवाई टिकट जित्न सकिने योजना आएको छ। कुमारी बैंकले ल्याएको यो योजनामा दक्षिण कोरियाबाट रेमिट्यान्स पठाउँदा भाग्यशाली एकजनाले कोरिया-नेपालको दुईतर्फी हवाई टिकट प्राप्त गर्नेछन्। दक्षिण कोरियामा रहेका नेपालीले योजनामा सहभागी हुन १० हजार वा सोभन्दा बढी रकम नेपाल पठाउनुपर्नेछ। 'मायाका साथ पठाऔँ, खुसीका पखेटा लिएर उडौँ' नारासहित ल्याइएको यो योजना २८ फेब्रुअरीसम्म चल्ने बताइएको छ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको सेफ डिपोजिट लकर सुबिधा स्थानान्तरण सम्बन्धी अत्यन्त जरुरी सूचना

नेपाल राष्ट्र बैंकले इजाजतपत्र प्राप्त संस्थाहरुलाई जारी गरेको परिपत्र बमोजिम यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको एकै स्थानमा रहेका तल उल्लेखित शाखा कार्यालयहरु मिति २०८२/१२/०३ गतेदेखि एक आपसमा गाभिई बैंकिङ्ग कारोवार संचालन गर्ने सम्बन्धमा यस अघि नै राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराउँदछौं। साथै गाभिने शाखा कार्यालयहरुमा संचालनमा रहेको सेफ डिपोजिट लकरसमेत तपशिलमा उल्लेखित शाखा कार्यालयहरुमा स्थानान्तरण भई संचालन हुने हुँदा हाम्रा समस्त ग्राहक महानुभावहरु लगायत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

उल्लेखित शाखा कार्यालयमा रहेको लकरमा ग्राहक महानुभावहरुले टुटफुट हुने सामानहरु राख्नु भएको भए मिति **२०८२ साल फाल्गुन २९** गते तदनुसार 13 March 2026 भित्र आफ्नो लकर रहेको शाखामा कार्यालय समय भित्र सम्पर्क राखि सामानहरु सुरक्षित गर्नहुन अनुरोध गर्दछौं। अन्यथा लकर स्थानान्तरण गर्दा लकरमा भएका सरसामानहरुमा कुनै क्षति वा हानी नोक्सानी भएमा बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं।

बन्द हुने/गाभिने शाखा कार्यालयहरुबाट लकर सुबिधा उपभोग गरिरहनु भएका हाम्रा सम्पूर्ण गाहक महानुभावहरुलाई अब उप्रान्त स्थानान्तरण हुने शाखा कार्यालयहरुबाट पूर्ववत रुपमा लकर सुबिधा उपभोग गर्न समेत हार्दिक अनुरोध गर्दछौं। यसबाट हाम्रा समस्त ग्राहकवर्गमा पर्न जाने असुबिधाका लागि बैंक क्षमाप्रार्थी छ।

तपशिल

क्र.सं.	प्रदेश	जिल्ला	लकर रहेको हालको शाखा	लकर स्थानान्तरण हुने शाखा	अन्दाजी दुरी "मिटर"
१.	बागमती	ललितपुर	कुमारीपाटी शाखा (१४२), ललितपुर म.न.पा वडा नं. ५, कुमारीपाटी । सम्पर्क नं. ९८५११८०९७४	लगनखेल शाखा (०४०), ललितपुर म.न.पा वडा नं. ५, लगनखेल ।	२००
२.	बागमती	ललितपुर	जावलाखेल शाखा (०९६), ललितपुर म.न.पा वडा नं. ४, प्रेरा कम्प्लेक्स, जावलाखेल । सम्पर्क नं. ९८५१११४८७९	जावलाखेल शाखा (०५३), ललितपुर म.न.पा वडा नं. ४, बिरेन्द्र सालिक नजिक, जावलाखेल	३००
३.	बागमती	काठमाण्डौ	न्यू बानेश्वर शाखा (०९४), काठमाण्डौ म.न.पा वडा नं. ३१, शुभलक्ष्य कम्प्लेक्स, मिनभवन । सम्पर्क नं.: ९८५१०७७७६७	न्यू बानेश्वर शाखा (१४१) काठमाण्डौ म.न.पा वडा नं. १०, चन्द्र कमला भवन, नयाँ बानेश्वर ।	३००

थप जानकारीको लागि यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं.: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

बुटवल उवासंघको स्थापना दिवसमा अक्षयकोष स्थापना

बुटवल/ बुटवल उद्योग वाणिज्य संघ, रुपन्देहीको ७३औँ स्थापना दिवस आइतबार मनाइँदै छ। संघले स्थापनाकालदेखि नै उद्योगी-व्यवसायीको हकहित तथा व्यावसायिक प्रवर्द्धनसहित आर्थिक, सामाजिक तथा औद्योगिक विकासमा नेतृत्वदायी भूमिका खेल्दै आएको छ।



यस क्षेत्रको शिक्षा, स्वास्थ्य, सामाजिक तथा आर्थिक विकासमा लगानीसहितको योगदान गर्दै आएको संघले औपचारिक कार्यक्रम आयोजना गरिएको संघका महासचिव मुक्तिप्रसाद अधिकारीले जानकारी गराए। उनका अनुसार कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जनकुमार श्रेष्ठसहित निजी तथा सरकारी सेवाका प्रतिनिधिको सहभागिता रहनेछ।

संघले स्थापना दिवसको अवसरमा प्रत्येक वर्ष एकजना पूर्वअध्यक्षलाई सम्मान गर्दै आएको छ। यस वर्ष पूर्वअध्यक्ष निर्मलप्रसाद लाकौललाई सम्मान गर्न लागिएको हो। लाकौल ०६१ देखि ०६३ सम्म संघको अध्यक्ष थिए। पूर्वअध्यक्ष लाकौलले यस क्षेत्रको औद्योगिक, व्यावसायिकसहित आर्थिक तथा सामाजिक विकासमा पुऱ्याएको योगदानको मूल्यांकनसहित सम्मान गर्न लागिएको संघका अध्यक्ष हरिप्रसाद अर्यालले जानकारी गराए।

सोही कार्यक्रममा संघले बुटवलका तीनवटा सामुदायिक विद्यालयमा छात्रवृत्ति अक्षयकोष स्थापना गर्नेछ। अध्यक्ष अर्यालका अनुसार बुटवल उपमहानगरपालिका वडा नं ४ स्थित कान्ति माध्यमिक विद्यालयमा, बुटवल- ६ मा रहेको तिलोत्तमा माध्यमिक विद्यालयमा र वडा नं ४ मा रहेको लक्ष्मी माध्यमिक विद्यालयमा छात्रवृत्ति अक्षयकोष स्थापना गरिनेछ। त्यसैगरी, संघको औषधि व्यवसायी वस्तुगत समितिको समन्वयमा मानव सेवा आश्रमलाई औषधि प्रदान गरिने बताइएको छ।

सिटिजन लाइफ इन्स्योरेन्सको एमडिआरटी सम्मान



काठमाडौं/ सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले एमडिआरटी-२०२६ सम्मान तथा प्रशिक्षण कार्यक्रम गरेको छ। कम्पनीले ५ देखि ७ फागुनसम्म पोखरामा कार्यक्रम गरेको हो। कार्यक्रममा ७० जना सिटिजन लिडरलाई सम्मान गरिएको थियो। जसअन्तर्गत ६७ जना एमडिआरटी, दुईजना सिओटी र एकजना टिओटी क्वालिफायर रहेका थिए। उक्त कार्यक्रममा सिनियर एजेन्सी म्यानेजर, उत्कृष्ट कार्यसम्पादन छनोट भएका शाखा प्रमुख तथा क्षेत्रीय प्रमुखको सहभागिता थियो।

कम्पनीका अनुसार कार्यक्रमको उद्देश्य उत्कृष्ट कार्यसम्पादन गर्ने लिडरलाई सम्मान गर्नुका साथै आगामी व्यावसायिक लक्ष्य तथा रणनीतिबारे छलफल र प्रशिक्षण प्रदान गर्नु रहेको थियो। सहभागीलाई सेल्स कोच तथा मोटिभेसनल स्पिकर डा. रविन कटवालले प्रशिक्षण दिएका थिए।

कार्यक्रममा कम्पनीका प्रशिक्षण विभाग प्रमुख कुबेर पाठक, प्रमुख वित्तीय अधिकृत गोपाल पंगेनी, प्रमुख बजार व्यवस्थापन अधिकृत भूषण रिमाल तथा प्रमुख कार्यकारी अधिकृत पोषकराज पौडेलले आफ्ना धारण राखेका थिए। कम्पनीका ब्रान्ड एम्बासडरहरू मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यको समेत उपस्थिति थियो।

सिइओ पौडेलले कम्पनीको निरन्तर प्रगति र सफलताको प्रमुख आधार सिटिजन लिडरको समर्पण, प्रतिबद्धता र उत्कृष्ट कार्यसम्पादन रहेको उल्लेख गर्दै सम्पूर्ण सहभागीलाई धन्यवाद दिए। यस्ता प्रकारका कार्यक्रमले लिडरलाई थप उत्प्रेरणा प्रदान गर्नुका साथै व्यवसाय विस्तार र व्यक्तिगत क्षमता अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास कम्पनीले लिएको छ।

मासिक किस्तामा नबिल बैंकले सुन कर्जा दिने

काठमाडौं/ नबिल बैंकले मासिक किस्ताबन्दीमा सुन कर्जा दिने भएको छ। बैंकले 'नबिल ढुक्क सुन खरिद कर्जा' योजनाअन्तर्गत ग्राहकलाई यो सुविधा दिने भएको हो। सुन कर्जामा आकर्षक ब्याजदर, किस्ताबन्दी सुविधा र निःशुल्क बिमा सुरक्षा उपलब्ध हुने बताइएको छ।



बैंकका अनुसार बैंकमा दर्ता भएका गहना व्यापारीहरूको नेटवर्कमार्फत डिजाइन गरिएको सुविधाजनक ऋण सुविधा हो। गहनाको उचित मूल्यको ७० प्रतिशतसम्म फाइनान्सिङसहित ग्राहकले सस्तो किस्ताबन्दीमा आफूले चाहेअनुसार सुन खरिद गर्न सक्नेछन्। खरिद गरिएको सुन धितोका रूपमा राखिने र पूर्ण भुक्तानीपछि फिर्ता गरिने बताइएको छ। १० लाखसम्मको ऋण १० वर्षको भुक्तानी विकल्पसहित उपलब्ध हुनेछ। यो सेवा अहिले उपत्यकाभित्र न्युरोड, कोटेश्वरमा र उत्यकाबाहिर योगीकुटी, बुटवल, चिप्लेढुंगा, नेपालगन्ज र नारायणगढ शाखाबाट पाइनेछ।

यामाहाले मनायो 'मायासँग मायाको यात्रा' उत्सव



काठमाडौं/ यामाहा नेपालले भ्यालेन्टाइन सप्ताह अभियान 'मायासँग मायाको यात्रा'मार्फत उत्सव मनाएको छ। यस अभियानले प्रेमको भावनालाई उत्सवका रूपमा मनाउँदै यामाहाको ग्राहककेन्द्रित सोच र देशव्यापी उपस्थितिलाई बलियो बनाएको कम्पनीको दाबी छ।

कम्पनीले भ्यालेन्टाइन सप्ताहका दौरान नयाँ यामाहा मोटरसाइकल वा स्कुटर खरिद गर्ने प्रत्येक ग्राहकलाई यामाहाको तर्फबाट 'कस्टमाइज्ड' चकलेट प्रदान गरिएको थियो। साथै, सोरुमहरूमा भ्यालेन्टाइन थिमका कार्यक्रम आयोजना गरी ग्राहकलाई विशेष महसुस गराउने प्रयास गरिएको पनि कम्पनीले जनाएको छ। अभियानमा राष्ट्रव्यापी फोटोबुथ प्रतियोगिता सञ्चालनसमेत गरिएको थियो। देशभरबाट प्राप्त फोटोबुथमध्ये प्रत्येक प्रदेशबाट एक-एकजना विजेता बनेका थिए।

प्रदेशगत विजेतामा बागमतीका विशाल माझी, कोशीकी चन्दा श्रेष्ठ बस्नेत, मधेशकी सीताकुमारी तामाङ, लुम्बिनीका अब्दुल अजिज खान पठान, सुदूरपश्चिम सालिभान बोहरा, कर्णालीकी अनिता रास्कोटी र गण्डकीका अशोककुमार दर्जी रहेका छन्। यसैगरी, कुमारीपाटीका देवराज स्याङ्बोले ग्रान्ड प्राइज जितेको कम्पनीले जनाएको छ।

एमएडब्लू राइड्स प्रालिअन्तर्गत सञ्चालित यामाहा नेपाल इनोभेसन, उत्कृष्ट प्रदर्शन र भरपर्दोपनको क्षेत्रमा अग्रणी ब्रान्ड हो। कम्पनीले नेपाली ग्राहकलाई जापानी प्रविधि र आकर्षक डिजाइनको संयोजन भएका विश्वस्तरीय दुईपांग्रे सवारीसाधन उपलब्ध गराउँदै आएको छ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८२/११/१०)

यस बैंक(साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुत्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्वद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति	तपशिल	बोलपत्र खोलिने मिति
२०८२/११/२५		२०८२/११/२६ दिउँसो ३ बजे

क्र.सं	ऋणी/प्रोप्राइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१	**ऋणीहरु : क) जि.टि.एच.ईण्डष्ट्रिज प्रा.लि. (विविध कर्जा)** दर्ता नं. : ११७४८७/०७०/०७१, ठेगाना : कुटुञ्जे ८, सूर्यविनायक भक्तपुर **ख) गुप्ता ट्रेडिङ्ग हाउस (विविध कर्जा)** प्रा.फ.र.नं. : ६११४३/०५९/६०, ठेगाना : का.म.न.पा. १२, काठमाडौं **ग) जि.टि.एच.प्लाष्टो इण्डष्ट्रिज प्रा.लि.(विविध कर्जा)** दर्ता नं. : २०५३४७/०७५/०७६, ठेगाना : चन्द्रागिरी ४, काठमाडौं **ऋण प्रवाह गर्ने शाखा : कालिमाटी** **शेयरधनी/प्रोप्राईटर व्यक्तिगत जमानीकर्ताहरु** **१. बिकास गुप्ता-शेयरधनी/प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.६४७६/१६२२३, मिति २०५९/०२/२९ मा जि.प्र.का.काठमाडौंबाट जारी भएको), बाबु : श्याम सुन्दर गुप्ता, बाजे : महावीर प्रसाद गुप्ता **२. श्याम सुन्दर गुप्ता-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ५१४२/६४०३, मिति २०३४/०३/२८ मा जि.प्र.का.काठमाडौंबाट जारी भएको) बाबु : महावीर प्रसाद गुता, बाजे : चुन्निलाल गुप्ता	१. जि.टि.एच.ईण्डष्ट्रिज प्रा.लि.को नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, थानकोट गा.वि.स./न.पा. वडा नं. १(घ) स्थित कि.नं.४९८(१-०-०-० रोपनी), कि.नं.४९९(०-१४-२-० रोपनी), कि.नं. ४९७(१-०-०-० रोपनी) र कि.नं. ४९६(१-०-२-० रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २. शोभा देवी गुप्ताको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १२ स्थित कि.नं. ३४२(१९०.७४ व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। ३. शोभा देवी गुप्ताकाको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २५ स्थित सुरज आर्केडको भुई तल्लाको पसल सटर (१२२.६७ व.मि.) क्षेत्रफल तथा सोमा जडान वत्ति लगायत सम्पूर्ण लिगलिगापात समेत। ४. ऋणीले बैंकको नाममा हाइपोथिकेशन पारित गरिदिएको ऋणीको मालसामान, स्टक मौज्दात (पलास्टीक नोब, बाइक ह्यान्डल कभर, मिक्सर ग्रिन्डर पार्टस, ग्लास ग्यास स्टोभ, मिनी गोल्ड ग्लास स्टोभ) तथा प्लान्ट एण्ड मेसिनरी र पलास्टीक सम्बन्धी अन्य विविध सामानहरु। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय कालीमाटी, काठमाडौं/सम्बन्धीत मालपोत नजिकको शाखा

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैक आफैले सकार गर्दा समेत साविकमा वैकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

नोट :

क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं/सम्बन्धीत शाखाबाट रु १०००/- तिरी लिन सकिनेछ।

ख) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि : शर्त लागु हुनेछ।

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/११/१० गते

यस माछापुच्छ्रे बैंक लि. स्वयंभु शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा व्याज, थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले पैतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना

१. नारायण देव कुंवर राणा ना.प्र.नं. २१९३९, जि.प्र.का. ललितपुर जारी मिति : २०४३/०७/२० बाबु : कृष्ण बलदेव कुवँर राणा बाजे : मानदेव कुवँर राणा ठेगाना : ललितपुर जिल्ला, ठैव वडा नं. ९	**२. ऋषभ कुँवर राणा** ना.प्र.नं. २८-०१-७२-००६२२, जि.प्र.का. ललितपुर जारी मिति : २०७२/०३/०१ बाबु : नारायण देव कुँवर राणा बाजे : कृष्ण बलदेव कुवँर राणा ठेगाना : ललितपुर जिल्ला, गोदावरी वडा नं. १२
३. सन्ध्या कुँवर राणा ना.प्र.नं. २८-०१-०६५-०१०९४, जि.प्र.का. ललितपुर, जारी मिति : २०६५/०३/०९ बाबु : गंगा सिं शाही, पति : नारायण देव कुँवर राणा, ससुरा : कृष्ण बलदेव कुवँर राणा ठेगाना : ललितपुर जिल्ला, ठैव वडा नं. ९	

ऋणी १ को लागि व्यक्तिगत जमानतकर्ताहरु

१. भानु देवी कुँवर ना.प्र.नं. ४४३१/०३९/४०, जि.प्र.का. ललितपुर जारी मिति : २०४०/०३/०५ बाबु : देवी सिंह हमाल पति : कृष्ण बल्देव कुवँर राणा, ससुरा : मानदेव कुवँर राणा ठेगाना : ललितपुर जिल्ला, गोदावरी वडा नं. १४	**२. ऋषभ कुँवर राणा** ना.प्र.नं. २८-०१-७२-००६२२, जि.प्र.का. ललितपुर जारी मिति : २०७२/०३/०१ बाबु : नारायण देव कुँवर राणा बाजे : कृष्ण बल्देव कुवँर राणा ठेगाना : ललितपुर जिल्ला, गोदावरी वडा नं. १२
३. सन्ध्या कुँवर राणा ना.प्र.नं. २८-०१-०६५-०१०९४, जि.प्र.का. ललितपुर, जारी मिति : २०६५/०३/०९ बाबु : गंगा सिं शाही, पति : नारायण देव कुँवर राणा, ससुरा : कृष्ण बलदेव कुवँर राणा ठेगाना : ललितपुर जिल्ला, ठैव वडा नं. ९	

ऋणी २ को लागि व्यक्तिगत जमानतकर्ताहरु

१. भानु देवी कुँवर ना.प्र.नं. ४४३१/०३९/४०, जि.प्र.का. ललितपुर जारी मिति : २०४०/०३/०५ बाबु : देवी सिंह हमाल पति : कृष्ण बल्देव कुवँर राणा, ससुरा : मानदेव कुवँर राणा ठेगाना : ललितपुर जिल्ला, गोदावरी वडा नं. १४	**२. सन्ध्या कुँवर राणा** ना.प्र.नं. २८-०१-०६५-०१०९४ जि.प्र.का. ललितपुर, जारी मिति : २०६५/०३/०९ बाबु : गंगा सिं शाही, पति : नारायण देव कुँवर राणा, ससुरा : कृष्ण बलदेव कुवँर राणा ठेगाना : ललितपुर जिल्ला, ठैव वडा नं. ९
३. नारायण देव कुँवर राणा ना.प्र.नं. २१९३९, जि.प्र.का. ललितपुर, जारी मिति : २०४३/०७/२० बाबु : कृष्ण बलदेव कुवँर राणा, बाजे : मानदेव कुवँर राणा ठेगाना : ललितपुर जिल्ला, ठैव वडा नं. ९	

ऋणी ३ को लागि व्यक्तिगत जमानतकर्ताहरु

१. भानु देवी कुँवर ना.प्र.नं. ४४३१/०३९/४०, जि.प्र.का. ललितपुर जारी मिति : २०४०/०३/०५ बाबु : देवी सिंह हमाल पति : कृष्ण बल्देव कुवँर राणा, ससुरा : मानदेव कुवँर राणा ठेगाना : ललितपुर जिल्ला, गोदावरी वडा नं. १४	**२. नारायण देव कुँवर राणा** ना.प्र.नं. २१९३९, जि.प्र.का. ललितपुर जारी मिति : २०४३/०७/२० बाबु : कृष्ण बलदेव कुवँर राणा बाजे : मानदेव कुवँर राणा ठेगाना : ललितपुर जिल्ला, ठैव वडा नं. ९
३. ऋषभ कुँवर राणा ना.प्र.नं. २८-०१-७२-००६२२, जि.प्र.का. ललितपुर, जारी मिति : २०७२/०३/०१ बाबु : नारायण देव कुँवर राणा, बाजे : कृष्ण बलदेव कुवँर राणा ठेगाना : ललितपुर जिल्ला, गोदावरी वडा नं. १२	

धितोमा रहेको सम्पतिको विवरण

मानदेव कुवँर राणाको बुहारी, कृष्ण बल्देव कुवँर राणाको पत्नी, ललितपुर जिल्ला, गोदावरी वडा नं. १४ बस्ने भानु देवी कुँवरको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता कायम भएको ललितपुर जिल्ला, ठैव गा.वि.स./न.पा. वडा नं. ८ सिट नं. ८ क स्थित कि.नं. ३३० को क्षेत्रफल १-०-२-० (रोपनी) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापातहरु समेत।

(माथि उल्लेखित सम्पत्ति ऋणीहरु नारायण देव कुँवर राणा, सन्ध्या कुँवर राणा र ऋषभ कुँवर राणाको कर्जाको लागि धितोबन्धकी पारित भई रोक्का रहेको)।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, स्वयंभु

■ आइसिसी पुरुष टी-२० विश्वकप २०२६

अपराजित भारत र दक्षिण अफ्रिका आज भिड्दै



मुम्बई / भारत र दक्षिण अफ्रिकाले आइतबार सुपर ८ अन्तर्गत समूह 'ए' को पहिलो खेलमा प्रतिस्पर्धा गर्दै छन् । अहमदाबादको रंगशालामा दक्षिण अफ्रिकासमक्ष गत संस्करणको फाइनलमा भारतसँग हारको बदला लिने अवसर छ । सन् २०२४ को टी-२० विश्वकपमा दक्षिण अफ्रिका झिनो रन अन्तरले पराजित भएको थियो । भारत र दक्षिण अफ्रिका आ-आफ्नो समूहमा अपराजित रहँदै सर्वाधिक आठ अंक जोडेर सुपर ८ को स्थान पक्का गरेका थिए ।

पछिल्लो पाँच टी-२० आई भिडन्तमा भारतले दक्षिण अफ्रिकालाई ३-१ ले पाखा लगाएको छ । गत १७ डिसेम्बरमा यी दुई टोलीबिचको खेल वर्षाका कारण रद्द भएको थियो । चालू विश्वकपमा दक्षिण अफ्रिका र भारत उत्कृष्ट फर्ममा छन् । दुवैका बलर र ब्याट्सम्यान लयमा छन् । यस्तो अवस्थामा विश्वकै धेरै दर्शक अटाउने रंगशालामा यी दुई राष्ट्रबिचको खेल रोमाञ्चक हुने अपेक्षा छ । भारतको मुख्य समस्या नै ब्याटिङ अलराउन्डर अभिषेक शर्मा खराब फर्ममा रहनु हो ।

उनी लगातार तीन खेलमा डकआउट भएका थिए । जसकारण भारतको ओपनिङ गतिलो हुन सकिरहेको छैन । कप्तान सूर्यकुमार यादव, अक्षर पटेल, शिवम दुबे, हार्दिक पान्ड्या र तिलक बर्माले मध्यक्रम ब्याटिङ सम्हालिरहेका छन् । बलिङमा स्ट्राइक बलर जस्प्रित बुमराहलाई कुलदीप यादवले गतिलो साथ दिइरहेका छन् । यसैगरी, अर्सदीप सिंहलाई मोहमद सिरिजाले साथ पाएका छन् । ब्याटिङ र बलिङमा बलियो देखिएको भारतले घरेलु मैदानमा दक्षिण अफ्रिकामाथि दबाब राख्न सक्ने अवस्था छ ।

ब्याटिङ र बलिङमा बलियो दक्षिण अफ्रिका

दक्षिण अफ्रिकाको पनि मुख्य विशेषता नै ब्याटिङ र बलिङ हो । अझ उनीहरूको अर्को बलियो पक्ष फिल्डिङ हो । तर, निर्णायक क्षणमा चुक्न दक्षिण अफ्रिकाको कमजोरी पक्ष रहेको छ । कप्तान एडेन मार्क्राम र क्विन्टन डी कक फर्ममा छन् । चालू विश्वकपको समूह चरणमा यी दुवैले आ-आफ्नो भूमिका निर्वाह गर्दै टोलीलाई जित दिलाएका थिए ।

विकेट किपरसमेत रहेका क्विन्टनले अफगानिसतानसँगको खेलमा सर्वाधिक ५९ रनको योगदान दिएका थिए । उनले अहिलेसम्म दुई क्याच लिएका छन् । कप्तान मार्क्रामले न्युजिल्यान्डविरुद्धको महत्त्वपूर्ण प्रतिस्पर्धामा सर्वाधिक ८६ रनको नटआउट योगदान दिए । समूह चरणमा दुई खेलमा बलिङ गरेका उनले विकेट लिन सकेनन् । दक्षिण अफ्रिकाका सिमर र स्पिनर राम्रा छन् ।

इंग्ल्यान्डविरुद्ध श्रीलंकालाई घरेलु मैदानको फाइदा

सुपर ८ अन्तर्गत समूह २ मा पूर्वविजेताहरू इंग्ल्यान्ड र श्रीलंकाले आइतबार प्रतिस्पर्धा गर्दै छन् । श्रीलंकाले घरेलु मैदानको फाइदा लिन सक्छ । इंग्ल्यान्ड समूह 'सी'को विजेता र श्रीलंका समूह 'बी'को उपविजेता बनेको टोली हो । समूह चरणमा इंग्ल्यान्डले एक खेलमा मात्र चुनौती पाएको थियो । एसोसिएट राष्ट्र नेपालबाट कडा चुनौती सामना गरेको थियो । सो खेलमा इंग्ल्यान्डले नेपाललाई चार रनले हराएको थियो । अरू खेलमा इंग्ल्यान्डले सहजै विपक्षीलाई पाखा लगायो । श्रीलंका भने समूह चरणमा जिम्बाबेबाट अप्रत्याशित रूपमा पराजित भयो । यही हारले श्रीलंका समूहको उपविजेता बनेको हो । श्रीलंकाले अस्ट्रेलियाविरुद्ध सानदार जित निकाल्यो । ब्याटिङ र बलिङमा दुवै टोली राम्रा छन् ।

डिजिटल दर्शक संख्यामा नयाँ रेकर्ड

आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत समूह 'ए' को भारत-पाकिस्तानबिचको हाइभोल्टेज प्रतिस्पर्धाले डिजिटल दर्शक संख्याका सबै पुराना कीर्तिमान तोडेको छ । डिजिटल माध्यममा यस खेल १६.३ करोड प्रयोगकर्ताले हेरेको आइसिसीले जनाएको छ । टी-२० फर्म्याटमा कुनै पनि अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) प्रतियोगिताको एकै खेलका लागि सबैभन्दा बढी पहुँच हो । गत १५ फेब्रुअरीमा कोलम्बोस्थित प्रेमादासा रंगशालामा भारत र पाकिस्तानबिच खेल भएको थियो । जुन खेलमा भारतले पाकिस्तानलाई फराकिलोअन्तरले पराजित गरेको थियो । यस खेललाई कुल २० अर्ब मिनेट हेरिएको जनाइएको छ । खेलले डिजिटल माध्यममा सन् २०२४ को टी- २० विश्वकप फाइनल खेललाई समेत पछि पारेको छ । दुई वर्षअघि भारत र दक्षिण अफ्रिकाबिच फाइनल भएको थियो । मोबाइलमा यो खेल लिग चरणकै सबैभन्दा बढी हेरिएको प्रतिस्पर्धा बनेको छ । सबै माध्यम जोड्दा कुल २० अर्ब मिनेट हेर्ने समय अभिलेख बनेको छ । सन् २०२४ को भारत-पाकिस्तान खेलको तुलनामा पनि डिजिटल पहुँचमा ५६ प्रतिशत वृद्धि भएको छ ।

अपराजित चार टोली एउटै समूहमा

टी-२० विश्वकपअन्तर्गत सुपर ८ मा समूह चरणका अपराजित टोलीहरू एकै समूहमा छन् । सुपर ८ को समूह १ मा भारत, दक्षिण अफ्रिका, वेस्ट इन्डिज र जिम्बाब्वे रहेका छन् । रमाइलो पक्ष के छ भने यी चारै टोली आआफ्नो समूहका अपराजित हुन् । उनीहरूले एक खेल पनि गुमाएका छैनन् । समूह 'ए' मा भारत, समूह 'बी'मा जिम्बाबे, समूह 'सी' मा इंग्ल्यान्ड र समूह 'डी'मा दक्षिण अफ्रिकाले कुनै पनि खेल गुमाएका थिएन । भारतले समूह चरणमा पाकिस्तानलाई सहजै हराएको थियो । जिम्बाबेले अप्रत्याशित नतिजा निकाल्ने क्रममा श्रीलंका र अस्ट्रेलियालाई हराएको थियो । वेस्ट इन्डिजले इंग्ल्यान्डलाई पाखा लगाएको थियो । दक्षिण अफ्रिकाले आफ्नो समूहमा न्युजिल्यान्डलाई हराउँदै अपराजित यात्रा तय गरेको थियो ।



प्लेयर्स टु वाच

▶ ईशान किसन (भारत)



भारतका ओपनर ईशान अहिले उत्कृष्ट फर्ममा छन् । समूह 'ए' को चारै खेलमा उनले ब्याटिङमा विपक्षी बलरलाई दबाब राखेका थिए । आक्रामक रूपमा प्रस्तुत हुने उनले लगातार दुई खेलमा अर्धशतकीय इनिङ्स खेलेका थिए । एसोसिएट राष्ट्र नामिबियाविरुद्ध ६१ रन जोडेका ईशानले पाकिस्तानसँगको खेलमा ७७ रनको उत्कृष्ट योगदान दिएका थिए । अमेरिका र नेदरल्यान्ड्सका बलरसामु उनी चल्न सकेनन् । नेदरल्यान्ड्सविरुद्ध १८ रन जोडेका उनले अमेरिकासँगको प्रतिस्पर्धामा २० रन जोडेका थिए ।

▶ एडेन मार्क्रान (द.अफ्रिका)



सामान्य गरी एडेनको ब्याटिङ पोसेसन पाँचौं स्थान हो । तर, चालू विश्वकपमा उनले ओपनिङ गरी दक्षिण अफ्रिकालाई सानदार सुरुवात दिलाए । ओपनरका रूपमा उनले १७० को स्ट्राइकमा ब्याटिङ गरेको देखिन्छ । पछिल्लोपटक अहमदाबाद रंगशालामा उनले राम्रो ब्याटिङ गरेका थिए । समूह चरणमा उनले न्युजिल्यान्डसँगको खेलमा ८६ रन जोड्दै महत्त्वपूर्ण दुई अंक दिलाएका थिए । प्रतियोगितामा दुईपटक पार्टटाइम बलरका रूपमा देखिँदा विकेटविहीन रहे । भारतविरुद्ध उनको ब्याटिङ हेर्नलायक हुन सक्छ ।

▶ पाथुम निसांका (श्रीलंका)



श्रीलंका सुपर ८ मा पुग्नुको पछाडि अस्ट्रेलियाविरुद्धको जित रह्यो । अस्ट्रेलियाविरुद्ध पाथुम निसांकाले शतकीय इनिङ्स खेलेका थिए । आकर्षक स्ट्रोक लगाउन माहिर मानिने पाथुमले अस्ट्रेलियन विश्वस्तरीय बलरमाथि दबाब राखे । जिम्बाबेसँग पराजित भएको खेलमा उनले ६२ रन जोडेका थिए । समूह चरणमा उनले ओमान र आयरल्यान्डसँग गतिलो रन बनाउन सकेनन् । तर, पछिल्लो दुई खेलदेखि उनी फर्ममा छन् । यसको फाइदा घरेलु टोली श्रीलंकाले लिनेछ ।

▶ जोफ्रा आर्चर (इंग्ल्यान्ड)



इंग्ल्यान्डको स्ट्राइक बलरका रूपमा आर्चर नै हुन् । समूह चरणमा उनले उत्कृष्ट स्पेल गर्न सकेनन् । तर, उनी कुनै पनि खेलमा विकेटविहीन भने भएनन् । नेपालसँगको खेलमा खर्चिलो देखिए पनि आर्चरले एक विकेट हात पारे । इटाली र स्कटल्यान्डसँगको खेलमा समान दुई विकेट हात पारे पनि आर्चरको इकोनोमी राम्रो रहेन । आर्चरको विशेषतः महत्त्वपूर्ण खेलमा राम्रो बलिङ गर्नु हो । विशेष गरी अन्तिम स्पेलतिर उनी प्रभावशाली बन्न सक्छन् ।

सुपर ८ अंक तालिका

समूह '२'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
न्युजिल्यान्ड	१	०	०	१	०.००
पाकिस्तान	१	०	०	१	०.००

आजका खेल

श्रीलंका — राति ३:१५ बजे — इंग्ल्यान्ड

भारत — राति ७:१५ बजे — द. अफ्रिका

१२ वर्षपछि सहाराले चुम्यो आहारारा गोल्डकप उपाधि



कास्कीमा रोहितराज पराजुली

आयोजक सहारा क्लबले १२ वर्षपछि मोफसलको प्रतिष्ठित आहारारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको उपाधि चुमेको छ । पोखरा रंगशालामा शनिबार २५औं संस्करणको उपाधि भिडन्तमा सहारा क्लबले जावलाखेल युथ क्लबलाई २-० ले हराउँदै ट्रफी उचालेको हो । च्याम्पियन बनेको सहाराले १४ लाख एक हजार हात पारेको छ । उपविजेता जावलाखेलले सात लाख एक हजार रुपैयाँ जित्यो । सहाराले अन्तिमपटक २०७० मा पहिलोपटक उपाधि जितेको थियो ।

सहारालाई च्याम्पियन बनाउने क्रममा खेलको २५औं मिनेटमा स्ट्राइकर मुकुन्दकुमार निउरेले १-० को अग्रता दिलाएका थिए । उनले सुशील लामाको कर्नरमा उत्कृष्ट हेडिङ गोल गरेका थिए । पहिलो हाफमा सहराले जावलाखेलको डिफेन्स थप तोड्न सकेन ।द्द दोस्रो हाफमा जावलाखेलले सहारालाई पुनः डिफेन्स बलियो बनाउँदै दबाबमा राखेको थियो । तर, खेलको ७३औं मिनेटमा सहाराका विदेशी खेलाडी टाय डिनियलले हेडिङ गोल गरी २-० को अग्रता दिलाए । खेलमा थप गोल भएन । यसअघि सहाराले प्रिक्वार्टर फाइनलमा पाहुना टोली गोर्खा इन्टरनेसनल फुटबल क्लब हङकङलाई १-० ले हराएको थियो । सहाराले क्वार्टर फाइनलमा नेपाल पुलिस क्लबलाई स्तब्ध बनायो । फाइनल प्रवेश खेलमा मोसफलको गोल्डकप फुटबल प्रतियोगिताकै सर्वाधिक सफल क्लब मनाङ मर्स्याङ्दी क्लबलाई सडन डेथमा हरायो । जावलाखेलले प्रिक्वार्टर फाइनलमा मच्छिन्द्र फुटबल क्लबलाई २-० ले पाखा लगाएको थियो । 'ए' डिभिजन च्याम्पियन चर्च ब्वाइज युनाइटेड क्लबमाथि ३-० को जित निकाली सहाराले सेमिफाइनला स्थान पक्का गऱ्यो । सेमिफाइनलमा पहुना टोली उज्वेकिस्तानको आभा फुटबल क्लबलाई १-० ले पराजित गरी जावलाखेलले सहाराविरुद्धको फाइनल खेल पक्का गऱ्यो ।

मुकुन्दकुमार उत्कृष्ट खेलाडी

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीको उपाधि सहाराका मुकुन्दकुमार निउरे भए । उनले एक थान इलेक्ट्रिक स्कुटर पाएका छन् । यसैगरी, उत्कृष्ट डिफेन्डर सहाराका बादारु घोषित, सर्वाधिक गोलकर्ता प्लानिङ ब्वाइजका पापा आइबोउ केबे, उदीयमान खेलाडी सहाराका मुकुन्दकुमार निउरे, स्ट्राइकर जावलाखेलका धर्वेन्द कुँवर र गोलरक्षकमा सहाराका टीकेन्द्र थापा उत्कृष्ट भए । यसैगरी, मिडफिल्डरमा जावलाखेलका बाउबकर सिसिको, प्रशिक्षक सहाराका सुनील रानामगर र 'फेयर प्ले अवार्ड आभा फुटबल क्लब उज्वेकिस्तानले पाएको आयोजकले जनाएको छ । उनीहरूले जनही २५ हजार रुपैयाँ पाए ।

एपिएफले जित्यो एन्फा महिला च्याम्पियनसिप



उदयपुर / एपिएफले थारुहट रंगशालामा शनिबार एन्फा महिला च्याम्पियनसिप २०८२ को उपाधि जितेको छ । रोमाञ्चक फाइनलमा एपिएफले चिरप्रतिद्वन्द्वी त्रिभुवन आर्मी क्लब लाई २-१ गोलअन्तरले पराजित गर्दै उपाधि उचालेको हो । पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो । खेलको ५५औं मिनेटमा गीता रानाले एपिएफलाई १-० को अग्रता दिलाइन् । खेलको ६८औं मिनेटमा रेनुका नगरकोटीले एपिएफलाई २-० को अग्रता दिलाइन् ।

आर्मीले ७२औं मिनेटमा २-१ का लागि गोल फर्कायो । जेनिफर रानामगरले आर्मीलाई २-१ को गोलअन्तरमा पुऱ्याएकी हुन् । फाइनलमा उत्कृष्ट प्रदर्शन गरेकी गीता राना 'प्लेयर अफ द म्याच' घोषित भइन् । उपाधिसँगै एपिएफले ७ लाख ५० हजार र उपविजेता आर्मीले पाँच लाख रुपैयाँ हात पारेको छ । प्रतियोगितामा १० महिला टोली सहभागी थिए । पछिल्लो डेढ वर्षमा आर्मी र एपिएफबिच नौपटक प्रतिस्पर्धा भएको रेकर्ड छ ।

■ सुपर ८ को पहिलो खेल रद्द



एजेन्सी / पाकिस्तान र न्युजिल्यान्डबिचको शनिबार टी-२० विश्वकपअन्तर्गत सुपर ८ को पहिलो खेल वर्षा कारण रद्द भएको छ । कोलम्बोको प्रेमादासा रंगशालामा वर्षा रोकिँदा पाकिस्तानले टस जितेर बलिङ गर्ने निर्णय गरेको थियो । फेरि वर्षा भएपछि म्याच रेफ्रीले खेल रद्द गरी दुवै टोलीलाई समान एक अंक प्रदान गरे । निर्धारित समयभन्दा डेढ घन्टापछि पनि वर्षा नरोकिएपछि रेफ्रीले पाकिस्तान र न्युजिल्यान्डलाई अंक बाँडेका हुन् । अंक बुटले पनि दुवै टोलीलाई सेमिफाइनल स्थान बनाउन कठिन देखिएको छ । आगामी खेलमा उनीहरूले शतप्रतिशत नतिजा निकाल्नुपर्छ । दुवैले इंग्ल्यान्ड र श्रीलंकासँग खेल्नुपर्छ । पाकिस्तान समूह 'ए' र न्युजिल्यान्ड समूह 'डी'को उपविजेताका रूपमा सुपर ८ मा स्थान बनाएका हुन् । पाकिस्तानले एकपटक विश्वकप उचालेको छ । न्युजिल्यान्डले अहिलेसम्म टी-२० विश्वकप ट्रफी जितेको छैन ।

■ जय ट्रफी इलिट

एपिएफको सहज जित

बागमती प्रदेशमाथि आठ विकेटको जित निकाल्दा एपिएफका कप्तान रोहित पौडेलले दोस्रो इनिङ्स ५६ रन बनाउनुका साथै दुई विकेट लिए

नयाँ पत्रिका

कप्तान रोहितकुमार पौडेल र आसिफ सेखले अर्धशतकी इनिङ्सको योगदानमा शनिबार एपिएफले जय ट्रफी पुरुष इलिट द्विदिवसीय क्रिकेटमा बागमती प्रदेशलाई आठ विकेटले हराएको छ । मूलपानी क्रिकेट मैदानमा प्रतिस्पर्धाको दोस्रो दिन शनिबार एक सय ३७ रनको लक्ष्य एपिएफले दोस्रो इनिङ्समा २१.२ ओभरमा दुई विकेट गुमाएर पूरा गरेको थियो । जितसँगै एपिएफले २६.५ र बागमतीले १२ अंक जोडेका छन् ।

एपिएफको जितमा कप्तान रोहितले ५६ रनको नटआउट योगदान दिए । आसिफले ५९ बलमा ५९ रन बनाएका थिए । म्यान अफ दी म्याच रोहितले पहिलो इनिङ्समा ८७ रन तथा दुई विकेट लिएका थिए । उनले दोस्रो इनिङ्समा २८ रन खर्चेर दुई विकेट हात पारेका थिए । उनले दोस्रो इनिङ्समा ४३ बलमा सात चौका र दुई छक्का प्रहार गरेका थिए । एपिएफका लागि लोकेश बमले विजयी चौका प्रहार गरेका थिए ।

यसअघि बागमतीले पहिलो इनिङ्स २०७-९ को स्थितिमा समाप्त गरेको थियो । प्रत्युत्तरमा एपिएफले पहिलो इनिङ्समा सबै विकेट गुमाएर २३९ रन बनाएको थियो । दोस्रो इनिङ्समा बागमती १६८ रनमै अलआउट हुँदा एपिएफले १३७ रनको सहज लक्ष्य प्राप्त गऱ्यो ।

बागमती शुक्रबार पहिलो दिनको समाप्तिमा ३१ रनले पछाडि रहेको थियो । बागमतीले शनिबार त्यही अवस्थाबाट ब्याटिङ थालेको गऱ्यो । बागमतीका लागि दोस्रो इनिङमा कप्तान ईशान पान्डेले सर्वाधिक ८४ रनको योगदान दिए । उनले १०७ बलमा १२ चौका र दुई छक्का प्रहार गरेका थिए । यसैगरी, शुभ कंसाकारले २६ रन र आशुतोष घिरैयाले २१ रन बनाए ।

इर्सादको पाँच विकेट

बागमतीको दोस्रो इनिङ्स कमजोर हुनुपछाडि एपिएफका इर्साद अहमदले घातक बलिङ गरेका थिए । उनले सर्वाधिक पाँच विकेट हात पारे । इर्सादले पहिलो इनिङ्समा तीन विकेट लिएका थिए । एपिएफका अभिशेष गौतम र रोहित पौडेलले दोस्रो इनिङ्समा समान दुई विकेट लिए । एपिएफ पहिलो इनिङ्समा ४९.२ ओभरमा दुई सय ३९ रनमा अलआउट हुँदै ३२ रनको अग्रता लिएको थियो । बागमतीका लागि रिजनले तीन विकेट हात पारे ।

पुलिसमाथि आर्मी नौ विकेटले विजयी

अर्को खेलमा त्रिभुवन आर्मी क्लबले जय ट्रफी क्रिकेटमा साबिक विजेता नेपाल पुलिस क्लबलाई नौ विकेट हराएको छ । पुलिसले आर्मीलाई जितका लागि झिनो ४२ रनको लक्ष्य दिएको थियो । आर्मीले ५.१ ओभरमा एक विकेटको क्षतिमा जित निकाल्यो । जितसँगै आर्मीले २४ र पुलिसले १० अंक जोडेको छ ।

आर्मीको जितमा कुशल मल्लले २४ बलमा ४२ रनको योगदान दिएका थिए । उनले ६ चौका र दुई छक्का प्रहार गरेका थिए । पहिलो इनिङ्समा पुलिसले १८७-८ को स्थितिमा समाप्त गरेको थियो । प्रत्युत्तरमा आर्मीले २३४-९ को अवस्थामा इनिङ्स समाप्त गरी ४७ रनको अग्रता लियो । पुलिस दोस्रो इनिङ्समा ३८.२ ओभरमा ८८ रनमा अलआउट हुँदा पुलिसले जितका लागि ४२ रनको लक्ष्य पायो ।

आर्मीका बसिर अहमदले नौ ओभरमा १६ रन खर्चेर चार विकेट लिए । कुशल मल्लले चार ओभरमा तीन विकेट लिन पाँच रन खर्चिएका थिए । पुलिस ८८ रनमा अलआउट भएपछि ४१ रनको अग्रता बनाएको थियो । पुलिसका लागि कुशल भुर्तेलले सर्वाधिक ४८ रन बनाए । आर्मीको दोस्रो इनिङ्समा भीम सार्की १०५ रनको शतकीय योगदान दिएका थिए । उनले एक सय १३ बलमा १४ चौका र एक छक्का प्रहार गरेका थिए । पुलिसका लागि सागर ढकालले ६ विकेट लिएका थिए ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com